# अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

पाठ्यक्रमद्वारा निर्दिष्ट गरिएका उद्देश्य र विषयवस्तु प्रस्तुत गर्ने एउटा महत्त्वपूर्ण साधनका रूपमा पाठ्यपुस्तक रहेको हुन्छ । पाठ्यपुस्तक भनेको शिक्षण सिकाइको विस्तृत योजनालाई कार्यरूप दिनका लागि तयार पारिएको विषयवस्तुको विस्तारित रूप हो । पाठ्यक्रमले निर्धारण गरेका पाठघण्टी, शिक्षण विधि तथा मूल्याङ्कनका आधारहरू समेतलाई ध्यानमा राखी शिक्षक र विद्यार्थीलाई शैक्षणिक क्रियाकलापमा संलग्न गराउन प्रयोग गरिने पाठ्यसामग्री नै पाठ्यपुस्तक हो । पाठ्यक्रमले तोकेका उद्देश्य परिपूर्ति गर्न शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि सहयोग पुऱ्याउने हेतुले पाठ्यपुस्तक तयार गरिएको हुन्छ । यो विद्यार्थीको तह, स्तर, क्षमता, आवश्यकता आदिलाई ध्यान दिएर निर्माण गरिन्छ । पाठ्यक्रमद्वारा अपेक्षित उद्देश्य परिपूर्तिका लागि शिक्षक र विद्यार्थी दुबैलाई मार्ग निर्देश गर्ने सहयोगी सामग्रीका रूपमा पाठ्यपुस्तकलाई लिइन्छ । त्यसैले पाठ्यपुस्तक मूलतः पाठ्यक्रमद्वारा निर्देशित हुन्छ । विभिन्न विषयवस्तुको व्याख्या, उदाहरण, चित्र तथा नमुना अभ्यास समेत दिएर तयार पारिएको क्रियाकलापमुखी पाठ्यसामग्रीका रूपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ ।

नेपाली पाठ्यपुस्तकका सन्दर्भमा भन्नुपर्दा नेपाली भाषा सिकाउने र विद्यार्थीलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता निर्धारित सिपमा सक्षम बनाई ज्ञान र अभिवृत्तिको विकास गर्न तयार पारिएको पुस्तकलाई पाठ्यपुस्तकका रूपमा लिनुपर्दछ । भाषा पाठ्यपुस्तकको उद्देश्य साहित्यिक विषयवस्तु शिक्षण गर्नु नभई भाषिक सिप विकासमा केन्द्रित हुन्छ । प्रयोजनमूलक सामग्रीका रूपमा यसको व्यवस्था गरिएको हुन्छ । भाषा पाठ्यपुस्तक भाषिक विषयवस्तु, भाषिक सिप र व्याकरण तथा शब्दभण्डारको समन्वयात्मक रूप हो ।

भाषिक सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् र यी एक अर्कामा अन्तरसम्बन्धित हुन्छन् । तसर्थ भाषा शिक्षण भनेको भाषिक सिपहरूको शिक्षण हो । यसरी पाठ्यपुस्तकका पाठहरू कसरी शिक्षण गर्ने भनेर पाठका उद्देश्य, शैक्षिक सामग्री, शिक्षण

विधि, शिक्षणसिकाइ क्रियाकलाप, मूल्याङ्कन प्रक्रिया र अभ्यासका लागि प्रश्नहरू समेत दिई निर्माण गरिएको सामग्रीलाई शिक्षक निर्देशिका भनिन्छ । यसले शिक्षण कार्यलाई सरल, सहज र प्रभावकारी बनाउन सहयोग पुऱ्याउनुका साथै शिक्षकलाई व्यवस्थित र योजनाबद्ध ढङ्गले शिक्षण गर्न सहयोग पुऱ्याउँछ । यसको निर्माण पाठ्यपुस्तक अनुरूप गरिन्छ ।

कुनै पनि पाठका लागि लाग्ने अनुमानित पाठ्यघण्टी, विशिष्ट उद्देश्यअनुरूप आवश्यक शैक्षिक सामग्री, उद्देश्य प्राप्त गर्न अपनाउनु पर्ने मूल्याङ्कन प्रक्रिया र नमुना प्रश्नहरू समेत उल्लेख गरी निर्माण गरिएको शिक्षकका लागि अत्यन्त उपयोगी सामग्री शिक्षक निर्देशिका हो । यसले शिक्षकलाई योजनाबद्ध शिक्षण कसरी गर्ने भन्ने निर्देशन प्रदान गर्ने हुनाले शिक्षक शिक्षण कार्यमा अल्मलिनु पर्दैन । साथै निर्देशिकाअनुरूप शिक्षण गर्नाले शिक्षण रुचिकर, प्रभावकारी र सफल बन्नुका साथै अपेक्षित उद्देश्य प्राप्तिका लागि महत्त्वपूर्ण सहयोग पुग्दछ । उचित रूपमा निर्देशिकाको प्रयोग गर्न तथा कक्षा कोठाको वातावरण, रुचि आदिलाई ख्याल गरी नयाँ-नयाँ विधि अपनाउन सकेमा शिक्षण कार्यमा वैज्ञानिकता थपिन्छ । यसले गर्दा तालिम अप्राप्त शिक्षकहरूमा भएको शैक्षणिक अन्योललाई हटाई व्यवस्थित ढङ्गले शिक्षण कार्य अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेल्दछ । यसले हरेक पाठको शिक्षण गर्दा सिपगत सन्तुलन कायम गर्दै शैक्षणिक योजना निर्माण गर्न, व्याकरण शिक्षणलाई पाठहरूसँगै एकीकृत ढङ्गले अगाडि बढाउन र भाषा शिक्षणका सन्दर्भमा महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ ।

शिक्षक निर्देशिकामा एक शैक्षिक सत्रभरी अध्यापन गराइने विषयवस्तु, तिनका उद्देश्य, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, शिक्षण विधि, मूल्याङ्कन प्रविधि, शीर्षकअनुसार नमुना प्रश्नहरू, आवश्यक घण्टी आदि दिइएको हुन्छ । यसरी शिक्षकले कुनकुन दिन कुन कुन पाठ अध्यापन गराउने, यसका लागि के कस्ता शैक्षिक सामग्री प्रयोग गर्ने कुनकुन विधि अपनाउने र मूल्याङ्कन कसरी गर्ने भन्ने कुरा निश्चित गरिएको हुन्छ । तसर्थ परिमार्जित पाठ्यपुस्तक तथा विषयवस्तुअनुरूप समय-समयमा शिक्षक निर्देशिका पनि परिमार्जन गरी यसको सही प्रयोग गर्न सके शिक्षण कार्यलाई प्रभावकारी तथा गुणात्मक बनाउन मद्दत पुऱ्याउन साथै शिक्षक निर्देशिकाले शिक्षकलाई शिक्षण योजना निर्माण गर्न, शिक्षण विधिको छनोट गर्न, क्रियाकलाप चयन गर्न सहज बनाउने काम गर्दछ । नवप्रवेशी, तालिम अप्राप्त तथा तालिम प्राप्त सबै शिक्षकलाई शिक्षणका क्रममा

शिक्षक निर्देशिकाले नै सही मार्ग निर्देश गर्दछ । पाठ्यक्रममा उल्लेखित उद्देश्यअनुरूप तयार गरिएका पाठ्यपुस्तकका विषयवस्तुलाई सिलसिलाबद्ध रोचक तथा प्रभावकारी ढङ्गले प्रस्तुत गर्न निर्माण गरिएका शिक्षक निर्देशिका शिक्षकका लागि अत्यन्त उपयोगी तथा महत्त्वपूर्ण सामग्री मान्न सकिन्छ ।

## १.२ समस्याकथन

देशभर समान किसिमको प्रभावकारी तथा योजनाबद्ध शिक्षण गर्न तालिम अप्राप्त शिक्षकका साथै तालिम प्राप्त शिक्षकका लागि पनि शिक्षक निर्देशिकालाई महत्त्वपूर्ण साधनका रूपमा लिन सकिन्छ । पाठ्यपुस्तकमा रहेका पाठ्यवस्तुहरूलाई योजनाबद्ध रूपमा कक्षामा प्रस्तुत गर्न पाठ्यक्रम विकास केन्द्र सानोठिमीले प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक तथा उच्च माध्यमिक तहसम्म शिक्षक निर्देशिका तयार पारेको देखिन्छ । तयार पारिएका निर्देशिका विविध कारणले शिक्षकसम्म समयमा पुग्न नसक्नु, निर्देशिका प्रयोग सम्बन्धी तालिम दिन नसक्नु साथै प्रयोगको अवस्था कस्तो छ भनेर सम्बन्धित निकायबाट अध्ययन अवलोकन नहुनु र प्रयोग पक्षमा रहेका कमीकमजोरी हटाउने प्रयास नगर्नु यसका कमजोर पक्ष मानिन्छ । यस अध्ययनमा निम्नमाध्यमिक तह कक्षा आठमा नेपाली भाषा अध्ययन अध्यापनका क्रममा निर्देशिकाको प्रयोग भएको छ कि छैन ? प्रयोगको अवस्था कस्तो छ ? निर्देशिकाले नेपाली भाषा शिक्षणका क्रममा के-कस्तो सहयोग पुऱ्याएको छ तथा शैक्षिक सामग्रीको प्रयोगावस्था, भाषिक सिप, विद्यार्थी सहभागिताको अवस्था, शिक्षण विधिको छनोट र शिक्षक निर्देशिकाको प्रयोगका क्रममा देखापरेका समस्याको कारण पत्ता लगाउनुका साथै समाधानका उपायहरू समेत खोज्ने प्रयास गरिएको छ ।

साथै शोधकार्यको अध्ययन निम्नलिखित समस्याहरू माथि केन्द्रित गरिएको छ :

(क) शिक्षक निर्देशिकाका बारेमा शिक्षकहरूको धारणा र दृष्टिकोण कस्तो छ ?

(ख) शिक्षक निर्देशिकाको उपलब्धता, प्रयोग र प्रभावकारिताको अवस्था कस्तो छ ?

(ग) सिन्धुपाल्चोक जिल्लाका निम्नमाध्यमिक तहमा नेपाली भाषा शिक्षण शिक्षक निर्देशिकाअनुसार गरिएको छ वा छैन ?

## १.३ अध्ययनका उद्देश्यहरू

कुनै पनि कार्य सरल र प्रभावकारी बनाउनका लागि निश्चित लक्ष्य र उद्देश्यहरू तय गरिनुपर्दछ । निश्चित उद्देश्य किटान भएपछि मात्रै कुनै पनि कार्यले सफल रूपमा पूर्णता प्राप्त गर्न सक्दछ । अतः प्रस्तुत शोधकार्यको उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) शिक्षक निर्देशिकाका बारेमा शिक्षकहरूको धारणा र दृष्टिकोणको अध्ययन गर्नु,

(ख) शिक्षक निर्देशिकाको उपलब्धता, प्रयोग र प्रभावकारिताको स्थिति निर्क्योल गर्नु,

(ग) सिन्धुपाल्चोक जिल्लाका निम्नमाध्यमिक तहमा नेपाली भाषाशिक्षण शिक्षक निर्देशिकाअनुसार भएको छ वा छैन पत्ता लगाउनु,

## १.४ अध्ययनको औचित्य

धेरै समयदेखि शिक्षण पेसामा काम गरेका तर आवश्यक शैक्षिक तालिम नहुँदा अलपत्र परेका शिक्षकहरू पुरानै परिपाटीअनुसार अगाडि बढेको समसायिक परिवेशमा शिक्षक निर्देशिकाको अत्यन्तै आवश्यक छ । यसले शिक्षकहरूलाई शिक्षण गर्नका लागि मार्ग दर्शन प्रदान गर्दछ । निर्देशिकाले भाषिक सिपहरूको उपयुक्त र व्यवस्थित प्रयोगमा महत्त्वपूर्ण भूमिका खेल्दछ । शिक्षण कार्यलाई सुव्यवस्थित ढङ्गले अगाडि बढाउनका लागि शिक्षक निर्देशिकाको निर्माण गरी लागु गरिने तर वर्तमान अवस्थासम्म पनि यसको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन र अनुसन्धान न्यून भएको कारण निम्नमाध्यमिक तहमा गरिने अध्ययनले वर्तमान अवस्थाको जानकारी प्राप्त हुनुका साथै पाठ्यक्रम, पाठ्यपुस्तक एवम् पाठ्यांश अध्ययनमा शिक्षक निर्देशिकाले खेल्ने भूमिकाबारे अध्ययन गरी निकालिएका निष्कर्षहरूले भावी दिनमा शिक्षण सुधारका लागि महत्त्वपूर्ण सहयोग पुऱ्याउन सक्ने देखिन्छ ।

यो अध्ययन सिन्धुपाल्चोक जिल्लाका निम्नमाध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययनसँग सम्बन्धित रहेको छ । यस अध्ययनमा शिक्षक निर्देशिकाको प्रयोग भएका छन् वा छैनन् ? निर्देशिका, पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध कस्तो रहेको छ ? उक्त निर्देशिकाले शिक्षणका लागि आवश्यक विद्यार्थीको पूर्वज्ञानलाई

ध्यान दिएको छ कि छैन ? उद्देश्य कस्ता खालका रहेका छन् ? शैक्षिक सामग्री स्थानीय स्तरबाट उपलब्ध गरिएको छ कि छैन ? शिक्षण क्रियाकलाप, मूल्याङ्कन जस्ता कुराका बारेमा के उल्लेख गरिएको छ ? आदि विषयहरूमा अध्ययन अनुसन्धान गरी तथ्याङ्कहरू प्रस्तुत गरिने हुँदा विषयविद्हरूलाई उपयुक्त जानकारी प्रदान गर्नुका साथै निर्देशिकाको सुधारका लागि थप जानकारी हुन सक्छ । साथै यस अध्ययनले विद्यार्थी, अभिभावक, शैक्षिक जनशक्ति विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, तालिम प्रदान गर्ने तथा अनुसन्धान गर्ने सङ्घसंस्थाहरूका साथै शैक्षिक क्षेत्रका प्रवुद्ध व्यक्तिहरूलाई समेत उपयोगी हुने हुँदा प्रस्तुत शोधपत्र औचित्यपूर्ण रहेको छ ।

## १.५ सान्दर्भिकता र उपादेयता

परम्परागत शिक्षण विधिले आजको प्रतिस्पर्धात्मक दुनियाँमा दक्ष तथा सक्षम मानव उत्पादन गर्न सक्दैन तसर्थ समय सापेक्षित तथा उपयोगी शिक्षण सिपका निम्ति शिक्षकले आधुनिक शिक्षण प्रविधिलाई अवलम्बन गर्नुपर्ने देखिन्छ । शिक्षकले प्रभावकारी शिक्षणका लागि विभिन्न विधि तथा शैक्षणिक प्रविधिलाई उपयोगमा ल्याउन सक्छन् या ल्याइरहेका हुन सक्छन् यसै सन्दर्भमा शिक्षकलाई योजनाबद्ध शिक्षणका लागि मद्दत गर्ने एक अत्यन्तै महत्त्वपूर्ण तथा उपयोगी साधनका रूपमा शिक्षक निर्देशिकालाई लिन सकिन्छ । शिक्षक निर्देशिकामा एक शैक्षिक सत्रभरी अध्यापन गराइने विषयवस्तु, तिनका उद्देश्य, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, शिक्षण विधि, मूल्याङ्कन प्रविधि, शीर्षकअनुसार नमुना प्रश्नहरू तथा पाठका लागि आवश्यक घण्टी आदि राखिएको हुन्छ । शिक्षकले कुनकुन दिन कुनकुन पाठ अध्यापन गराउने, यसका लागि केकस्ता शैक्षिक सामग्री प्रयोग गर्ने, कुनकुन विधि अपनाउने र मूल्याङ्कन कसरी गर्ने भन्ने कुरा निश्चित गरिएको हुन्छ । त्यस्तै नेपाली भाषा शिक्षणको क्रममा देखिएको अन्यौलतालाई हटाउनुका साथै भाषा शिक्षण केवल विधा शिक्षण नभएर भाषिक सिपहरूको शिक्षण हो र शिक्षकले नेपाली भाषा शिक्षणका क्रममा विधा शिक्षणमा नभएर भाषिक सिप विकासमा जोड दिनुपर्छ साथै भाषा र व्याकरणलाई छुट्याएर फरक फरक रूपमा शिक्षण गर्ने होइन यसलाई एकीकृत रूपमा अध्ययन गर्नुपर्छ भन्ने मान्यताअनुरूप शिक्षक निर्देशिकामा विधि तथा क्रियाकलापहरू उल्लेख गरिएको हुन्छ । तसर्थ नेपाली भाषा शिक्षणका क्रममा शिक्षक निर्देशिका महत्त्वपूर्ण तथा उपयोगी सामग्री मानिन्छ ।

भाषा शिक्षण सिपको शिक्षण भएका कारण यसका लागि शैक्षिक प्राविधिक ज्ञानको आवश्यकता पर्दछ । जसरी एउटा सिप सिकेपछि अर्को सिपलाई त्यससँग अन्तरसम्बन्धित गराउँदै डोऱ्याउँदै अघि बढाउँदा सिकाइ सरल र प्रभावकारी हुन्छ । त्यसैगरी भाषा सिकाइमा पनि भाषिक सिपहरूलाई एक अर्कासँग सम्बन्धित गरी सबै सिपहरूलाई महत्त्वका साथ तह र स्तरअनुसार अगाडि बढाउन आवश्यक पर्दछ । भाषाका चारवटै सिपहरू ( सुनाइ, बोलाइ, पढाइ र लेखाइ) लाई उचित रूपमा समायोजन गरी पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य तथा पाठ्यपुस्तकका पाठ्यांशहरूलाई सावधानीपूर्वक लक्ष्य भेट्नका लागि योजनाको आवश्यकता पर्दछ । धेरै वर्ष शिक्षण गरेका तर आवश्यक शैक्षिक तालिम प्राप्त नहुँदा दोबाटोमा अलपत्र परेका शिक्षकहरू पुरानै परिपाटीअनुसार अगाडि बढेको समसामयिक परिवेशमा शिक्षक निर्देशिकाको अत्यन्तै आवश्यक छ । शिक्षक निर्देशिकाले शिक्षकहरूलाई शिक्षण गर्नका लागि मार्गदर्शन गर्दछ । शिक्षक निर्देशिकाले भाषिक सिपहरूको उपयुक्त र प्रभावकारी शिक्षण गर्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले पाठ्यपुस्तकका पाठ्यांशअनुसार नमुनाका रूपमा दिएका पाठयोजनाहरू पाठ्यक्रमका उद्देश्यहरू पूरा गर्ने खालका छन् कि छैनन् ? तिनीहरूको वर्तमान विद्यालय तहमा प्रयोग र प्रभावकारिताको अवस्था कस्तो छ ? साथै शिक्षक निर्देशिकाका बारेमा शिक्षकको विचार र दृष्टिकोण कस्तो छ ? विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्धताको अवस्था कस्तो छ ? भन्ने तथ्यको अध्ययन महत्त्वपूर्ण देखिन्छ ।

शिक्षक समाज तथा राष्ट्रको मार्गदर्शक तथा प्रतिष्ठित व्यक्ति हो । जुन शिक्षण पेसामा संलग्न हुन्छन् । शिक्षण पेसा चुनौतिपूर्ण पेसा हो, जुन पेसा अँगालेका व्यक्तिले आधुनिक शिक्षण विधि एवम् प्रविधिमार्फत् समय सापेक्ष रूपमा विद्यार्थीलाई वास्तविक धरातलमा पुऱ्याउन निकै मिहिनेत साथ लाग्नुपर्ने हुन्छ । यसका लागि शिक्षकले आफूलाई समयानुकूल परिष्कृत र परिमार्जन गुर्न नितान्त आवश्यक हुन्छ । हाम्रो जस्तो गरिब मुलुकमा शिक्षकको अवस्था हेर्ने हो भने सबै शिक्षक तालिम प्राप्त मात्रै नभएर तालिम अप्राप्त शिक्षक पनि रहेका छन् । तालिम प्राप्त शिक्षकलाई निर्देशिकाको आवश्यक पर्दछ भने तालिम अप्राप्त शिक्षकका लागि त झन् नितान्त आवश्यक पर्दछ । शिक्षक निर्देशिकाले योजनाबद्ध तथा प्रभावकारी शिक्षणका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । पाठ्यपुस्तकले पाठ्यक्रमको उद्देश्य पूरा गर्न सक्छ सक्दैन ? विद्यालयमा यसको प्रयोग र प्रभावकारिता

कस्तो छ ? प्रयोगमा के-कस्ता कठिनाइहरू छन् त्यसका लागि शिक्षक निर्देशिकाले कस्तो भूमिका खेल्न सक्छ ? जस्तो तथ्यको अध्ययन महत्त्वपूर्ण देखिन्छ ।

यस अध्ययन निम्नमाध्यमिक तह कक्षा आठको शिक्षक निर्देशिकाको प्रयोगसम्बन्धी अध्ययनसँग सम्बन्धित रहेको छ । यस अध्ययनमा शिक्षक निर्देशिकाको बारेमा शिक्षक वर्गका धारणा र दृष्टिकोण कस्तो रहेको पाइन्छ ? विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोगको अवस्था कस्तो छ ? भाषा शिक्षणका क्रममा शिक्षक निर्देशिका कत्तिको उपयोगी साबित भएको छ ? साथै पाठ्यक्रम, पाठ्यपुस्तक र निर्देशिकाको सम्बन्ध कस्तो रहेको छ ? उद्देश्यहरू कस्ताकस्ता रहेका छन् ? शिक्षक निर्देशिकाको प्रयोगका सम्बन्धमा कुनकुन कारणहरूको समस्या उत्पन्न गराएका छन् । साथै उक्त समस्या समाधानका लागि कुनकुन पक्षबाट कस्तो पहल गर्न सकिन्छ ? आदि विषयमा अध्ययन गरी तथ्यहरू प्रस्तुत गरिने हुँदा विषयविद्हरूमा उक्त जानकारी प्राप्त भई थप सुधारका लागि सहयोग पुग्दछ । उक्त अध्ययनबाट शिक्षक विद्यार्थी, अभिभावक एवम् सम्बन्धित शैक्षिक व्यक्तिहरू, पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक जनशक्ति विकास केन्द्र, भाषासम्बन्धी तालिम प्रदान गर्ने सङ्घसंस्था, अनुसन्धान गर्ने सङ्घसंस्था समेत लाभान्वित हुने हुँदा प्रस्तुत अध्ययन सान्दर्भिक तथा उपयोगी रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

कुनै पनि शोधकार्यको अध्ययन गरी वास्तविक धरातलमा पुग्नका लागि निश्चित सीमा तोकिनु आवश्यक हुन्छ । सीमा नतोकी अध्ययन गर्दा शोधकार्य अन्यौलमा पर्न सक्ने र अध्ययन सही मार्गमा अगाडि बढ्न नसक्ने भएकाले अध्ययनका लागि सीमा तोकिनु आवश्यक छ । अनुसन्धानका लागि सम्पूर्ण जनसङ्ख्याबाट तथ्याङ्क सङ्कलन महत्त्वपूर्ण हुन्छ तर समयको परिधि, भौगोलिक विषमता, आर्थिक कठिनाइ आदि विविध कारणले गर्दा प्रस्तुत अध्ययनमा निश्चित सीमा तोक्नुपर्ने देखिन्छ । यस कुरालाई मध्यनजर गरी प्रस्तुत अध्ययन निम्नलिखित क्षेत्र र सीमामा आधारित रहेको छ :

(क) प्रस्तुत अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरद्वारा प्रकाशित निम्नमाध्यमिक तह कक्षा आठको पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका भित्र मात्र सीमित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन सिन्धुपाल्चोक जिल्लाको निम्नमाध्यमिक तह कक्षा आठमा नेपाली शिक्षक निर्देशिकाको प्रयोगको अवस्थाको बारेमा केन्द्रित गरिएको छ ।

(ग) शिक्षक निर्देशिकाको अध्ययन सिन्धुपाल्चोक जिल्लाका ८ वटा सरकारी र ४ वटा निजी विद्यालयमा गरिएको छ । त्यसैगरी सिन्धुपाल्चोक जिल्लाका सरकारी विद्यालयका १६ जना र निजी विद्यालयका ८ जना नेपाली विषय शिक्षकमा यो शोधकार्य सीमित रहेको छ ।

(घ) प्रश्नावली तथा मौखिक अन्तर्वार्ता तथ्याङ्क सङ्कलनका आधार रहेका छन् ।

## १.७ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या र विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भ सामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय–दुई

# पूर्वकार्यको अध्ययन र सैद्धान्तिक परिचय

## २.१ सम्बन्धित साहित्यको अध्ययन

शिक्षण सिकाइ प्रक्रियामा शिक्षक निर्देशिकाले महत्त्वपूर्ण भूमिका खेल्दछ । शिक्षणलाई प्रभावकारी, रुचिपूर्ण, उद्देश्यमूलक बनाउन पाठ्यक्रम, पाठ्यपुस्तकका अतिरिक्त पाठअनुसार शिक्षक निर्देशिकाको समुचित उपयोग गर्न सक्नुपर्दछ । वास्तवमा शिक्षक निर्देशिका शिक्षकको मित्र पनि हो । शिक्षण कार्यलाई सरल, सहज र प्रभावकारी बनाउनका लागि शिक्षक निर्देशन पुस्तिका महत्त्वपूर्ण हुन्छ । निम्नमाध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययनको इतिहास धेरै लामो छैन तथापि अनुसन्धान कार्य नयाँ कुराको खोजी गर्नु मात्र नभएर पुरानै कुरालाई सही तथ्यका आधारमा परिमार्जित गर्नु पनि हो । त्यसैले शोधकार्य गर्दा सम्बन्धित क्षेत्रमा के-कस्ता अध्ययन अनुसन्धानहरू भएका छन् भन्ने जानकारी हासिल गर्न पूर्वकार्यको समीक्षा आवश्यक पर्दछ । यसबाट अनुसन्धानकर्तालाई सम्बन्धित क्षेत्रको ज्ञान बढ्नका साथै सो क्षेत्रमा प्रयोग गरिएका सिद्धान्त, विधि तथा प्रविधिहरूको बारेमा महत्त्वपूर्ण जानकारी प्राप्त हुने भएकाले स्तरीय अनुसन्धान कार्यका लागि पूर्वकार्यको समीक्षा अपरिहार्य हुन्छ ।

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । आफुले गर्दै गरेको अनुसन्धानलाई उद्देश्यमूलक बनाइ सही मार्गमा हिडाउँन प्रत्यक्ष रूपमा पूर्वअध्ययनको विशेष महत्त्व हुन्छ । पूर्वकार्यको समीक्षा बिना गरेको अनुसन्धान स्तरहीन हुनाका साथै निरर्थक हुन पनि सक्छ तसर्थ तथ्यपरक र स्तरीय अनुसन्धानका लागि पूर्वकार्यको समीक्षाले महत्त्वपूर्ण भूमिका खेल्दछ । कुनै पनि शोध वा अनुसन्धानका लागि सम्बन्धित क्षेत्रमा के-कस्ता कार्यहरू भइसकेका छन् ? कुन-कुन कुराको प्रभाव कस्तो देखिएको छ ? यी कुराहरूको जानकारी अनुसन्धानकर्तालाई हुने हुँदा अनुसन्धेय विषयको ज्ञान बढ्नुका साथै अनुसन्धान गर्न खोजेको विषयको महत्त्व, नवीनता, आवश्यकता आदि पक्षको ज्ञान प्राप्त गर्न सहयोग पुग्दछ । उक्त शोधकार्यसँग सम्बन्धित रहेर पहिले भएका अनुसन्धानहरू पाठ्यक्रम र पाठ्यपुस्तकसम्बन्धी शिक्षण विधिसँग

सम्बन्धित एवम् विभिन्न तहका शिक्षक निर्देशिकामा पनि शोधकार्य भएका पाइन्छन् । जुन शोधकार्यहरू देहायबमोजिम उल्लेख गरिन्छ :

अधिकारी (२०४३) को **भाषा शिक्षणका, केही परिप्रेक्ष्य तथा पद्धति** नामक पुस्तकमा पाठ्यपुस्तकको विकासको वर्णन गर्ने क्रममा प्राथमिक तथा निम्नमाध्यमिक पाठ्यक्रम ( २०११), राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) र विद्यालयको नेपाली पाठ्यक्रमको सामान्य दिग्दर्शनअन्तर्गत माध्यमिक तह (२०२८) को नेपाली पाठ्यक्रमको विशेष उद्देश्य, भाषा शिक्षणका विषयको समीक्षाको उल्लेख गरिनुका साथै उतरवर्ती प्रयासहरूमा प्राथमिक तहको नेपाली पाठ्यक्रम (२०४९) माध्यमिक तहको नेपाली (२०५५) को उल्लेख पाइन्छ । उक्त पुस्तक पाठ्यक्रमको विकासक्रमबारे जानकारी प्रदान गर्ने हुनाले पूर्वकार्यका लागि उपयोगी देखिन्छ ।

भुसाल (२०५९) ले नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरअन्तर्गत रही **अर्घाखाँचीमा माध्यमिक विद्यालय तह नेपाली शिक्षणमा शिक्षण सामग्री प्रयोगको वर्तमान स्थिति** शीर्षकमा शोधपत्र तयार गरेको देखिन्छ । उक्त शोधमा नेपाली भाषा शिक्षणमा प्रयोग हुन सक्ने शिक्षण सामग्रीको चर्चा गर्नु, पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको चर्चा गर्नु, मा.वि. तहको शिक्षक निर्देशिकामा निर्दिष्ट शैक्षिक सामग्रीको चर्चा गर्नु, नेपाली भाषा शिक्षण सम्बन्धी समस्या र तिनका समाधानका उपाय पत्ता लगाउनु जस्ता उद्देश्य रहेका छन् । उक्त शोधमा निर्देशिका समयमै विद्यालय नपुगेको, निर्देशिकाको सहयोगले भाषा शिक्षणमा विविधता ल्याएको प्रशासनिक कमजोरी, सम्बन्धित निकायको वेवास्ता आदि कारणले निर्देशिका सबै जसो विद्यालयमा प्रयोग हुन नसकेको निष्कर्ष उक्त अध्ययनमा निकालिएको छ ।

**नेपाली भाषाशिक्षण प्रशिक्षार्थी स्रोत सामग्री** (**२०६१ एक महिने प्रथम मोडल**) मा पनि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाका सम्बन्धमा धेरै कुराहरू उल्लेख गरिएको छ । उक्त मोडलले (२०६१:२९२) शिक्षण कार्यलाई सरल, सहज र प्रभावकारी बनाउनका लागि सहयोग पुऱ्याउने शिक्षण सामग्रीको रूपमा निर्देशिकालाई लिइएको छ । साथै पाठ्यपुस्तकका पाठहरूलाई कसरी शिक्षण गर्ने ? यसले शिक्षणका कठिनाईहरूलाई कसरी सही ढङ्गले समाधान गर्न सहयोग गर्दछ भन्ने सवालका अतिरिक्त एक शैक्षिक सत्रभरी अध्यापन गराइने विषयवस्तु, तिनका उद्देश्य, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप,

शिक्षण विधि, मूल्याङ्कन विधि, शीर्षकअनुसार नमुना प्रश्नहरू पाठका लागि आवश्यक घण्टी आदि निर्देशिकामा निर्दिष्ट हुने कुरा उल्लेख गरेको पाइन्छ । उक्त स्रोत सामग्रीमा निर्देशिकाको परिचय, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाबिचको अन्तरसम्बन्ध, प्रयोगको आवश्यकता, महत्त्व र प्रयोग आदिको बारेमा चर्चा गरिए तापनि वर्तमान अवस्थामा निर्देशिकाको सुलभताको स्थिति कस्तो छ ? भन्ने जस्ता निर्देशिकाका सबल र दुर्बल पक्षहरू पहिचान गरी समयसापेक्ष सुधार गर्ने कुरामा भने उल्लेख गरेको पाइँदैन । त्यसैगरी यसमा निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी पनि खासै उल्लेख गरिएको छैन ।

खतिवडा (२०६१) द्वारा **शैक्षिक सामग्रीको उपयोगसम्बन्धी एक अध्ययन** शीर्षकमा अनुसन्धान गरेको पाइन्छ । उक्त अध्ययनमा उदयपुर जिल्लाका माध्यमिक तहको नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोगको स्थिति पहिचान गर्ने, नेपाली भाषा शिक्षणमा शिक्षक निर्देशिकाले निर्देशन गरेअनुसार वास्तविक शैक्षिक सामग्रीको पहिचान गर्ने, सम्पन्न तथा विपन्न, सुगम तथा दुर्गम क्षेत्रका विद्यालयहरूमा प्रयोगमा ल्याइएका शैक्षिक सामग्रीको तुलनात्मक अध्ययन गर्ने, शैक्षिक सामग्रीको प्रयोग गर्दा र नगर्दाको नेपाली भाषा शिक्षणबाट प्राप्त उपलब्धिको लेखाजोखा गर्ने र शैक्षिक सामग्री प्रयोगसम्बन्धी समस्याको पहिचान गरी निराकरणका लागि आवश्यक सुझाबहरू दिने उद्देश्य रहेको पाइन्छ । यस अध्ययनमा शिक्षक निर्देशिकाअनुसार शैक्षिक सामग्रीको चयन गर्नुपर्ने धारणा अभिव्यक्त भएको छ । साथै खतिवडाले यस अध्ययनबाट शिक्षक निर्देशिका बमोजिमका शैक्षिक समाग्री उपयोगसम्बन्धी देखिएका कमीकमजोरीहरूलाई निराकरण गर्नका लागि बुँदागत रूपमा विभिन्न सुझावहरू पनि प्रस्तुत गरेका छन् ।

खत्री (२०६२) द्वारा **दोलखा जिल्लाका कक्षा आठमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन** शीर्षकमा महत्त्वपूर्ण अनुसन्धान गरेका छन् । उक्त अध्ययनमा शिक्षक निर्देशिकाअनुसार विधागत शिक्षणमा प्रयुक्त शैक्षिक सामग्रीको अलग अलग वर्गीकरण गर्नु, शैक्षिक सामग्री प्रयोगको वास्तविक स्थिति पहिचान गर्नु, शैक्षिक सामग्री प्रयोग पछिको प्राप्त प्रभावकारिताको लेखाजोखा गर्नु र शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरूको समाधानका उपायहरूको विश्लेषण गर्ने उद्देश्यहरू रहेका छन् । उक्त शोधमा खत्रीले शिक्षक निर्देशिकाअनुसार शैक्षिक सामग्री प्रयोगमा आउन नसक्नुका

पछाडि आर्थिक, सामाजिक, प्रशासनिक तथा भौतिक समस्याहरू नै प्रमुख कारक रहेको निष्कर्ष दिएका छन् । साथै उनले समय सापेक्ष पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकामा पनि सुधार गर्दै जानुपर्ने तथा स्थानीय स्रोत र साधनको प्रयोग परिचालन गरिनुपर्ने जस्ता सुझाबहरूलाई बुँदागत रूपमा प्रस्तुत गरेका छन् ।

आचार्य (२०६३) द्वारा **माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन** गरिएको पाइन्छ । उक्त शोध अध्ययनमा माध्यमिक तहको पाठ्यपुस्तक र निर्देशिका बिचको अन्तरसम्बन्ध पहिल्याइएको पाइन्छ । अन्तरसम्बन्ध पहिल्याउँदै पाठ्यक्रम र पाठ्यपुस्तकअनुरूप निर्देशिकाको प्रयोगको स्थिति, शिक्षक निर्देशिकाको प्रयोगका सबल दुर्बल पक्षहरू र निर्देशिकाको सुधारका लागि सुझाब दिइएको पाइन्छ । शिक्षणका क्रममा निर्देशिकाले महत्त्वपूर्ण भूमिका खेल्ने सन्दर्भमा आचार्यद्वारा गरिएको शोधकार्यमा नमुनाका रूपमा कास्की र काठमाडौँ जिल्लाका सरकारी १५ वटा र निजी १५ वटा गरी ३० वटा विद्यालयका नेपाली विषयका शिक्षकहरू छनोट गरी तथ्याङ्क सङ्कलन गरेको पाइन्छ । साथै सम्बन्धित जिल्लाका जि.शि.अ. र शिक्षाविद्हरूको सुझाबसमेत सङ्कलन गरेको पाइन्छ । नमुना सर्वेक्षण विधिमा आधारित उक्त शोधकार्यमा निजी तथा सरकारी विद्यालयका नेपाली शिक्षकहरूको शिक्षक निर्देशिका प्रयोगको अवस्था कस्तो छ तथा निजी र सरकारी विद्यालयका शिक्षकहरूको शिक्षक निर्देशिका प्रयोगको स्थितिमा रहेको भिन्नताको समेत अध्ययन गरेको पाइन्छ । साथै आचार्यले पाठ्यपुस्तक परिवर्तन नहुँदा पनि निर्देशिका परिमार्जन नहुनु, निर्देशिका समयमै विद्यालयमा नपुग्नु, निर्देशिकाअनुरूप शिक्षण क्रियाकलाप भए/नभएको अनुगमन गर्ने निकाय नहुनु नेपाली विषयको पाठ्यभार अधिक हुने हुँदा सरकारी विद्यालयमा विद्यार्थी अधिक सङ्ख्या भएका कारण निर्देशिकाअनुसार शिक्षण गर्न कठिनाइ हुने साथै विद्यार्थीका वैयक्तिक विविधता, रुचि योग्यता र क्षमतालाई निर्देशिकाले सम्बोधन गर्न नसक्नु जस्ता समस्या उल्लेख गरका छन् भने उक्त समस्याहरूको समाधान गरी शिक्षक निर्देशिकालाई समय सान्दर्भिक बनाइनु पर्ने सुझाब समेत उल्लेख गरेका छन् ।

गौतम (२०६४) द्वारा **प्राथमिक तह कक्षा पाँचमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन** शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त शोधकार्यमा गौतमले प्राथमिक तह कक्षा पाँचमा शिक्षक निर्देशिकालाई पाठ्यपुस्तक र पाठ्यक्रमको

उद्देश्यसँग तुलना गरी शिक्षक निर्देशिकाको प्रयोगको स्थिति पहिल्याएका छन् । साथै शिक्षक निर्देशिका प्रयोग गर्दा उत्पन्न भएका सबल दुर्बल पक्ष पहिल्याउँदै निर्देशिकाको विश्लेषण गर्दै सुझाब समेत दिएका छन् । प्रभावकारी नेपाली भाषा शिक्षणका लागि निर्देशिका अपरिहार्य भए पनि तालिमको व्यवस्था नहुनु, समयानुकूल निर्देशिका परिमार्जन नहुनुले समस्या उत्पन्न हुने कुरा उल्लेख गर्नुका साथै भौगोलिक विकटता र आर्थिक अभावले गर्दा समयमै निर्देशिका विद्यालयमा नपुग्नु आदि समस्या भएको उल्लेख गरेका छन् ।

मैनाली (२०६४) **कक्षा तिनमा शिक्षक निर्देशिकाको प्रयोगको अध्ययन** शीर्षकको शोधपत्र प्राप्त हुन्छ । उनले उक्त शोधमा पाठ्यक्रम र पाठ्यपुस्तकका सन्दर्भमा शिक्षक निर्देशिकाको आवश्यकता औंल्याउनु, प्राथमिक तह कक्षा तिनको शिक्षक निर्देशिकालाई पाठ्यक्रमका उद्देश्य र पाठ्यपुस्तकसँग तुलना गर्नु, यिनीहरू बिचको अन्तरसम्बन्ध पहिल्याउनु, निर्देशिकाको प्रभावकारी प्रयोगमा देखिएका समस्याहरू पहिल्याउनु र समाधानका निम्ति सुधारात्मक सुझाव दिनु जस्ता उद्देश्य राखेको पाइन्छ । उनले उक्त अध्ययनमा कक्षा अवलोकन, चिन्ह अङ्कसूची, प्रश्नावली र अन्तरवार्ता जस्ता साधनहरूको प्रयोग गरी तथ्याङ्कको व्याख्या विश्लेषण गर्न तालिका, आरेख र सामान्य साङ्ख्यिकीको प्रयोग गरेका छन् । उनको अध्ययनमा पाठ्यक्रम र पाठ्यपुस्तकअनुरूप निर्देशिका प्रयोग भए नभएको कुरा उल्लेख भएपनि सरकारी र निजी विद्यालयमा निर्देशिकाको प्रयोगको अवस्थाका सम्बन्धमा भने कुनै त्यस्तो सङ्केत पाइँदैन । निर्देशिकामा उल्लेख भएबमोजिम कक्षा सञ्चालन गर्न तालिम प्राप्त, योग्य, अनुभवी शिक्षक वार्षिक कार्यतालिकाअनुसार समय विभाजन गरी पाठयोजना निर्माण गर्न सके समयअनुरूप प्रभावकारी शिक्षण गर्न सकिने निष्कर्ष यस अभ्ययनमा निकालिएको छ ।

अधिकारी (२०६४) द्वारा **निम्नमाध्यमिक तह कक्षा आठको शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन** शीर्षकमा शोधकार्य गरेको देखिन्छ । उक्त शोधपत्रमा पाठ्यक्रम र पाठ्यपुस्तकको सन्दर्भमा शिक्षक निर्देशिकाको परिचय दिने, पाठ्यक्रम र पाठ्यपुस्तकको उद्देश्यसँग शिक्षक निर्देशिकालाई तुलना गर्ने, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बिचको अन्तरसम्बन्ध पहिल्याउने कक्षा आठमा नेपाली शिक्षण गर्दा शिक्षक निर्देशिकाको प्रयोगको स्थिति पहिल्याउनुका साथै निर्देशिका प्रयोगमा देखिएका सबल र दुर्बल पक्षहरू पत्ता लगाई सुधारका लागि सुझाबहरू दिने मुख्य उद्देश्य

रहेको देखिन्छ । उक्त अध्ययनका क्रममा अधिकारीले स्याङ्जा जिल्लाका ६ वटा सरकारी विद्यालयका ३ जना तालिम प्राप्त तथा ३ जना तालिम अप्राप्त र निजी विद्यालयका ४ जना मध्ये २ जना तालिम प्राप्त र २ जना तालिम अप्राप्त शिक्षकहरूका साथै पाल्पा जिल्लाका ६ वटा सरकारी विद्यालयका ३ जना तालिम प्राप्त तथा ३ जना तालिम अप्राप्त शिक्षकहरू र निजी विद्यालयका ४ जना तालिम प्राप्त शिक्षकहरूलाई प्रतिनिधि नमुनाका रूपमा लिइएको पाइन्छ । उल्लेखित शिक्षकहरूसँग २० वटा ठिक बेठिक छुट्याउने र ६ वटा छोटो उत्तर दिने प्रश्नावली फारममा समावेश गरी तथ्य सङ्कलन गरेको पाइन्छ । साथै ७ वटा विद्यालयमा गई कक्षा अवलोकन गरेर तथ्य सङ्कलन गरिएको पाइन्छ । यसरी प्राप्त तथ्याङ्कलाई आवश्यकताअनुसार तालिका तथा सामान्य साङ्ख्यिकीय विधि प्रयोग गरी व्याख्या तथा विश्लेषण गरिएको पाइन्छ । यस अध्ययनको निष्कर्षमा अधिकारीले शिक्षक निर्देशिका शिक्षकका लागि महत्त्वपूर्ण सन्दर्भ सामग्री साबित हुँदाहुँदै पनि पूर्व अनुभव र पूर्व पाठलाई ख्याल गर्ने कुरामा चासो नदेखाउनु, पाठ्यपुस्तक परिमार्जन हुँदा पनि निर्देशिका परिमार्जन हुन नसक्नु, शिक्षकको प्रतिदिन पाठ्यभार अधिक हुने हुँदा निर्देशिकाअनुसार शिक्षण गर्न नसकेको पाइनु, विद्यार्थीको उमेर, रुचि र क्षमता जस्ता महत्त्वपूर्ण कुरालाई ख्याल गर्न नसक्नु जस्ता महत्त्वपूर्ण विषयमा निर्देशिकाले ख्याल गर्न नसकेको कारण निर्देशिका संशोधन गरी उपयोगी र प्रभावकारी बनाउनका लागि आवश्यक सुझाव समेत पेश गरेका छन् ।

नेपाल (२०६६) द्वारा नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर अन्तर्गत रही **उच्च माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ । पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बिचको सम्बन्धको पहिचान गर्नु, उच्च माध्यमिक तहमा नेपाली शिक्षणमा शिक्षक निर्देशिकाको मान्यताअनुरूप भएको छ वा छैन र यसको उपयोगिता कस्तो छ भनी पत्ता लगाउनु, पाठ्यक्रम, पाठ्यपुस्तकअनुरूप शिक्षक निर्देशिकाको विश्लेषण गर्नु, प्रश्नावली, कक्षा अवलोकनबाट प्राप्त तथ्यका आधारमा शिक्षक निर्देशिकाको विश्लेषण गर्नु ,शिक्षक निर्देशिका प्रयोगको सबल दुर्बल पक्ष पत्ता लगाउनु, कठिनाइको निराकरणका लागि सुधारात्मक सुझाव दिनु जस्ता उद्देश्यहरू उक्त शोधपत्रमा रहेको देखिन्छ । साथै उक्त शोधपत्रमा नेपालले सर्वेक्षण विधि अबलम्वन गरेका छन् भने उच्च माध्यमिक तहको अनिवार्य नेपाली विषयको शिक्षक

निर्देशिकामा आफनो अध्ययनलाई सीमाङ्कन गरेका छन् । उनले मोरङ र काठमाडौँ जिल्लाका केही उच्च माध्यमिक विद्यालयहरू नमुनाका रूपमा छनोट गरी शोध सम्पन्न गरेका छन् । प्रश्नावली, मौखिक अन्तरवार्ता र प्रत्यक्ष कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरेका छन् । यसमा उच्च माध्यमिक तहको निर्देशिका प्रकाशनमा ढिलाई र शिक्षकहरूको अनभिज्ञताले निर्देशिकाको प्रयोगमा कठिनाई भएको कुरा उल्लेख गरिएको छ । शिक्षक निर्देशिका शिक्षणका क्रममा सही मार्ग निर्देश गर्ने एक प्रभावकारी तथा प्रकाशन भई विद्यालय तथा उच्च माध्यमिक तहहरूमा पुऱ्याउन सके, शिक्षक निर्देशिकाको उचित प्रयोगका लागि शिक्षकहरूलाई तालिमको व्यवस्था गर्न सके निर्देशिकाअनुरूप शिक्षण भएको छ वा छैन भनी सम्बन्धित निकायले अवलोकन गर्ने परिपाटी बसाल्ने हो भने शिक्षक निर्देशिका वास्तवमै अत्यावश्यक तथा उपयोगी पाठ्यसामग्रीका रूपमा शिक्षकले प्रयोग गर्न सक्छन् भन्ने निष्कर्ष उक्त अध्ययनमा निकालिएको पाइन्छ ।

भट्टराई (२०६७) को **उदयपुर जिल्लाका निम्नमाध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन** शीषर्कको शोधपत्रमा पाठ्यांश, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको सम्बन्ध देखाउनु, उदयपुर जिल्लामा नेपाली भाषा शिक्षण शिक्षक निर्देशिकाअनुसार भए नभएको पत्ता लगाउनु, निर्देशिका प्रयोगका समस्या र सुधारका लागि सुझाव दिनु जस्ता उद्देश्य राखेर तयार पारेको पाइन्छ । उक्त अध्ययनमा अवलोकन, अन्तरवार्ता, शिक्षक प्रश्नावली फारम आदिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरी ब्याख्या विश्लेषण गरेको पाइन्छ । यो अध्ययन यसभन्दा अगाडिका अध्ययन भन्दा निर्देशिका प्रयोग सम्बन्धमा बढी बोलेको पाइन्छ । तालिम अप्राप्त शिक्षकहरूलाई पाठयोजना र एकाइयोजना निर्माण गर्न शिक्षक निर्देशिका प्रभावकारी साधन भए तापनि यसको प्रयोग उदयपुर जिल्लामा कम मात्रामा भएको निष्कर्ष प्रस्तुत अध्ययनमा निकालिएको छ ।

पुलामी (२०६८) द्वारा **उच्च माध्यमिक तह कक्षा ११ को शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन** शीर्षकमा शोधपत्र तयार पारेको देखिन्छ । काठमाडौँ र सप्तरी जिल्लाका ५-५ जना गरी १० जना नेपाली विषय शिक्षकहरूलाई प्रतिनिधिका रूपमा लिई अनुसन्धान गरिएको उक्त शोधपत्रमा भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बिचको सम्बन्धको पहिचान गर्नु, उच्च माध्यमिक विद्यालयहरूमा नेपाली भाषा शिक्षणमा शिक्षक निर्देशिकाको प्रयोगको अवस्था पहिल्याउनु, पाठ्यक्रम, पाठ्यपुस्तक

अनुरूप शिक्षक निर्देशिकाको व्याख्या विश्लेषण गर्नु, प्रश्नावली छलफलबाट प्राप्त तथ्यको आधारमा शिक्षक निर्देशिका प्रयोगको फाइदा बेफाइदाको विश्लेषण गर्नु जस्ता उद्देश्यहरू रहेका छन्

काठमाडौँ र सप्तरी जिल्लाका ५-५ जना गरी १० जना नेपाली विषय पढाउने शिक्षकहरूलाई नमुना छनोटका रूपमा लिइएको उक्त अध्ययनमा सर्वेक्षण विधिद्वारा तथ्याङ्क सङ्कलन गरेको पाइन्छ भने उक्त शोधपत्रमा प्रश्नावली तथा अन्तरवार्ताबाट प्राप्त तथ्यहरूलाई विभिन्न तालिकाहरूमा तालिकीकरण गरेर व्याख्या विश्लेषण गरिएको देखिन्छ । साथै प्राप्त सुझाब सल्लाह र रायलाई सामान्य साङ्खिकीय विधिको प्रयोग गरी विश्लेषण गरिएको पाइन्छ । शिक्षकहरूलाई छुट्टै निर्देशन दिने खालका स्तम्भ समावेश गरिनु पर्ने, निर्देशिकामा विधागत शिक्षण विधि, सामग्री र मूल्याङ्कनका साधनहरूबारे स्पष्ट निर्देशन दिनु पर्ने निर्देशिकाले समाहित शिक्षण, बालमैत्रीपूर्ण कक्षाकोठा व्यवस्थापनको सुझ दिनु पर्ने, नेपालको भाषिक विविधतालाई समेट्ने खालका भाषा शिक्षण प्रविधिको सूचना दिनु पर्ने, निर्देशिका सहज रूपमा प्राप्त गर्न सकिने बनाउनु पर्ने, निर्देशिकाको कागज गुणस्तरीय बनाउनु पर्ने, निर्देशिकामा स्थानीय स्रोत र साधनलाई परिचालन गर्ने तौर तरिका दिइनु पर्ने, निर्देशिकाको बाहिरी आवरण रङ्गीन, आकर्षक र लोगो सहितको बनाउनु पर्ने, भाषा शिक्षणका व्यवहारिक पक्षहरूलाई समेट्नु पर्ने, भाषिक मूल्याङ्कनका अलिखित साधनहरूको प्रयोगमा प्रोत्साहन दिनु पर्ने, भाषिक सिप सम्बद्ध, पाठ्यक्रमको उद्देश्य पूरा गर्ने खालका नमुना प्रश्नपत्रहरू समावेश गरिनु पर्ने, पर्याप्त साहित्यको अभ्यासमा जोड दिइनु पर्ने जस्ता सुझावहरू उक्त शोधपत्रमा उल्लेख गरिएको पाइन्छ । साथै निर्देशिका सहयोगी मित्र हुँदाहुँदै पनि शिक्षकहरूको बेवास्ता र अल्छ्याइँले निर्देशिका प्रयोगमा कमी देखिएको । यद्यपि लगनशील र जिज्ञासु शिक्षकहरूले भने निर्देशिकाबाट प्रशस्त फाइदा लिन सफल भएको र यसबाट मनग्गै लाभ उठाएको, तुलनात्मक रूपमा ग्रामीण भेगका शिक्षकहरूले भन्दा काठमाडौँका शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग बढी गरेको साथै नवप्रवेशी र अनुभव नभएका शिक्षकहरूको अज्ञानता र तालिम प्राप्त तथा अनुभवी शिक्षकहरूको बेवास्ताले शिक्षक निर्देशिकाको प्रयोगमा कमी आएकाले निर्देशिकाको उपलब्धता, प्रयोग र प्रभावकारितासम्बन्धी अनुगमन, निरीक्षण र व्यवस्थापन पक्षको समेत अहम् भूमिका रहने कुराको निष्कर्ष उक्त अध्ययनमा निकालिएको छ ।

कार्की (२०६९) ले **निम्नमाध्यमिक कक्षा ६ मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन** गरेकी छिन् । कार्कीले उक्त अध्ययनमा निम्नमाध्यमिक तह कक्षा ६ मा नेपाली भाषा अध्ययन अध्यापनका क्रममा निर्देशिकाले के-कस्तो सहयोग गरेको छ । साथै शैक्षिक सामग्रीको प्रयोगावस्था, भाषिक सिप, विद्यार्थीको सहभागिताको अवस्था शिक्षण विधिको छनोट र निर्देशिका प्रयोगमा देखिएका समस्याहरूको समाधान गर्ने उपाय समेत खोज्ने प्रयास गरेकी छिन् । नमुना अध्ययन क्षेत्रका रूपमा तनहुँ र भक्तपुर जिल्लाका निजी १० तथा सरकारी १० विद्यालयका २० जना शिक्षकहरू छनोट गरी तथ्याङ्क सङ्कलन गरिएको छ भने उक्त शोध अध्ययनमा सर्वेक्षण विधिको प्रयोग गरी प्रश्नावली तथा अन्तरवार्ताका माध्यमबाट आवश्यक तथ्याङ्क सङ्कलन गरेको देखिन्छ । पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बिचको सम्बन्ध पहिचान गर्नु, निम्नमाध्यमिक तह कक्षा ६ मा नेपाली भाषा शिक्षण गर्दा शिक्षक निर्देशिकाको प्रयोग गरिएको वा नगरिएको पत्ता लगाउनु, अपेक्षित उपलब्धि हासिल गर्न शिक्षक निर्देशिका उपयोगी भए नभएको अध्ययन गर्नु, निर्देशिका प्रयोगका सन्दर्भमा देखा परेका समस्याहरू पत्ता लगाउनु, निर्देशिका प्रयोग सम्बन्धी समस्याहरू समाधानका लागि सुझावहरू दिनु जस्ता उद्देश्यमा कार्कीको अभ्ययन केन्द्रित रहेको देखिन्छ । उनले यस अध्ययनमा निर्देशिकाले पाठ्यक्रमको उद्देश्य पूरा गर्न सहयोग गरेको यसले तालिम प्राप्त शिक्षकका साथै तालिम अप्राप्त शिक्षकका लागि योजनाबद्ध शिक्षण गर्न सघाउ पुऱ्याएको, तुलनात्मक रूपमा सरकारी विद्यालयमा भन्दा निजी विद्यालयमा निर्देशिकाको प्रयोग बढी भएको, सरकारी विद्यालयमा समयमै निर्देशिका उपलब्ध हुन नसकेको, निर्देशिका उपलब्ध भइसके पछि पनि तालिम प्राप्त अनुभवी शिक्षकहरूको बेवास्ताले शिक्षक निर्देशिका प्रयोग हुन नसकेको र निर्देशिकाले शिक्षणका क्रममा सकारात्मक भूमिका खेले तापनि समय अभावका कारण निर्देशिका प्रयोग गर्न कठिन भएको निष्कर्ष निकालेकी छिन् । साथै कार्कीले उक्त अध्ययनको निष्कर्षको आधारमा निर्देशिका सहज रूपमा समयमै उपलब्ध गराउनु पर्ने, निर्देशिका प्रयोगका सम्बन्धमा तालिम दिई थप हौसला बढाउनु पर्ने, शिक्षक निर्देशिकामा भाषा शिक्षणका क्षेत्रमा आविष्कार भएका नयाँ नयाँ विधि प्रविधिहरू समावेश गरी सृजनात्मक क्षमताको विकासमा सहयोग पुऱ्याउनु पर्ने, समय-समयमा विद्वान्, शिक्षाविद्, शिक्षा क्षेत्रका सम्पूर्ण सरोकारवालाहरू बिच छलफल, अन्तर्क्रिया र सुझाव सङ्कलन गरी निर्देशिकामा रहेका व्यावहारिक समस्या हटाई नयाँ संस्करण गरिनु पर्ने जस्ता सुझावहरू पेश गरेकी छिन् ।

गौतम (२०७०) द्वारा **गुल्मी जिल्लाका प्राथमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन** शीर्षकमा तयार पारेको शोधपत्र प्राप्त हुन्छ । उक्त शोधपत्रमा मूलतः सर्वेक्षण विधिका आधारमा सम्पन्न गरिएको छ । अध्ययनका क्रममा गुल्मी भुर्तुङ्ग गा.वि.स. मा ५ वटा सामुदायिक विद्यालयका ५ जना तालिम प्राप्त र ५ जना तालिम अप्राप्त शिक्षक गरी जम्मा १० जना र निजी विद्यालयका १ जना तालिम प्राप्त र १ जना तालिम अप्राप्त गरी जम्मा २ जना शिक्षकहरूलाई नमुनाका रूपमा लिइएको पाइन्छ । नमुनाका रूपमा छानिएका शिक्षकहरूसँग १७ वटा ठिक बेठिक र ६ वटा अति छोटो उत्तर आउने प्रश्नहरू प्रश्नावलीमा समावेश गरी आवश्यक तथ्य सङ्कलन गर्नुको साथै २ वटा सामुदायिक १ वटा निजी विद्यालयमा गई कक्षा अवलोकन गरी प्राप्त तथ्यको छलफल र विश्लेषण गरी निष्कर्ष निकालिएको देखिन्छ ।

पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको परिचेखाउनु, गुल्मी जिल्लाका प्राथमिक तहमा नेपाली भाषा शिक्षण शिक्षक निर्देशिका अनुरूप भएको छ वा छैन पत्ता लगाउनु, अपेक्षित उद्देश्य हासिल गर्न शिक्षक निर्देशिका उपयोगी भए नभएको अध्ययन गर्नु, शिक्षक निर्देशिका प्रयोगका सम्बन्ध सन्दर्भमा देखापरेका समस्याहरू पत्ता लगाउनु जस्ता उद्देश्यमा उक्त अध्ययन केन्द्रित रहेको देखिन्छ । निर्देशिकाको प्रयोगले शिक्षकलाई पाठयोजना निर्माण गर्न, एकाइ योजना निर्माण गर्न र वार्षिक पाठयोजना निर्माण गर्न सहयोग पुऱ्याउँदछ । यसको प्रयोगले तालिम अप्राप्त शिक्षकलाई भाषा शिक्षणमा मार्गदर्शन गर्दछ । व्याकरणात्मक शिक्षणमा निगमनात्मक पद्धतिको अन्त्य गरी आगमनात्मक पद्धतिको प्रयोग निर्देशिकामा गरिएको हुन्छ । यसमा निर्णयात्मक मूल्याङ्कनलाई भन्दा निर्माणात्मक पद्धतिलाई जोड दिएको पाइन्छ । भाषा शिक्षणलाई भन्दा भाषिक सिप शिक्षणलाई जोड दिन्छ । निर्देशिकाले परम्परागत घोकन्ते र व्याख्यान विधिलाई भन्दा आधुनिक प्रश्नोतर, छलफल, खोज, प्रदर्शन तथा समस्या समाधान विधिलाई जोड दिएको हुन्छ । पाठ्यपुस्तकको अभावमा पनि निर्देशिकाको मद्दतले शिक्षण गर्न सकिन्छ । यसले पाठ्यक्रम र पाठ्यपुस्तकको उद्देश्य सहज तरिकाले पूरा गर्न सहयोग गर्दछ । कक्षाकोठामा सामूहिक छलफलहरू, उच्चारण, हिज्जे, सस्वरवाचन आदि क्रियाकलाप गर्न पनि निर्देशिकाले सहयोग पुऱ्याएको देखिन्छ यद्यपि यति हुँदाहुँदै पनि पाठ्यक्रमको उद्देश्य पूरा गर्न निर्माण गरिएको निर्देशिकामा पाठ्यभार भन्दा बढी घण्टी समावेश गरिएको छ । विधागत पाठ्यक्रम र घण्टी

बिच उचित सन्तुलन मिलेको देखिदैन । आधुनिक र वैज्ञानिक शिक्षण पद्धतिलाई भन्दा सैद्धान्तिक पद्धतिलाई जोड दिएको छ । निर्देशिकाको प्रयोग के कसरी गर्ने भन्ने बारेमा शिक्षकलाई प्रवोधिकरण, अभिमुखीकरण तालिमको व्यवस्था भएको पाइदैन । आधुनिक र वैज्ञानिक शिक्षण पद्धतिको प्रयोग गर्ने गरी निर्देशिका गयार नभई परम्परागत ढाँचामा आधारित निर्देशिका तयार भएको छ । शिक्षकमैत्री, बालमैत्री, वातावरण मैत्रीअनुसार निर्देशिका तयार भएको देखिदैन । शिक्षक निर्देशिका शिक्षकको प्रत्यक्ष सहभागिता र संलग्नतामा तयार नभई विद्वान्‌हरूबाट निर्देशित भई तयार गरिएकाले व्यावहारिक पक्षलाई समेटेको पाइँदैन । शिक्षकलाई सहजकर्ता नबनाई निर्देशकको रूपमा उभ्याएको पाइन्छ । निर्देशिका पूर्णता र पर्याप्तताका दृष्टिले अपूर्ण देखिएको तथा तल्ला कक्षामा उच्चारण, अनुलेखन, हस्तलेखन जस्ता अभ्यासलाई निर्देशिकाले उल्लेख नगरेको निष्कर्ष उक्त अध्ययनमा निकालिएको छ । साथै गौतमले पाठ्यपुस्तकमा उल्लेखित सम्पूर्ण विधा र क्षेत्रलाई निर्देशिकामा समेट्नु पर्ने, निर्देशिकामा पाठ्यपुस्तकका सबै पक्ष सिर्जनात्मक, विवेचनात्मक अभ्यास जस्ता पक्षलाई समेट्नु पर्ने, निर्देशिकामा समावेश विधाअनुसार शैक्षिक सामग्री छनोटमा विविधता ल्याउनु पर्ने, पाठ्यक्रममा उल्लेखित पाठ्यभार र निर्देशिकाको घण्टीबिच समानता हुनुपर्ने, शिक्षक निर्देशिकाको प्रयोग के कसरी गर्ने भन्ने बारेमा शिक्षकलाई तालिमको व्यवस्था गर्नु पर्ने, परम्परागत ढाँचाका शिक्षक निर्देशिका तयार नगरी आधुनिक र वैज्ञानिक शिक्षण पद्धतिको प्रयोग गर्ने गरी निर्देशिका तयार गरिनु पर्ने सुझाव समेत पेश गरेकी छिन् ।

जोशी (२०७०) ले नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरअन्तर्गत रही **बझाङ् जिल्लाका प्राथमिक तहका विद्यालयमा नेपाली भाषाको शिक्षक निर्देशिका प्रयोग र प्रभावकारिताको अध्ययन** शीर्षकको शोधपत्र तयार पारेको देखिन्छ । पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बिच आपसी सम्बन्ध देखाउनु, बझाङ् जिल्लाका प्राथमिक तहका विद्यालयमा शिक्षक निर्देशिका प्रयोगको अवस्था पत्ता लगाउनु, बझाङ् जिल्लाका प्राथमिक विद्यालयमा नेपाली भाषा शिक्षण शिक्षक निर्देशिकाअनुसार भए नभएको पत्ता लगाउनु, शिक्षक निर्देशिका प्रयोगमा देखिएका सबल र दुर्बल पक्षहरू पहिल्याउनु, शिक्षक निर्देशिकाको प्रभावकारी प्रयोगका निम्ति सुधारात्मक सल्लाह दिनु जस्ता उद्देश्यमा जोशीको अध्ययन केन्द्रित रहेको देखिन्छ । बझाङ् जिल्लाका प्राथमिक तहका सार्वजनिक र निजी गरी

५-५ वटा विद्यालय र ती विद्यालयमा नेपाली भाषा शिक्षण गर्ने १०-१० जना विषयगत शिक्षक, विषय विज्ञहरू, जिल्ला शिक्षा कार्यालय, पाठ्यक्रम विकास केन्द्र आदिलाई नमुनाका रूपमा लिई अध्ययन विश्लेषण गरिएको उक्त शोधमा क्षेत्र अध्ययन विधिको प्रयोग गरी ५-५ वटा सरकारी र निजी विद्यालयका १०-१० जना शिक्षकहरूका प्रत्यक्ष सम्पर्कमा गई प्रश्नावली फारम, अन्तरवार्ता तथा कक्षा अवलोकनका माध्यम बाट तथ्याङ्क सङ्कलन गरेको पाइन्छ साथै तथ्यात्र् सङ्कलनका क्रममा पुस्तकालयीय अध्ययन विधिको पनि प्रयोग गरेको देखिन्छ ।

निर्देशिका शिक्षकलाई कक्षा प्रस्तुतिका क्रममा निर्देशन प्रदान गर्ने एक असल र सहयोगी मित्र भएको, यसले तालिम प्राप्त/अप्राप्त, नवप्रवेशी, अनुभवी सबै शिक्षकहरूलाई शिक्षणका क्रममा प्रत्येक विधा र त्यससँग सम्बन्धित पाठहरू कति, कहिले, कसरी गर्ने भन्ने कुराको शिक्षणीय सुझका साथै पेसागत ज्ञान सिप अभिवृद्धिमा मद्दत पुऱ्याएको, निर्देशिकाले पाठ्यक्रमका उद्देश्य पूरा गर्न सहयोग गरेको, भाषिक सिप शिक्षणमा निर्देशिका सहयोगी साधन भएको तथा निर्देशिकाले योजनाबद्ध शिक्षणमा सघाउ पुऱ्याएको निष्कर्ष जोशीले उक्त अध्ययनमा निकालेका छन् । साथै उनले सो अध्ययनमा बझात्र जिल्ला जस्तो दुर्गम र पिछडिएका ठाउँमा निर्देशिका समयमै पुऱ्याउन सरोकारवालाले समयमा नै आवश्यक कदम चाल्नु पर्ने, तालिम अप्राप्त र नवप्रवेशी शिक्षकहरू निर्देशिका प्रयोगमा अनभिज्ञ देखिएकाले निर्देशिका प्रयोगसम्बन्धी तालिमको व्यवस्था गरिनु पर्ने, निर्देशिका प्रयोगले शिक्षणमा विविधता ल्याई रोचकता प्रदान गर्ने भएकाले निर्देशिका प्रयोग अनिवार्य हुनुपर्ने तथा निर्देशिकाको उचित प्रयोग भए नभएको सम्बन्धित निकायबाट अनुगमन गरिनु पर्ने सुझाव पेश गरेका छन् ।

यसरी पूर्वकार्यको समीक्षा गर्दा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी केही अध्ययन अनुसन्धानहरू भइसकेको पाइन्छ, तथापि नवप्रवेशी तालिम अप्राप्त तथा तालिम प्राप्त सबै शिक्षकलाई योजनाबद्ध शिक्षणका लागि सही मार्गनिर्देश गर्ने सन्दर्भ सामग्रीका रूपमा रहेको शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता प्रयोगको अवस्था, पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका बिचको अन्तरसम्बन्ध प्रस्ट पार्दै समस्या समाधानका लागि उचित सल्लाह सुझाव समेत प्रदान गरी विभिन्न तह र कक्षाका शिक्षक निर्देशिकाको प्रयोगावस्थासम्बन्धी अध्ययन विश्लेषण भएपनि विद्यालयहरूमा शिक्षक

निर्देशिका उपलब्धै नभएर हो वा भएर पनि सही ढङ्गले प्रयोग हुन सकेको छैन भनेर निर्देशिका उपलब्धताको अवस्थाको बारेमा पर्याप्त तथ्य सङ्कलन हुन नसकेको तथा शिक्षक निर्देशिकाको बारेमा शिक्षकहरूको विचार र दृष्टिकोणलाई अध्ययनको गौण विषय बनाइएकोले यस शोधपत्रमा सो विषयलाई प्राथमिकताका साथ अध्ययन गरिएको छ

## २.२ पूर्व अध्ययनको महत्त्व

अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, अनुसन्धान, पत्रपत्रिका तथा श्रव्य-दृश्य सामग्री पढेर सुनेर अध्ययन मनन गरेर र तिनको टिप्पणीमूलक अध्ययन गर्नु पूर्वकार्यको अध्ययन हो । पूर्वकार्यले यतिबेलासम्म भएका यावत् कृति तथा अनुसन्धानका सम्यक जानकारी दिने भएकाले यो महत्त्वपूर्ण मानिन्छ । पूर्व अध्ययनले अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुका साथै समस्यालाई राम्ररी बुझ्ने र विश्लेषण गर्ने सिप बढाउनुका साथै अनुसन्धानकर्तालाई अनुसन्धानमा कुनकुन विधि प्रयोग गर्ने, कस्ता सामग्री निर्माण गर्ने, कुनकुन क्षेत्रलाई समेट्ने जस्ता कुराका बारेमा जानकारी गराउँछ । यसकारण यसको महत्त्वलाई निम्न बुँदामा समेट्न सकिन्छ ।

१. पूर्व अध्ययनले समस्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न र अनुसन्धान पद्धति निर्क्योल गर्न सहयोग गर्दछ ।

२. अनुसन्धानलाई उपलब्धिमूलक बनाउन नवीन धारणा पहिल्याउन तथा नयाँ सिद्धान्तको खोजी गर्ने कुरामा यसले महत्त्व राख्दछ ।

३. सम्बन्धित विषयमा गहिरो ज्ञान प्राप्त गर्न अनुसन्धानलाई वैध र विश्वसनीय बनाउन पूर्व अध्ययनको महत्त्व रहेको हुन्छ ।

४. अनुसन्धानको ढाँचा निर्धारण गर्न उपर्युक्त र अनुकुल उपकरणको छनोट गर्न पूर्व अध्ययनले सहयोग पुऱ्याउँदछ ।

५. पहिले भएका अध्ययनहरूको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धान क्षेत्रहरू पत्ता लगाउन पूर्वकार्यको अध्ययन महत्त्वपूर्ण मानिन्छ ( गौतम, २०६९) ।

## २.३ सैद्धान्तिक परिचय

### २.३.१ भाषा पाठ्यक्रम

पाठ्यक्रम शिक्षाको मेरुदण्ड हो । यो समग्र शैक्षिक क्रियाकलापको बाटो हो । शिक्षाका उद्देश्य पूरा गर्नका लागि विद्यालयभित्र र बाहिर गरिने सम्पूर्ण क्रियाकलापहरू पाठ्यक्रमभित्र पर्दछन् । पाठ्यक्रम शिक्षण सिकाइको विशिष्ट योजना हो । भाषा पाठ्यक्रम कुनै पनि तह वा कक्षाका लागि भाषा शिक्षण गर्न र लक्ष्यित भाषाको सिप समझहरू स्तरअनुकूल विकास गर्नका लागि निर्माण गरिने मार्गदर्शक कार्यक्रम हो । वस्तुतः भाषा पाठ्यक्रमले सिकारुलाई भाषाका ४ वटै आधारभूत सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) प्रयोग शैलीमा दक्ष बनाउने अपेक्षा राख्दछ । जहाँ भाषा शिक्षणलाई योजनाबद्ध, उद्देश्यपूर्ण, सङ्गठित, व्यवस्थित र रुचिपूर्ण बनाउन भाषा पाठ्यक्रमले सहयोग पुर्‍याउँछ । भाषा शिक्षणलाई सफल र प्रभावकारी बनाउन सुनियोजित तरिकाले निर्माण गरिएको दस्तावेजलाई भाषा पाठ्यक्रम भनिन्छ । भाषा पाठ्यक्रमले भाषिक उद्देश्य, पाठ्यवस्तु, शैक्षिक सामाग्री, विधि र भाषिक मूल्याङ्कनलाई समेत समेटेको हुन्छ ।

भाषा पाठ्यक्रम भाषिक सिप विकासको आधारशीला हो । भाषा पाठ्यक्रमकै आधारमा भाषाका पाठ्यवस्तु निर्धारण भई भाषा पाठ्यपुस्तक निर्माण हुने र भाषा शिक्षकहरूलाई भाषिक सिपहरूको विकासका लागि अपनाउन सकिने कला कौशलहरूको सुझ समेत दिने भएकाले भाषा पाठ्यक्रमको महत्त्व अधिक मानिन्छ । त्यति मात्र नभइ भाषा शिक्षणलाई सिकारुको उमेर, रुचि, आवश्यकता र तिनीहरूको भाषिक पृष्ठभुमिको आधारमा सञ्चालन गर्न र भाषा शिक्षणलाई प्रभावकारी बनाउन उपयुक्त शैक्षिक वातावरण वा सिकाइयुक्त वातावरण निर्माण गर्न समेत सघाउ पुर्‍याउँछ । साथै भाषा शिक्षणमा आवश्यक भौतिक तथा मानवीय स्रोत साधनको जोहो गर्न समेत भाषा पाठ्यक्रमले सघाउँछ ।

भाषा पाठ्यक्रमका बारेमा विभिन्न विद्वान्हरूले दिइएका परिभाषा निम्नानुसार छन् :

"भाषा शिक्षणको लक्ष्य हासिल गर्न बनाइएको कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ । भाषा पाठ्यक्रम भनेको मानव जातिको सम्पुर्ण भाषिक ज्ञान र अनुभवहरूको सार

हो । भाषा पाठ्यक्रम भाषिक उद्देश्य, भाषिक विषयवस्तु, भाषिक प्रक्रिया, स्रोत एवम् भाषिक मूल्याङ्कनका साधन बुझिन्छ । जसलाई विद्यालयभित्र र बाहिर कक्षा शिक्षण वा सम्बन्धित कार्यक्रमद्वारा पूरा गर्ने योजनाबद्ध प्रयास गरिन्छ ।"- तुलसीप्रसाद ढुङ्गाना

"शिक्षाको उद्देश्य प्राप्तिका लागि विद्यालय तथा शिक्षकद्वारा विद्यार्थीका लागि तयार गरेको योजना र निर्देशनअनुसारको महत्त्वपूर्ण अनुभवहरूलाई पाठ्यक्रम भनिन्छ ।" - युनेस्को

माथि प्रस्तुत गरिएका परिभाषाहरूलाई केलाउँदा के भन्न सकिन्छ भने व्यावहारिक जीवनमा पूर्ण रूपमा सम्बन्ध राख्ने सम्पूर्ण क्रियाकलापको सङ्गठित रूप नै पाठ्यक्रमको आधुनिक विचार हो भने भाषा पाठ्यक्रम भन्नाले विद्यार्थीलाई भाषिक दृष्टिले शिक्षण संस्था वा विद्यालयहरूमा शैक्षिक अनुभवहरू प्रदान मानसिकताले तयार पारिएको एउटा बृहत् योजना हो, जसले मानवीय भाषिक अनुभवहरूलाई समेट्दछ र मूलतः भाषिक सिपहरूतर्फ केन्द्रित रहेको हुन्छ भन्ने बुझिन्छ ।

### २.३.२ भाषा पाठ्यपुस्तक

भाषा पाठ्यक्रमले निर्धारण गरेका भाषिक उद्देश्यहरू पूरा गर्न निर्माण गरिएको पाठ्यसामाग्री नै भाषा पाठ्यपुस्तक हो । भाषा पाठ्यपुस्तकभित्र पाठ्यक्रमका निर्धारित उद्देश्य पूरा गर्न कुन विधाको कति भाग, कति समयभित्र, कसरी सिकाउन सकिन्छ ? जस्ता पक्षहरूको मनन स्तरण तथा छनोट गरी विधा वा विषयवस्तु निर्धारण गरिन्छ । यो विद्यार्थीको स्तर, आवश्यकता, रुचि र उमेरअनुकुल हुने गरी निर्माण गरिएको हुन्छ ।

भाषा पाठ्यपुस्तकले पाठ्यक्रमका उद्देश्यहरू प्राप्तिका लागि विद्यार्थी र शिक्षक दुवैलाइ दिशानिर्देश गर्दछ । भाषा पाठ्यपुस्तकले शिक्षकलाई कुन विषयवस्तु के-कसरी प्रस्तुत गर्ने ? कति समय दिने ? कस्ता सामाग्रीको प्रयोग गर्ने ? र मूल्याङ्कनका लागि नमुना अभ्यासको समेत अवसर प्रदान गर्ने, स्वअध्ययन गरी सिकाइलाई स्थायी र प्रभावकारी बनाउन सहयोग गर्दछ । हाम्रो परिवेशमा हेर्ने हो भने पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य पूरा गर्ने एक प्रमुख र महत्त्वपूर्ण साधनका रूपमा पाठ्यपुस्तकलाई लिएको पाइन्छ ।

"पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिको लागि बनाइएको शैक्षिक कार्यक्रम हो ।"

( रा.शि.प.यो., २०२८)

“पाठ्यक्रम सिकाइको योजना हो ।” (हिल्डा टावा)

“पाठ्यक्रमलाई मानव जातिको सम्पूर्ण ज्ञान तथा अनुभवहरूको सारको रूपमा लिनुपर्दछ ।” (फ्रोवेल)

वास्तवमा भाषा पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न केवल भाषा पाठ्यपुस्तकको मात्र प्रयोग नगरी विभिन्न सहयोगी पुस्तकहरू, सन्दर्भ पुस्तकहरू र अन्य स्रोत सामाग्रीहरू पनि प्रयोग गर्न सकिन्छ तर स्रोत साधन र चेतनाको अभावका कारणले अधिकांश विद्यालयहरूमा केवल पाठ्यपुस्तकलाई नै साध्य वस्तुको रूपमा प्रयोग गरिएको पाइन्छ । यसरी भाषा पाठ्यपुस्तक भाषा पाठ्यक्रमको उद्देश्य पूरा गर्ने महत्तम साधनका रूपमा लिइन्छ । विधागत विविधता भाषा पाठ्यपुस्तकको एक महत्त्वपूर्ण विशेषता हो, जुन विधागत विविधताले भाषा सिकाइलाई सरल, सहज र सरस बनाउँछ । त्यसैले पाठ्यक्रमको अभावमा पनि पाठ्यपुस्तकलाइ नै पाठ्यक्रमको रूपमा धेरैजसो ठाउँमा प्रयोग गरिएको पाइन्छ ।

भाषा पाठ्यपुस्तकलाई चिनाउने क्रममा विभिन्न भाषाविद्हरूका विचारलाई पनि नियाल्नु आवश्यक देखिन्छ, जुन निम्नानुसार छन् :

”विद्यालय एवम् विद्यापिठहरूमा औपचारिक ढङ्गले पढाउने वस्तु नै पाठ्यपुस्तक हो ।“ (ने.बृ.श. )

”कुनै पाठ्यांशको विभिन्न एकाइहरूको शिक्षण सिकाइ क्रमबद्ध रूपमा हुन सकोस् भन्ने उद्देश्यले पाठ्यपुस्तकको रचना गरिन्छ ।“ (क्रोन वाक)

”पाठ्यपुस्तक भनेको शिक्षकका लागि निर्देशक, विद्यार्थीका लागि स्रोत सामाग्री, सिकिसकेका कुराहरूको स्थायी लेखाजोखा गर्ने क्रमबद्धता कायम गर्ने साधन, भाषा सिकाइको उल्लेख्य पक्ष, भाषातात्विक सिपको विकास गराउने स्थल पनि हो, त्यसैले पाठ्यपुस्तक भनेको विद्यार्थीहरूलाई छापिएका सामाग्रीतर्फ उनीहरूको अभिरुचि जागृत गराई आजीवन पाठक बनाउन प्रेरित गराउने महत्त्वपूर्ण साधन हो ।“ (न्यू वर्ड डिक्सनरी)

यी माथिका परिभाषाहरूलाई केलाउँदा पाठ्यपुस्तक भन्नाले कुनै पनि विषयमा शिक्षकलाई निर्देशित गरी विद्यार्थीलाई सिकाइप्रति जागरुक बनाउने तथा पुनरावृत्ति तथा

अभ्यासको सन्दर्भमा उपयोग गर्ने उद्देश्यअनुसार तयार गरिएको पाठ्यसामाग्री हो भन्न सकिन्छ । त्यस्तै भाषा पाठ्यपुस्तक 'एक मुद्रित शिक्षक' हो, जुन सिकारुहरूको भाषिक सिप र समझ्को विकास गर्ने महत्त्वपूर्ण साधन पनि हो । विशेषतः भाषिक अभ्यासमा जोड दिने गरी निर्माण गरिएको पुस्तक हो । भाषा पाठ्यपुस्तक भाषिक सिप, विषयवस्तु, विधा, भाषातत्त्व (व्याकरण) को समन्वयात्मक रूप हो । भाषा पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु भाषिक सिप सिकाउने साधनको रूपमा रहेका हुन्छन् । यसमा भाषातत्त्व ( व्याकरण) का विविध पक्षसहित विभिन्न सिर्जनात्मक क्रियाकलाप र अभ्यासहरू समेत दिइएको हुन्छ ।

### २.३.३ शिक्षक निर्देशिका

शिक्षक निर्देशिका शिक्षकका लागि कक्षा प्रस्तुतिकरणको आधार हो । यो शिक्षकका लागि निर्देशन हो । शिक्षक निर्देशिका शिक्षकलाई शिक्षणका क्रममा पाठ्यवस्तुको उद्देश्यभन्दा बाहिर नबहकिकन र उद्देश्यभित्र रही शिक्षण क्रियाकलाप सञ्चालन गर्न आधार प्रदान गर्ने एक महत्त्वपूर्ण साधन हो । शिक्षक निर्देशिकाले भाषा पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा निर्धारित भाषिक सिपहरूको विकास गर्न, सिकारुका भाषिक कठिनाइहरू बुझ्न र सोअनुसार भाषा शिक्षण गर्न सघाउँछ । भाषा पाठ्यक्रमको अपेक्षा र पाठ्यपुस्तकका विषयवस्तुलाई आत्मसाथ गर्न के-कस्ता विधि र कार्यकलाप अपनाउन सकिन्छ भन्ने कुरा निर्देशिकामा स्पष्ट उल्लेख गरिएको हुन्छ । हुनत भाषा पाठ्यपुस्तकमा 'शिक्षक निर्देशन' भन्ने शीर्षक राखेर आवश्यक निर्देशन दिइएको हुन्छ तर भाषा शिक्षणलाई विस्तृत, ओजपूर्ण र प्रभावकारी बनाउन शिक्षक निर्देशिका आवश्यक हुन्छ । अर्कोतर्फ सबै शिक्षकहरू तालिम प्राप्त पनि त हुँदैनन् भने कतिपय तालिम प्राप्त शिक्षकहरू पनि पाठ्यपुस्तकका विषयवस्तु घोकाउने र कण्ठ गराउनमै व्यस्त देखिन्छन् । त्यस अवस्थामा भाषा पाठ्यपुस्तकभित्र विषयवस्तुलाई कसरी शिक्षणमा उपयोग गर्ने र भाषा शिक्षणमा ती विषयवस्तुलाई साधनको रूपमा लिइ भाषाका आधारभूत सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) जस्ता भाषिक साध्यलाई प्राप्त गर्न सकिन्छ भन्नेतर्फ सजग बनाउने भएकाले पनि शिक्षक निर्देशिका हरेक भाषा शिक्षकहरूका लागि आवश्यक र उपयोगी साधन हुन गएको छ । शिक्षक निर्देशिकामा कुन भाषिक सिपको विकास गर्न के कस्ता क्रियाकलाप तथा अभ्यास गराउने ? कुन विधिको प्रयोग गर्ने ? ती पाठ्यवस्तुले कुन भाषिक सिप विकासको

अपेक्षा गरेको छ भन्ने कुराको अवगत गराउने भएकाले पनि भाषा शिक्षणमा शिक्षक निर्देशिकाको महत्त्व बढ्न गएको हो । यस्तै निर्धारित भाषिक सिपहरू निर्धारित समयमै प्राप्त गर्न कुन अभ्यासलाइ जोड दिने, के कस्ता मूल्याङ्कनका सामाग्रीहरू प्रयोग गर्ने, ती मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणका आधारमा भावी भाषिक क्रियाकलाप कसरी सुधार गर्ने, मूल्याङ्कन अभिलेख कसरी गर्ने र के कस्ता पूरक तथा सहकार्यकलाप प्रयोग गर्ने आदि सुझको विकास गराउने भएकाले भाषा शिक्षणलाई सार्थक बनाउन शिक्षक निर्देशिका उपयोगी मानिन्छ ।

भाषा शिक्षण महत्त्वहीन र अनावश्यक कुरामा नअल्मलिउन् बरु भाषा शिक्षणलाई समय सान्दर्भिक, वस्तुगत र उद्देश्य केन्द्रित बनाउन सकियोस् भन्नका लागि शिक्षक निर्देशिकाको प्रयोग महत्त्वपूर्ण हुन्छ । विद्यार्थीलाई प्रभावकारी भाषा सिकाइ क्रियाकलापहरू र अभ्यासहरूमा सरिक गराई भाषा पाठ्यपुस्तकको प्रभावकारी प्रयोग गराउनु नै शिक्षक निर्देशिकाको मूल आशय हो । शिक्षक निर्देशिकाले नव प्रवेशी शिक्षकलाई भाषा शिक्षणको वास्तविक मार्गमा डोऱ्याउँछ भने अनुभवी र तालिम प्राप्त शिक्षकलाई समेत आफ्ना तालिम, अनुभव र ज्ञान सिपलाई अझ व्यापक बनाउन मद्दत गर्दछ । त्यस्तै शिक्षकलाई आफ्नो पेसागत विकासमा टेवा पुऱ्याउने भएकाले निर्देशिकाको महत्त्व अधिक रहेको पाइन्छ ।

### २.३.४ शिक्षक निर्देशिकाको महत्त्व/उपयोगिता

पाठ्यक्रमले राखेका उद्देश्य पूरा गराउन सहयोग गर्ने एउटा 'मुद्रित शिक्षक' शिक्षक निर्देशिका हो । शिक्षक निर्देशिकामा पाठहरूको विधागत विविधताअनुसार प्रत्येक पाठहरूलाई सस्वरवाचन, शब्दोच्चारण, भाव, लय, व्याख्या विश्लेषण आदि आधारमा अनुमानित घन्टी, शिक्षण सामाग्री, शिक्षण विधि र मूल्याङ्कन प्रक्रियाको समेत उल्लेख हुने भएकाले यो शिक्षणलाई उद्देश्यमूलक, रोचक र प्रभावकारी बनाउने महत्त्वपूर्ण साधन हो । शिक्षणमा शिक्षक निर्देशिकाको महत्त्वलाई निम्नानुसार उल्लेख गरिएको छ :

(क) विभिन्न प्रकारका शैक्षणिक योजनाहरू (वार्षिक कार्ययोजना, कार्य तालिका, एकाइ योजना, दैनिक पाठयोजना ) निर्माण गर्न,

(ख) उपयुक्त भाषिक सिपको विकास गर्नका लागि उपयुक्त शिक्षण विधि, सामाग्री र मूल्याङ्कनका साधनहरूको छनोट गर्न,

(ग) पाठको प्रकृति र अपेक्षाअनुसार भाषा शिक्षण गर्न,

(घ) भाषिक कार्यकलापको छनोट गर्न,

(ङ) भाषा पाठ्यपुस्तकका विषयवस्तु र भाषिक सिपहरूबिच सम्बन्ध स्थापित गर्दै शिक्षण गर्न,

(च) भाषा शिक्षणलाई विद्यार्थीको उमेर, रुचि र आवश्यकताअनुसार उपयोगी बनाउन,

(छ) मूलतः भाषा शिक्षणलाई वस्तुगत, सरल, सहज, र वैज्ञानिक तथा भाषिक सिप केन्द्रित बनाउन,

यसरी शिक्षक निर्देशिकाले भाषा शिक्षकलाई सहयोग गरी दैनिक रूपमा भाषा शिक्षणलाई उद्देश्य केन्द्रित, व्यवस्थित र प्रभावकारी बनाई विद्यार्थीका इच्छा, चाहना र आवश्यकतालाई बुझेर कक्षा सञ्चालन गर्न मद्दत गर्दछ । भाषापाठ्यक्रमको अपेक्षा पाठ्यपुस्तकका विषयवस्तुहरूबिच उपयुक्त सन्तुलन कायम गर्दै भाषिक सिपहरूको अधिकतम् विकासका लागि शिक्षक निर्देशिका हरेक भाषा शिक्षकका लागि सहयोगी मित्र झैँ हुने देखिन्छ ।

## २.३.५ पाठ्यक्रम र पाठ्यपुस्तक अनुरूपताका दृष्टिले कक्षा ८ को शिक्षक निर्देशिकाको अध्ययन

पाठ्यक्रमका उद्देश्यअनुरूप शिक्षक निर्देशिकाको निर्माण गरिएको हुन्छ । पाठ्यक्रमको अध्ययन विना पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको अध्ययन असम्भव हुन्छ । त्यसैले प्रस्तुत अध्ययनमा पाठ्यक्रमले के कस्ता उद्देश्य राखेको हुन्छ भनी अध्ययन गरिन्छ ।

निम्नमाध्यमिक तह कक्षा ८ को पाठ्यक्रमले निम्नानुसार (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) उद्देश्य तय गरेको छ ।

### सुनाइ र बोलाइ सिप

१. शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरूका भिन्नता पहिल्याउन र सोहीअनुरूप शब्द उच्चारण गर्न

२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न

३. अरूले वर्णन गरेका कराहरू सुनी आफ्ना शब्दमा व्यक्त गर्न,

४. सञ्चार माध्यमका सूचनाहरू सुन्न र भन्न

५. विभिन्न किसिमका वर्णन तथा अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरू भन्न

६. साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी सुन्न र प्रतिकिया जनाउन

७. कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफल जस्ता मौखिक अभिव्यक्तिहरू ध्यानपुर्वक सुनी तिनमा भाग लिन

८. आफूले देखेसुनेका, पढेका, अनुभव गरेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाइ मौखिक वर्णन गर्न

९. मौखिक अभिव्यक्ति सुनेर प्रतिकिया दिन तथा हाउभाउ र अभिनयको ख्याल गर्न

१०. भन्न चाहेका कुरालाई शिष्ट भाषा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी ढङ्गले व्यक्त गर्न

११. समुदायका व्यक्तिहरूसँग शिष्टतापूर्वक कुराकानी गर्न

१२. वक्ताहरूको अभिव्यक्ति सुनी भाषिक मौलिकता पहिचान गर्न ।

**पढाइ सिप**

१. लिखित सामग्रीलाइ गति, यति मिलाइ शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न

२. पाठमा व्यक्त भावअनुसार गति, यति, लय मिलाई पढ्न

३. पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरू बताउन

४. विभिन्न उद्देश्यले लिखित सामग्रीहरूको मौन वाचन गर्न

५. विभिन्न प्रयोजनका लागि प्रबन्ध/निबन्ध, जीवनी र कथा पढ्न

६. साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी पढ्न र प्रतिकिया जनाउन

७. विभिन्न स्रोतका सामग्री तथा विधाका पाठहरू पढी शब्दभण्डार वृद्धि गर्न

८. पढेका पाठका शब्दहरूको उपयुक्त प्रयोग गर्न

९. उखान टुक्काहरूको अर्थ बुझी उपयुक्त ढङ्गले प्रयोग गर्न ।

**लेखाइ सिप**

१. हिज्जे र वाक्य गठन मिलाइ सफा र शुद्धसँग लेख्न

२. विभिन्न चिन्ह्को उपयुक्त ढङ्गले प्रयोग गर्न

३. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न

४. आफूले देखेसुनेका, पढेका, अनुभव गरेका वस्तु, वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न

५. सुनेका र पढेका विषयवस्तुको सारांस लेख्न

६. विभिन्न विषयहरूमा अनुच्छेद, चिठी, निवेदन, निमन्त्रणा पत्र, समवेदना, कथा, जीवनी र वादविवाद सिलसिला मिलाइ लेख्न

७. स्तरअनुसारका विषयहरूमा सिलसिला मिलाएर प्रबन्ध लेख्न

८. आफ्नो रुचिअनुसारका विषयमा मौलिक रचना गर्न

९. शब्दहरूलाई लिखित रूपमा उपयुक्त ढङ्गले प्रयोग गर्न

१०. पाठका विशिष्ट अंशहरूको भाव विस्तार/व्याख्या गर्न

११. व्याकरणसम्मत वाक्य रचना गर्न

१२. पाठमा प्रयुक्त उखानटुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न

१३. परियोजना कार्यका माध्यमले भाषिक समस्या समाधान गर्न ।

यसरी पाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्नका लागि निम्नमाध्यमिक तह कक्षा ८ को 'हाम्रो नेपाली' नामक पाठ्यपुस्तकमा जम्मा २४ वटा पाठहरू समावेश गरिएका छन् । जसमा प्रश्नहरूलाई पाठ्यविषयकै अन्त्यमा समावेश गरिएको छ । प्रत्येक पाठको अभ्यासमा छोटो उत्तर देउ, शब्दको अर्थ लेख, वाक्यमा प्रयोग गर, भाव वा आशय स्पष्ट पार सङ्क्षिप्त उत्तर देउ, खाली ठाउँ भर, ठिक बेठिक छुट्याऊ आदि प्रस्तुत गरिएको छ । कक्षा ८ को नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका २४ ओटा पाठहरूका निमित्त साप्ताहिक ५ पाठ्यभार र वार्षिक १७५ घण्टी विभाजन गरिएको छ । कक्षा ८ को वार्षिक परीक्षामा २५ प्रतिशत सुनाइ र बोलाइको प्रयोगात्मक मूल्याङ्कन गर्नुपर्ने र ७५ प्रतिशतको

लिखित मूल्याङ्कन गर्नुपर्ने व्यवस्थाका साथै प्रथम त्रैमासिक परीक्षादेखि वार्षिक परीक्षासम्बन्धी सम्पूर्ण कुराहरू पाठ्यक्रममा उल्लेख गरिएको छ ।(आधारभूत शिक्षा पाठ्यक्रम २०६९) ।

**तालिका नं. १**

**निम्नमाध्यमिक तह कक्षा ८ को कविता विधाको वर्गीकरण**

| क्र.सं. | कविता शीर्षक | पाठ्यवस्तु | अनुमानित घण्टी | कैफियत |
|---|---|---|---|---|
| १. | प्रश्नोत्तर | सस्वरवाचन र लयबोध,<br>शुद्धोच्चारण,<br>शब्दार्थ र वाक्यमा प्रयोग<br>भावबोध, व्याख्या, प्रश्नोत्तर, व्याकरण | ६ | |
| २. | किसान | सस्वरवाचन र लयबोध,<br>शुद्धोच्चारण,<br>शब्दार्थ र वाक्यमा प्रयोग<br>भावबोध, व्याख्या, प्रश्नोत्तर, व्याकरण | ६ | |
| ३. | ओखलढुङ्गा | सस्वरवाचन र लयबोध,<br>शुद्धोच्चारण,<br>शब्दार्थ र वाक्यमा प्रयोग<br>भावबोध, व्याख्या, प्रश्नोत्तर, व्याकरण | ७ | |
| ४. | पृथ्वी सन्देश | सस्वरवाचन र लयबोध,<br>शुद्धोच्चारण,<br>शब्दार्थ र वाक्यमा प्रयोग<br>भावबोध, व्याख्या, प्रश्नोत्तर, व्याकरण | ६ | |

## तालिका नं. २

## निम्नमाध्यमिक तह कक्षा ८ को कथा विधाको वर्गीकरण

| क.सं. | कथा शीर्षक | पाठ्यवस्तु | अनुमानित घण्टी | कैफियत |
|---|---|---|---|---|
| १. | खसीको तौल | सस्वरवाचन ,<br>शुद्धोच्चारण,<br>शब्दार्थ र वाक्यमा प्रयोग<br>शब्दभण्डार, वर्णविन्यास, बोध प्रश्नोत्तर, सारांश र व्याख्या, अभ्यास/व्याकरण | ७ | |
| २. | मनु | सस्वरवाचन ,<br>शुद्धोच्चारण,<br>शब्दार्थ र वाक्यमा प्रयोग<br>शब्दभण्डार, वर्णविन्यास, बोध प्रश्नोत्तर, सारांश र व्याख्या, अभ्यास/व्याकरण | ७ | |
| ३. | उपमन्युको परीक्षा | सस्वरवाचन ,<br>शुद्धोच्चारण,<br>शब्दार्थ र वाक्यमा प्रयोग<br>शब्दभण्डार, वर्णविन्यास, बोध प्रश्नोत्तर, सारांश र व्याख्या, अभ्यास/व्याकरण | ७ | |
| ४. | घर झगडा | सस्वरवाचन ,<br>शुद्धोच्चारण,<br>शब्दार्थ र वाक्यमा प्रयोग<br>शब्दभण्डार, वर्णविन्यास, बोध प्रश्नोत्तर, सारांश र व्याख्या, अभ्यास/व्याकरण | ८ | |
| ५. | नुनको सोझो | सस्वरवाचन ,<br>शुद्धोच्चारण,<br>शब्दार्थ र वाक्यमा प्रयोग<br>शब्दभण्डार, वर्णविन्यास, बोध प्रश्नोत्तर, सारांश र व्याख्या, अभ्यास/व्याकरण | ६ | |

## तालिका नं. ३

## निम्नमाध्यमिक तह कक्षा ८ अन्य पाठहरूको वर्गीकरण

| क.सं. | अन्य पाठ | पाठ्यवस्तु | अनुमानित घण्टी | कैफियत |
|---|---|---|---|---|
| १. | सबैको रक्षक कानुन | सस्वरपठन ,<br>र शुद्धोच्चारण,<br>शब्दभण्डार,<br>वर्णविन्यास (हिज्जे),<br>पठनबोध र तत्सम्बन्धी भाषिक सिप,<br>अनुच्छेद लेखन,<br>निबन्ध लेखन,<br>व्याकरण (वर्तमान कालका क्रियापदहरू) | <br>१<br>१<br>१<br>३<br>१<br>१<br>१ | ९<br>घण्टी |
| २. | गोपालप्रसाद रिमाल | सस्वरपठन ,<br>शुद्धोच्चारण,<br>शब्दभण्डार,<br>वर्णविन्यास<br>बोध सम्बन्धि छलफल र प्रश्नोत्तर<br>व्याकरण ( विशेषण) | १<br>१<br>१<br>२<br><br>१ | ६<br>घण्टी |
| ३. | दरबार | सस्वरपठन र शुद्धोच्चारण,<br>शब्दभण्डार,<br>वर्णविन्यास(हिज्जे),<br>पठनबोध र तत्सम्बन्धी भाषिक सिप,<br>निबन्ध लेखन,<br>व्याकरण (पूर्ण वर्तमान कालका क्रियापदहरू) | ८ | |

| | | | | |
|---|---|---|---|---|
| ४. | महाकवि कालिदास | सस्वरपठन ,<br>शुद्धोच्चारण,<br>शब्दभण्डार,<br>बोधसम्बन्धी प्रश्नोत्तर<br>बुँदा टिपोट र जीवनी लेखन<br>व्याकरण ( सर्वनामको परिचय) | ७ | |
| ५. | छात्रवृत्तिका लागि निवेदन | सस्वरपठन ,<br>शब्दभण्डार<br>प्रश्नोत्तर<br>चिठी लेखन | १<br>१<br>२<br>२ | ६ घण्टी |
| ६. | अन्तरिक्षयान | सस्वरपठन र शुद्धोच्चारण,<br>शब्दभण्डार,<br>पठनबोध र तत्सम्बन्धी भाषिक सिप,<br>निबन्ध लेखन | १<br>२<br>२<br>२ | ७ घण्टी |
| ७. | हामी एउटै हौं | संवाद पठन र शुद्धोच्चारण,<br>शब्दभण्डार (शव्दार्थ र वाक्यमा प्रपोग)<br>बोध र प्रश्नोत्तर<br>संवाद अभिनय र रचना<br>व्याकरण (निपात) | १<br>१<br>१<br>२<br>१ | ६ घण्टी |
| ८. | फ्लोरेन्स नाइटिङ्गेल | सस्वरपठन र शुद्धोच्चारण,<br>शब्दभण्डार,<br>वर्णविन्यास (हिज्जे)<br>पठनबोध<br>व्याकरण | १<br>१<br>१<br>२<br>१ | ६ घण्टी |
| ९. | वन्यजन्तु र तिनको सुरक्षा | सस्वरपठन र शुद्धोच्चारण,<br>शब्दभण्डार,<br>वर्णविन्यास (हिज्जे)<br>पठनबोध र तत्सम्बन्धी भाषिक सिप,<br>अनुच्छेद तथा निवन्ध लेखन<br>व्याकरण (वाच्य) | १<br>१<br>१<br>२<br>२<br>१ | ८ घण्टी |

| | | | | |
|---|---|---|---|---|
| १०. | समाज सेवाको बाटोमा | सस्वरपठन र शुद्धोच्चारण,<br>शब्दभण्डार,<br>चिठी लेखन<br>व्याकरण (वाच्य) | १<br>१<br>२<br>२ | ६ घण्टी |
| ११. | धन भन्दा विद्या ठूलो | वादविवाद पठन र बोध प्रश्नोत्तर<br>शब्दोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग<br>वर्णविन्यास ( लेख्य चिन्ह)<br>व्याकरण ( आदरको प्रयोग)<br>वादविवाद कार्यक्रम आयोजना | २<br>२<br>२<br>१<br>१ | ८ घण्टी |
| १२. | विश्वेश्वरप्रसाद कोइराला | सस्वरपठन र शुद्धोच्चारण,<br>शब्दभण्डार,<br>पठनबोधसम्बन्धी प्रश्नोत्तर<br>व्याख्या<br>जीवनी लेखन<br>व्याकरण (भाव) | १<br>१<br>२<br>१<br>१<br>२ | ८ घण्टी |
| १३. | म्याडम क्युरी | सस्वरपठन र शुद्धोच्चारण,<br>शब्दभण्डार,<br>वर्णविन्यास<br>पठनबोध<br>व्याख्या | १<br>१<br>३<br>२<br>१ | ८ घण्टी |
| १४. | पर्यटन | सस्वरपठन र शुद्धोच्चारण,<br>शब्दभण्डार,<br>वर्णविन्यास (हिज्जे)<br>पठनबोध र तत्सम्बन्धी भाषिक सिप,<br>निवन्ध लेखन<br>व्याकरण (नाम र विशेषण) | १<br>१<br>१<br>२<br>१<br>१ | ७ घण्टी |
| १५. | जैविक नियन्त्रण विधि | सस्वरपठन र शुद्धोच्चारण,<br>शब्दभण्डार,<br>वर्णविन्यास (हिज्जे)<br>पठनबोध र तत्सम्बन्धी भाषिक सिप,<br>व्याकरण (कारक र विभक्ति) | १<br>१<br>१<br>२<br>१ | ६ घण्टी |

**तालिका नं. ४**

**निम्नमाध्यमिक तह कक्षा ८ को भाषातत्त्व (व्याकरण) विधाको वर्गीकरण**

| क्र.सं. | शीर्षक | विवरण |
|---|---|---|
| १. | पदवर्ग | नाम, सर्वनाम, विशेषण, क्रियापदहरू, अव्यय |
| २. | पदसङ्गति | लिङ्ग, वचन, पुरुष, आदर |
| ३. | क्रियाको काल | भूतकाल, वर्तमान काल, भविष्यत् काल |
| ४. | पक्ष | सामान्य पक्ष, अपूर्ण पक्ष, पूर्णपक्ष, अज्ञात पक्ष, अभ्यस्त पक्ष |
| ५. | भाव/अर्थ | सामान्यार्थ, इच्छार्थ, आज्ञार्थ, सम्भावनार्थ |
| ६. | शव्द निमार्ण पक्रिया | रूपायन, व्युत्पादन |
| ७. | लेख्य चिन्ह | अल्पविराम, पूर्णविराम, प्रश्नवाचक, उद्गार, अर्ध विराम, कोष्ठक, योजक, निर्देशक चिन्ह |
| ८. | वाच्य | कर्तृवाच्य, कर्मवाच्य, भाववाच्य |
| ९. | वर्णविन्यास | ह्रस्व-दीर्घ सम्बन्धी नियम, ब/व, श/ष/स, य/ए, पञ्चमवर्ण(ङ, ञ, ण, न, म) सम्बन्धी नियम, छ/क्ष, रि/ऋ सम्बन्धी नियम, शिरबिन्दु र चन्द्रबिन्दु, अजन्त र हलन्त, पदयोग र पद वियोगसम्बन्धी नियम |
| १०. | शव्दभण्डार | तत्सम शब्द, तत्भव शब्द, आगन्तुक शब्द |

शिक्षक निर्देशिका, पाठ्यक्रम र पाठ्यपुस्तकअनुसार निर्माण गरिन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकअनुरूप निम्नमाध्यमिक तह कक्षा ८ को निर्देशिकालाई विश्लेषण गर्दा पाठ्यपुस्तकमा रहेका विधाहरूलाई विभिन्न पाठ्यवस्तु र पाठ्यघण्टीमा विभाजन गरी प्रत्येक पाठ्यवस्तुलाई अनुमानित घण्टी समेत निर्धारण गरिएको छ । प्रत्येक पाठको अध्यापन कार्य सस्वरवाचन र शब्दोच्चारणबाट आरम्भ गरिएको छ । साथै प्रश्नोत्तर, व्याख्यान, सारांश, शब्दार्थ र वाक्यमा प्रयोग, भावबोध जस्ता पाठ्यवस्तुहरू समावेश गरी विद्यार्थीहरूमा सिर्जनशीलता र आत्मविश्वास जाग्नुका साथै भाषालाई शुद्धसँग सुन्न, वोल्न, पढ्न र लेख्न सक्ने दक्षताको विकास हुन सकोस् भन्ने पनि निर्देशिका निर्देशित रहेको छ ।

भाषाको चारवटै सिपको विकासमा विद्यार्थीहरूलाई अधिक मात्रामा सहभागी गराउन शिक्षकलाई मद्दत मिल्न सकोस् भन्ने उद्देश्यले शिक्षक निर्देशिकाका पाठका क्रियाकलापहरूलाई समायोजन गर्ने प्रयास गरिएको छ । तसर्थ पाठ्यपुस्तक र पाठ्यक्रम अनुरूप निर्देशिका सकारात्मक रहेको पाइन्छ (हाम्रो नेपाली किताव शिक्षक निर्देशिका, २०६७) ।

## २.४ भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाबिचको अन्तरसम्बन्ध

### २.४.१ भाषा पाठ्यक्रम र पाठ्यपुस्तक

शिक्षण सिकाइको योजनाबद्ध र व्यवस्थित कार्यक्रम नै पाठ्यक्रम हो । हरेक विषयको प्रकृतिअनुसार पाठ्यक्रमको प्रकृति पनि भिन्नै प्रकारको हुन्छ । विषय र प्रकृतिका आधारमा भाषापाठ्यक्रम भनेको कुनै पनि कक्षा वा तहका लागि भाषिक आवश्यकताहरूको विश्लेषण गरी तिनै आवश्यकताहरू परिपूर्ति गर्ने ध्येयले उपयुक्त किसिमका उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, अङ्कभार, समयभार आदिको व्यवस्थित तर्जुमा गरेर निर्माण गरिएको मूल कार्यक्रम हो । भाषा पाठ्यक्रमका अपेक्षाहरू पूरा गर्न विभिन्न किसिमका स्रोत र सामाग्रीहरूको आवश्यकता पर्दछ । शिक्षण सिकाइका अपेक्षा र मर्महरूलाई शिक्षक, विद्यार्थी, शिक्षण गर्ने उपयुक्त स्थान, आवश्यक भवन, फर्निचर तथा विभिन्न प्रकारका पाठ्यसामाग्रीहरूको संयुक्त प्रयासबाट पूरा गर्न सकिन्छ तर पाठ्यक्रमका अपेक्षाहरू पूरा गर्ने महत्त्वपूर्ण र भरपर्दो सामाग्री भने पाठ्यपुस्तक नै हो । विधागत विविधता र विषयवस्तुको छनोट तथा स्तरण गरी भाषिक सिपहरूको प्रकृतिअनुसार भाषा पाठ्यपुस्तक तयार गरिन्छ ।

शिक्षकहरूलाई भाषा पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्नका लागि योजनाबद्ध ढङ्गले शिक्षण गर्न, अभ्यास गराउन र विद्यार्थीहरूलाई उद्देश्यानुसार पढ्न र अभ्यास गर्न उपयुक्त तथा भरपर्दो साधन भाषापाठ्यपुस्तक हो । जुन शिक्षण वा सिकाइका क्रममा बढी प्रयोगमा आउने गर्दछ ।

भाषा पाठ्यक्रमले भाषा सिकाइको सैद्धान्तिक अवधारणा प्रदान गरेको हुन्छ भने पाठ्यपुस्तकले पाठ्यक्रमका तिनै सैद्धान्तिक अवधारणालाई आत्मसाथ गरेर व्यवहारिक प्रस्तुति दिएको हुन्छ । अझ भन्नुपर्दा पाठ्यक्रम सूत्रात्मक हुन्छ भने पाठ्यपुस्तक

व्याख्यात्मक किसिमको हुन्छ । पाठ्यक्रमले शिक्षण उद्देश्यहरूको सूची निर्धारण गरेको हुन्छ भने पाठ्यपुस्तकले सूचीबद्ध उद्देश्य पूरा गर्ने किसिमले पाठ्यसामाग्रीहरूको प्रस्तुति गरेको हुन्छ । शिक्षण सामाग्री र शिक्षण कार्यकलापको निर्देशनलाई आत्मसाथ गर्दै पाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्न पाठ्यपुस्तक उत्कृष्ट सामाग्री हो । अतः पाठ्यक्रमविना पाठ्यपुस्तक निर्माण हुँदा अव्यवस्थित, योजनाविहीन किसिमको हुन्छ भने पाठ्यपुस्तकविनाको पाठ्यक्रम प्रयोगविहीन हुन जान्छ । यस सन्दर्भमा पाठ्यक्रम र पाठ्यपुस्तक नितान्त सम्बन्धित शैक्षिक सामाग्री हुन् । यी दुवैबिचको सम्बन्धलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

(क) पाठ्यक्रमले उद्देश्यहरू तर्जुमा गर्दछ भने पाठ्यपुस्तकले तर्जुमा गरेका उद्देश्यहरू पूरा गर्ने गर्दछ ।

(ख) भाषा पाठ्यक्रम भाषिक सिप विकासको पहिलो दस्तावेज हो भने भाषा पाठ्यपुस्तक पाठ्यक्रमपछिको दस्तावेज हो ।

(ग) पाठ्यक्रमले आवश्यक शिक्षण विधि, सामाग्री र मूल्याङ्कन क्रियाकलापको निर्देशन गरेको हुन्छ भने पाठ्यपुस्तकले तिनको व्यावहारिक प्रस्तुति दिएको हुन्छ ।

(घ) पाठ्यक्रममा विषयवस्तु अनुसारको समयभार, अङ्कभार दिइएको हुन्छ भने तिनै समयभार, अङ्कभारअनुसार विषयवस्तुको व्यावहारिक प्रस्तुति पाठ्यपुस्तकमार्फत् गरिन्छ ।

अतः भाषा पाठ्यपुस्तक भाषा पाठ्यक्रमले निर्देश गरेका सैद्धान्तिक/धारणात्मक कुराहरूलाई व्यवहारमा उतार्न सहयोग गरी उद्देश्यसम्म पुग्न सघाउने साधन हो । पाठ्यक्रम साध्य हो भने पाठ्यपुस्तक साधन हो । पाठ्यक्रमका निर्देशनहरूलाई सकारात्मक ढङ्गले मनन गरी पाठ्यपुस्तक निर्माण गर्नुपर्दछ । यदि पाठ्यक्रमलाई पाठ्यपुस्तकले पछ्याउन सकेन भने शिक्षण सिकाइको लामो यात्रा अशुभ र गन्तव्यविहीन यात्रा बन्दछ । भाषा पाठ्यपुस्तक पाठ्यक्रमकै दायरामा मात्र घुमफिर गर्न पाउँछ न कि दायराभन्दा बाहिर अतः पाठ्यक्रमको उद्देश्य पूरा गर्ने भरपर्दो र महत्त्वपुर्ण सामाग्री नै पाठ्यपुस्तक हो । यी दुवैबिच नङ र मासुको जस्तै सम्बन्ध रहेको छ ।

### २.४.२ भाषा पाठ्यक्रम र शिक्षक निर्देशिका

पाठ्यक्रम सिकाइको एक बृहत् योजना हो भने भाषिक सिप शिक्षणका लागि तय गरिएको भाषा शिक्षणसम्बन्धी कुनै कक्षा वा तहका लागि तयार गरिएको मार्गदर्शक कार्यक्रम भाषा पाठ्यक्रम हो । विद्यार्थीको इच्छा, चाहना, क्षमता, आवश्यकता र पूर्व भाषिक पृष्ठभूमिको आधारमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) शिक्षण गर्नका लागि भाषा पाठ्यक्रममा उद्देश्य निर्धारण गरिएको हुन्छ भने तिनै भाषिक सिप सिकाउनका लागि शिक्षक निर्देशिकाको प्रयोग गरिएको हुन्छ । भाषापाठ्यक्रमद्वारा तोकिएको उद्देश्य सहज रूपमा पूरा गर्नका लागि निर्देशिकाले मुख्य भूमिका खेलेको हुन्छ, जसले गर्दा शिक्षकका लागि र सिकारु दुवैका लागि फाइदा पुग्ने देखिन्छ ।

शिक्षक निर्देशिकाले पाठ्यक्रमले राखेका उद्देश्यलाई व्यावहारिक रूपमा पूरा गर्न कस्ता सामाग्री, विधि, क्रियाकलाप र मूल्याङ्कनका साधनहरू कसरी प्रयोग गर्ने भन्ने तरिका शिक्षकलाई सिकाउँछ । त्यसैले भाषा पाठ्यक्रम विद्यालयभित्र र बाहिरी परिवेशमा प्रयोग हुने मानव जातिको भाषिक ज्ञान र अनुभवहरूको सार हो भने शिक्षक निर्देशिका तिनै ज्ञान र अनुभवहरूलाई सबल तुल्याउँदै कतिपय पाठ्यक्रममा अस्पष्ट रहेका कुराहरूलाई स्पष्ट पार्दै व्यवहारमा अभ्यस्त बनाउँदै लैजाने साधन हो । समग्रमा भन्नुपर्दा पाठ्यक्रमलाई पछ्याउने निर्देशिका र निर्देशिकाले प्रयोगका लागि लिने आधार पाठ्यक्रमकाबिच अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ । त्यसैले पाठ्यक्रमविना निर्देशिका अस्तित्वमा आउन सक्दैन भने निर्देशिकाविना पाठ्यक्रम अपुरो र अधुरो ठहरिन्छ । यी दुवैको प्रभावकारी प्रयोगविना सफल र सार्थक सिकाइको परिकल्पना पनि गर्न सकिदैन ।

### २.४.३ भाषा पाठ्यपुस्तक र शिक्षक निर्देशिका

पाठ्यक्रममा उल्लेखित सैद्धान्तिक र धारणात्मक कुराहरूलाई पाठ्यक्रमको अभावमा पनि वैकल्पिक साधनको रूपमा प्रयोगमा ल्याउन सकिने महत्त्वपूर्ण साधन पाठ्यपुस्तक हो भने भाषिक सिप शिक्षणका लागि भाषिक सिपसम्बन्धी आधारभूत भाषा सामाग्रीहरू प्रस्तुत गरिएको साधन भाषा पाठ्यक्रम हो ।

पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक निर्माण गरिएको हुन्छ भने पाठ्यपुस्तकमा उल्लेखित सामाग्रीलाई व्यवहारमा उतार्ने शैली प्रस्तुत गरिएको सामाग्री शिक्षक निर्देशिका

हो । पाठ्यक्रमले विभिन्न उद्देश्यहरू राखेको हुन्छ, जुन उद्देश्यहरू विषयका आधारमा फरक फरक हुने गर्दछन् । विभिन्न विषयहरूमध्ये भाषा विषयको सन्दर्भमा भाषिक सिप शिक्षणको उद्देश्य पाठ्यक्रममा तोकिएको हुन्छ भने सोही उद्देश्य पूरा गर्नको लागि भाषा पाठ्यपुस्तक तयार गरिएको हुन्छ । जुन पाठ्यपुस्तक आधिकारिक र महत्त्वपूर्ण सामाग्री मानिन्छ । भाषा पाठ्यक्रमको अपेक्षाअनुसार भाषा पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुलाई मुर्त रूप दिनको लागि शिक्षक निर्देशिकाले मुख्य भुमिका खेलेको हुन्छ । भाषा पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु कसरी, कुन कार्यकलापद्वारा, कति समयमा, कति विषयवस्तु, कस्तो शैक्षिक सामाग्रीको प्रयोग गरी शिक्षण गर्दा फाइदा हुने गर्दछ वा सिकाउन र सिक्न कसरी सहज हुन्छ अथवा कसरी भाषिक सिपको विकास गर्न सकिन्छ भन्ने कुराको सुझ शिक्षक निर्देशिकाले दिन्छ । त्यस्तै कक्षाकोठामा व्यवस्थित, योजनाबद्ध रूपमा शिक्षण गरी विद्यार्थीमा रोचकता पैदा गर्दै विद्यार्थी केन्द्रित वस्तुनिष्ठ भाषा शिक्षण गर्न निर्देशिका सहयोगी साधन बनेको हुन्छ । यस मानेमा भन्न सकिन्छ कि पाठ्यपुस्तकलाई सहज रूपमा विद्यार्थी माझ कार्यान्वयन गर्न निर्देशिकाको प्रयोग गर्ने नरिन्छ, जुन शिक्षकका लागि अपरिहार्य पक्ष मानिन्छ । निर्देशिका शिक्षकका लागि असल मित्र हो भने विद्यार्थीका लागि फाइदाजनक तत्त्व हो ।

यसरी पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकालाईसँगै राखेर हेर्दा पाठ्यक्रम सिकाइको बृहत् योजना, पाठ्यपुस्तक त्यो योजनालाई व्यावहारिक रूपमा पूरा गराउने साधन र शिक्षक निर्देशिका पाठ्यपुस्तकलाई व्यावहारिक रूपमा ढाल्ने शैली सिकाउने औजार हो भन्न सकिन्छ । जसलाई बुँदागत रूपमा यसरी उल्लेख गरिएको छ :

(क) पाठ्यक्रमका उद्देश्य पूरा गर्नका लागि पाठ्यपुस्तक र शिक्षक निर्देशिका तयार गरिएका हुन्छन् ।

(ख) भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको झैँ शिक्षक निर्देशिकाको पनि अभिष्ट लक्ष्य सिकारुहरूमा भाषिक सिपको विकास गर्नु नै रहेको हुन्छ ।

(ग) भाषा पाठ्यक्रमका आधारमा भाषा पाठ्यपुस्तक निर्माण भएझैँ शिक्षक निर्देशिका पनि पाठ्यक्रम र पाठ्यपुस्तकको मर्मअनुसार निर्माण भएको हुन्छ ।

(घ) पाठ्यक्रमले स्पष्ट पार्न नसकेका कुराहरू पाठ्यपुस्तकले स्पष्ट पार्दछ भने पाठ्यपुस्तकलाई अझ योजनाबद्ध रूपमा कक्षाकोठामा प्रस्तुत गर्ने काम शिक्षक निर्देशिकाले गर्दछ ।

(ङ) पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो भने पाठ्यपुस्तक र शिक्षक निर्देशिका कक्षा प्रस्तुतिकरणका माध्यम हुन ।

(च) पाठ्यपुस्तक र निर्देशिका निर्माण र मूल्याङ्कनको मूल आधार पाठ्यक्रम हो ।

शिक्षणको उद्देश्य प्राप्त गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रम पाठ्यक्रम हो । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउने सामाग्री पाठ्यपुस्तक र निर्देशिका हुन् । त्यसैले पाठ्यक्रमलाई आधार मानेर पाठ्यपुस्तक र पाठ्यपुस्तकमा आधारित भएर शिक्षक निर्देशिका तयार गरिएको हुन्छ । जसबाट यी तिनैबिच अन्योन्याश्रित रहेको कुरा स्वतः पुष्टि हुन आउँछ । अतः पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको व्यवस्थित प्रयोग र प्रभावकारी कार्यान्वयनले शैक्षणिक कार्य अगाडि बढाउन सकिन्छ ।

यसरी पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बिचको अन्तरसम्बन्ध घनिष्ट रहेको स्पष्ट रूपमा देख्न सकिन्छ । पाठ्यक्रममा उद्देश्य तय गरिएको हुन्छ, तय गरिएका उद्देश्य पूरा गर्ने भरपर्दो र सबैलाई सहज हुने सामाग्री पाठ्यपुस्तक हो भने पाठ्यपुस्तकलाई कक्षामा कसरी प्रस्तुत गर्ने भन्ने साँचो शिक्षक निर्देशिका हो, जसले शिक्षण कार्यलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । पाठ्यक्रम सैद्धान्तिक धारणात्मक कुराहरू प्रस्तुत गरिएको शिक्षण सिकाइको बृहत् योजना हो । पाठ्यपुस्तक सैद्धान्तिक र धारणात्मक कुरालाई विषयको प्रकृतिअनुसार विविध विधागत वितरण गरिएको सामाग्री हो, जसलाई पाठ्यक्रमको अभावमा वैकल्पिक प्रयोगमा ल्याउन सकिन्छ भने शिक्षक निर्देशिका पाठ्यपुस्तकमा उल्लेखित विविध विधाहरूलाई कक्षामा शिक्षकलाई कसरी प्रस्तुत गर्ने भन्ने शैली सिकाउने साधन हो । अतः यी तीनवटै सामाग्रीहरूबिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ ।

# अध्याय तिन

## अध्ययन विधि र प्रक्रिया

अध्ययन तथा अनुसन्धान कार्यलाई निश्चित नियम तथा विधिको आधारमा गर्न सके मात्र त्यसको निष्कर्षलाई सामान्यीकरण गर्न सकिन्छ । सर्वेक्षण विधिमा आधारित यस अध्ययनमा निम्न बमोजिमका अनुसन्धानका विधिको प्रयोग गरिएको छ ।

### ३.१ अध्ययनको ढाँचा

छलफल र विश्लेषणमा आधारित यो अध्ययन मूलतः सिन्धुपाल्चोक जिल्लाको साँगाचोक, ईर्खु, चौतारा र माङ्खा गा.वि.स.मा अवस्थित निम्नमाध्यमिक तहका सामुदायिक तथा निजी विद्यालयहरूमा शिक्षक निर्देशिकाको प्रयोग तथा निर्देशिकाको प्रयोगले शिक्षणमा पारेको प्रभावमा केन्द्रित रहेको छ । अध्ययनका क्रममा तथ्याङ्क सङ्कलनका लागि प्राथमिक स्रोतका रूपमा उक्त विद्यालयका शिक्षक शिक्षिकाहरूलाई नमुनाको रूपमा छनोट गरी प्रश्नावली, अन्तर्वार्ता र अवलोकनका माध्यमबाट सूचना सङ्कलन गरिएको छ । द्वितीय तथ्याङ्क सङ्कलन गर्दा प्रकाशित तथा अप्रकाशित स्रोतबाट तथ्याङ्क सङ्कलन गरी यिनीहरूलाई विश्लेषण र तालिकामा प्रकाशित गरिएकाले यस अध्ययनको ढाँचा गुणात्मक, परिमाणात्मक र विश्लेषणमा आधारित रहेको छ ।

### ३.२ जनसङ्ख्या र नमुना अथवा अध्ययन क्षेत्र

प्रस्तुत अध्ययनमा सिन्धुपाल्चोक जिल्लाका साँगाचोक, ईर्खु, चौतारा र माङ्खा गा.वि.स.मा अवस्थित निम्नमाध्यमिक विद्यालयहरूलाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ । साथै १० ओटा सामुदायिक विद्यालयका २० जना र ६ ओटा निजी विद्यालयका १२ जना नेपाली विषयका शिक्षकहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । त्यस्तै ८ ओटा सामुदायिक विद्यालयका १६ जना र ४ ओटा निजी विद्यालयका ८ जना नेपाली भाषा शिक्षकलाई नमुनाको रूपमा छनोट गरिएको छ ।

### ३.३ नमुना छनोट पद्धति

अध्ययन तथा अनुसन्धान कार्य निश्चित नियम तथा उद्देश्य लिएर गरिने हुँदा यस अनुसन्धानमा प्रयोजनमूलक नमुना छनोट पद्धतिलाई आधार मानेर अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्क/सूचना सङ्कलनका साधनहरू

यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलनका लागि निम्नानुसारका साधनहरू प्रयोग गरिएको थियो ।

### ३.४.१ प्रश्नावली

यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलन गर्न शिक्षक प्रश्नावली परिशिष्ट १ बमोजिम प्रश्नावली फाराम तयार पारिएको थियो । उक्त प्रश्नावलीमा समाविष्ट रहेका १५ वटा ठिक बेठिक र १० वटा अति छोटो उत्तर दिने प्रश्नहरू शिक्षकलाई सोधी उनीहरूबाट उपलब्ध गराइएका तथ्यहरूलाई छलफलको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको थियो ।

### ३.४.२ अन्तर्वार्ता

उक्त प्रश्नावलीहरू लिएर अध्ययनकर्ता स्वयम् अध्ययन क्षेत्रमा पुगी प्रत्यक्ष रूपमा उत्तरदातासँग आमनेसामने बसी प्रश्नोत्तरको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको थियो ।

### ३.४.३ कक्षा अवलोकन

यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक स्रोतका तथ्यहरूलाई सङ्कलन गर्न शिक्षकले पाठ प्रारम्भ कसरी गर्दछन्, शैक्षिक सामग्रीको प्रयोग गर्दछन् वा गर्दैनन्, कुन विधिको प्रयोग गर्दछन् मूल्याङ्कन कसरी गर्दछन् भनी परिशष्ट २ बमोजिम कक्षा अवलोकन फारम निमार्ण गरिएको थियो । जसलाई निम्न, मध्यम, उत्तम, अतिउत्तम र कैफियतका माध्यमबाट देखाइएको छ ।

## ३.५ तथ्याङ्क /सूचना सङ्कलन पद्धति

यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलन गर्न परिशिष्ट १ र २ बमोजिमका प्रश्नावली र कक्षा अवलोकन फारम तयार पारिएको थियो । उक्त प्रश्नावली र कक्षा अवलोकन फारामहरू लिएर अध्ययनकर्ता स्वयम् अध्ययन क्षेत्रमा पुगी प्रत्यक्ष रूपमा उत्तरदातासँग बसी प्रश्नोत्तरका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । तथ्याङ्क सङ्कलनको द्वितीयक स्रोतको खोजी गरी आवश्यक ठाउँमा अध्ययनकर्ता

स्वयम् उपस्थित भई द्वितीयक तथ्याङ्क सङ्कलन गरिएको थियो । तथ्याङ्क सङ्कलनका दुईवटा स्रोतहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ३.५.१ प्राथमिक स्रोत

यस अध्ययनमा प्राथमिक स्रोतको रूपमा निम्नमाध्यमिक तहको नेपाली पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, प्रश्नावली, अन्तर्वार्ता, कक्षा अवलोकनका साथै विषयविज्ञबाट प्रदान गरिएका सुझावहरू रहेका छन् ।

### ३.५.२ द्वितीयक स्रोत

यसअन्तर्गत पत्रपत्रिकामा छापिएका लेखहरू, प्रकाशित/अप्रकाशित लेखरचना, अप्रकाशित शोध प्रबन्धहरूको सहयोग लिइएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र मूल्याङ्कन पद्धति

यस अध्ययनमा सङ्कलित गुणात्मक एवम् परिमाणात्मक तथ्याङ्कहरूको व्याख्या र विश्लेषण गरिएको छ । तालिका र प्रतिशतको माध्यमबाट तथ्याङ्कको विश्लेषण गरिएको छ भने मूल्याङ्कनका लागि आवश्यक प्रश्नावली र कक्षा अवलोकनको माध्यमबाट निम्न, मध्यम, उत्तम र अतिउत्तमका आधारमा मूल्याङ्कन गरिएको छ ।

# अध्याय चार

# व्याख्या र विश्लेषण

## ४.१ शिक्षक प्रश्नावली मार्फत् प्राप्त तथ्यको परिणाम, छलफल र विश्लेषण

प्रस्तुत अध्ययन सिन्धुपाल्चोक जिल्लाका निम्नमाध्यमिक तह **“कक्षा आठमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन”** शीर्षकमा सिन्धुपाल्चोक जिल्लाका साँगाचोक, ईर्खु, चौतारा र माङ्खा गा.वि.स.मा रहेका ८ ओटा सामुदायिक ४ ओटा निजी विद्यालयमा गरी १२ ओटा विद्यालयका कक्षा ८ मा नेपाली भाषा विषय अध्यापन गर्ने १२ जना शिक्षकसँग प्रश्नावली मार्फत् छलफल गरी तथ्याङ्क सङ्कलन गरिएको छ । साथै सामुदायिक र निजी ८ + ४ वटा गरी १२ ओटा विद्यालयका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन र केही शिक्षकहरूसँग मौखिक छलफल समेत गरी आवश्यक तथ्य सङ्कलन गरिएको छ ।

उक्त तथ्यलाई सामान्य साङ्ख्यिकीय विश्लेषण गर्ने दृष्टिले व्यवस्थित गएिको छ । छलफल तथा परिणामलाई सङ्ख्यामा उल्लेख नगरी वस्तुगत रूप दिन प्रतिशतमा ढाली अध्ययनलाई अगाडि सारिएको छ । जसअन्तर्गत शिक्षक प्रश्नावली फाराममा समावेश गरिएका प्रश्नहरूलाई छुट्टाछुट्टै तालिकामा राखी शिक्षकद्वारा उपलब्ध गराइएका तथ्यहरूलाई छलफल गरी प्राप्त परिणामलाई प्रतिशत सहित विश्लेषण गरिएको छ ।

तालिकाअनुसार शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको प्रतिशतमा गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका कुल सङ्ख्या २४ मध्ये निजी विद्यालयका ४ र सामुदायिक विद्यालयका ८ गरी १२ जनाको अध्ययन गरिएको छ । यसै गरी सोही प्रश्नावली मार्फत् प्राप्त सकरात्मक तथा नकरात्मक उत्तरलाई तालिम प्राप्त र अप्राप्त गरी अध्ययन गरिएको छ ।

तलका भनाई ठिक भए (√) र बेठिक भए बेठिक (×) चिन्ह लगाउनुहोस् भनी दिइएको १५ वटा प्रश्नमा सिन्धुपाल्चोक जिल्लाका सामुदायिक र निजी तथा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूबाट प्राप्त तथ्यलाई यसरी छलफल गरी विश्लेषण गरिएको छ ।

**प्र.न.(१) विद्यालयमा शिक्षक निर्देशिका शैक्षिक सत्र सुरु भएको समयमा उपलब्ध भई सो अनुसार शिक्षण गर्ने अवसर पाउनु भएको छ वा छैन** ? प्राप्त परिणाम :

**तालिका नं.५** (क)

| **विद्यालय** | **सकारात्मक** | **नकारात्मक** | **शिक्षक** | **सकारात्मक** | **नकारात्मक** |
|---|---|---|---|---|---|
| सामुदायिक | ६३% | ३७ % | तालिम प्राप्त | ६६% | ३४% |
| निजी | १००% | - | तालिम अप्राप्त | १००% | - |

विद्यालयमा शिक्षक निर्देशिका शैक्षिक सत्र सुरु भएको समयमा उपलब्ध भई सोअनुसार शिक्षण गर्ने अवसर पाउनु भएको छ वा छैन । भन्ने प्रश्नमा सामुदायिक विद्यालयसँग सम्बन्धित ६३% निजी विद्यालयसँग सम्बन्धित ३७% ले बेठिक उत्तर दिनुका साथै तालिम प्राप्तले ६६% र अप्राप्तले १००% ठिक उत्तर व्यक्त गरेबाट शिक्षक निर्देशिकाको उपलब्धता निजी विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा न्यून रहेको पाइन्छ । साथै तालिम प्रयोग गर्न नपाएको धारणा व्यक्त गरेबाट सम्बन्धित निकायले शैक्षिक सत्रको सुरुदेखि नै निर्देशिका प्रयोग गर्न सक्ने गरी उपलब्ध गराउनु पर्ने कुरा प्रष्ट हुन आउँछ ।

**प्र.न.(२) पाठ्यक्रमले तोकेका उद्देश्य पूरा गर्न निर्देशिकाअनुसार शिक्षण गर्न आवश्यक ठान्नुहुन्छ** ? प्राप्त परिमाण :

**तालिका नं.५** (ख)

| **विद्यालय** | **सकारात्मक** | **नकारात्मक** | **शिक्षक** | **सकारात्मक** | **नकारात्मक** |
|---|---|---|---|---|---|
| सामुदायिक | १००% | - | तालिम प्राप्त | १००% | - |
| निजी | १००% | - | तालिम अप्राप्त | १००% | - |

शिक्षक निर्देशिकाको निर्माण पाठ्यक्रमलाई केन्द्रमा राखी पाठ्यपुस्तकका पाठहरूअनुरूप गरिन्छ । पाठ्यक्रमले तोकेका उद्देश्य पूरा गर्न निर्देशिकाअनुसार शिक्षण गर्न

आवश्यक ठान्नुहुन्छ भनी शिक्षकहरू समक्ष गरिएको प्रश्नावलीमा सामुदायिक तथा निजी र तालिम प्राप्त तथा अप्राप्त सम्पूर्ण शिक्षकहरूले दिएको १००% सकारात्मक धारणाले प्रतिनिधित्व गर्दछ । त्यसैले शिक्षक निर्देशिकाअनुरूप शिक्षण गर्नाले पाठ्यक्रमका उद्देश्य पूरा गर्न मद्दत गर्नुका साथै शिक्षण प्रभावकारी र शिक्षण कार्यमा गुणात्मक परिवर्तन ल्याउन सहयोग पुऱ्याउँछ ।

**प्र.न.(३) तपाइँले शिक्षणको क्रममा दैनिक रूपमा निर्देशिका प्रयोग गर्नुभएको छ ?** प्राप्त परिमाण

**तालिका नं.५ (ग)**

| **विद्यालय** | **सकारात्मक** | **नकारात्मक** | **शिक्षक** | **सकारात्मक** | **नकारात्मक** |
|---|---|---|---|---|---|
| सामुदायिक | ६३% | ३७% | तालिम प्राप्त | ५६% | ४४% |
| निजी | २५% | ७५% | तालिम अप्राप्त | ३४% | ६६% |

शिक्षक निर्देशिका शिक्षकको असल मित्र हो । यसको दैनिक प्रयोगले शिक्षण कार्यलाई सहज तथा प्रभावकारी बनाउन मद्दत गर्दछ । शिक्षणका क्रममा दैनिक रूपमा रूपमा निर्देशिका प्रयोग गर्नुभएको छ भन्ने प्रश्नमा सामुदायिक विद्यालयसँग सम्बन्धित ६३% र निजीतर्फ २५% ले सकारात्मक धारणा र सामुदायिक तर्फ ३७% र निजी तर्फ ७५% ले नकारात्मक धारणा प्रस्तुत गरेको पाइयो । त्यस्तै तालिम प्राप्तले र तालिम अप्राप्तले ३४% ले सकारात्मक र ६६% ले नकारात्मक धारणा प्रस्तुत गरेबाट दैनिक रूपमा निर्देशिका प्रयोग नभइरहेको प्रष्ट हुन्छ । सामुदायिक विद्यालयतर्फ ३७%, निजी विद्यालयतर्फ ७५% र तालिम प्राप्त ४४% र तालिम अप्राप्त ६६% ले दैनिक रूपमा निर्देशिका प्रयोग गर्न नसकेको धारणा व्यक्त गरेकाले निर्देशिकाको दैनिक र प्रभावकारी तर्फ शिक्षकहरूलाई अभिप्रेरित गर्नुपर्ने देखिन्छ ।

**प्र.न.(४) पाठ्यक्रमका सबै विधा समेटेर निर्देशिका तयार गरेको पाइन्छ** ? प्राप्त परिमाण :

**तालिका नं.५ (घ)**

| **विद्यालय** | **सकारात्मक** | **नकारात्मक** | **शिक्षक** | **सकारात्मक** | **नकारात्मक** |
|---|---|---|---|---|---|
| सामुदायिक | ८८% | १२% | तालिम प्राप्त | ७७% | २३% |
| निजी | ५०% | ५०% | तालिम अप्राप्त | ६७% | ३३% |

शिक्षक निर्देशिका पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा तयार गरिन्छ । निर्देशिकामा पाठ्यक्रमले निर्धारण गरेका सबै विधा क्षेत्र तथा पाठ्यभार उल्लेख गरेको हुनुपर्दछ । पाठ्यक्रमका सबै विधा समेटेर निर्देशिका तयार गरेको पाइन्छ ? भन्ने प्रश्नमा सामुदायिक विद्यालयतर्फ ८८% सकारात्मक, १२% नकारात्मक तथा निजीतर्फ ५०% सकारात्मक, ५०% नकारात्मक र तालिम अप्राप्त शिक्षकबाट ६७% सकारात्मक र ३३% नकारात्मक धारणा व्यक्त भएको पाइयो । यस तथ्यका आधारमा निर्माण गरिए तापनि थोरै मात्रामा अझ केही कमजोरीहरू रहेकाले पाठ्यक्रमअनुरूप परिमार्जन गरी प्रयोगमा ल्याउनु पर्ने निष्कर्ष निकालिएको छ ।

**प्र.न.(५) निर्देशिकामा राखिएका सबै क्रियाकलापहरू उपयुक्त, व्यवहारिक र उद्देश्यअनुरूप छन्** ? प्राप्त परिमाण

**तालिका नं.५ (ङ)**

| **विद्यालय** | **सकारात्मक** | **नकारात्मक** | **शिक्षक** | **सकारात्मक** | **नकारात्मक** |
|---|---|---|---|---|---|
| सामुदायिक | ५०% | ५०% | तालिम प्राप्त | ४४% | ५६% |
| निजी | २५% | ७५% | तालिम अप्राप्त | ३३% | ६७% |

प्रभावकारी, उपयुक्त र व्यावहारिक क्रियाकलाप सञ्चालन गर्न सकेको खण्डमा मात्र सिकाइ दीगो बन्न सक्छ । तर्सथ शिक्षक निर्देशिकामा उल्लेख गरिएका शिक्षण कार्यकलापहरू उपयोगी र उद्देश्य उन्मुख हुनुपर्दछ । निर्देशिकामा राखिएका सबै

क्रियाकलापहरू उपयुक्त, व्यावहारिक र उद्देश्यअनुरूप छन् ? भन्ने प्रश्नमा सामुदायिक विद्यालयका शिक्षकले ५०% ठिक र ५०% बेठिक र निजी विद्यालयका शिक्षकले २५% ठिक र ७५% बेठिक उत्तर दिएको पाइयो साथै तालिम प्राप्त शिक्षकले ४४% तालिम अप्राप्त शिक्षकले ३३% ठिक र तालिम प्राप्त ५६% र अप्राप्त ६७% बेठिक उत्तर प्राप्त भएबाट निर्देशिकाका कार्यकलापले व्यवहारिक पक्षलाई समेट्न नसकेको देखिन्छ । तसर्थ निर्देशिकामा परम्परागत विधि तथा कार्यकलापभन्दा आधुनिक तथा वैज्ञानिक र व्यावहारिक पद्धति र कार्यकलाप समावेश गरिनुपर्ने तथ्य प्रष्ट हुन आउँछ ।

**प्र.न.(६) यदि निर्देशिका प्रयोग गरी शिक्षण गर्नूहुन्छ भने त्यसले तोकेअनुसारका शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनका सामग्री प्रयोग गर्नुहुन्छ** ? प्राप्त परिणाम :

**तालिका नं.५ (च)**

| विद्यालय | सकारात्मक | नकारात्मक | शिक्षक | सकारात्मक | नकारात्मक |
|---|---|---|---|---|---|
| सामुदायिक | ६३% | ३७% | तालिम प्राप्त | ६७% | ३३% |
| निजी | ५०% | ५०% | तालिम अप्राप्त | ३३% | ६७% |

निर्देशिकामा शैक्षणिक उद्देश्य, सामग्री, क्रियाकलाप तथा मूल्याङ्कन प्रक्रिया समेत समावेश गरिएको हुन्छ । निर्देशिका प्रयोग गरी शिक्षण गर्नुहुन्छ भने त्यसले तोकेअनुसारका शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनका सामग्री प्रयोग गर्नुहुन्छ ? भनी शिक्षकहरू समक्ष राखिएको प्रश्नावलीमा सामुदायिक ६३% र निजी ५०% सकरात्मक तथा सामुदायिक ३७% र निजी ५०% नकरात्मक त्यस्तै तालिम प्राप्त ६७% तालिम अप्राप्त ३३% सकरात्मक र तालिम प्राप्त ३३% तालिम अप्राप्त ६७% नकरात्मक धारणा प्राप्त भयो । यसबाट निजी विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा निर्देशिका बमोजिम सामग्री र कार्यकलापको सञ्चालन भएको पुष्टि हुन आउँछ । निर्देशिकालाई अझ उपयोगी बनाउन समय-समयमा परिमार्जन गर्दै लानुपर्ने देखिन्छ ।

**प्र.न.(७) पाठ्यक्रम र पाठ्यपुस्तकले राखेको अपेक्षा पूरा गर्न शिक्षक निर्देशिकाले सहयोग गरेको छ** ? प्राप्त परिणाम :

**तालिका नं.५ (छ)**

| **विद्यालय** | **सकारात्मक** | **नकारात्मक** | **शिक्षक** | **सकारात्मक** | **नकारात्मक** |
|---|---|---|---|---|---|
| सामुदायिक | १००% | - | तालिम प्राप्त | १००% | - |
| निजी | १००% | - | तालिम अप्राप्त | १००% | - |

निर्देशिकामा शैक्षणिक उद्देश्य, सामग्री, क्रियाकलाप तथा मूल्याङ्कन प्रक्रिया समेत समावेश गरिएको हुन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकले राखेको अपेक्षा पूरा गर्न शिक्षक निर्देशिकाले सहयोग गरेको छ ? भनी शिक्षकहरू समक्ष राखिएको प्रश्नावलीमा सामुदायिक तथा निजी विद्यालयका शिक्षकहरूको १००% सकरात्मक धारणा व्यक्त हुनुका साथै तालिम प्राप्त तथा अप्राप्त सबै शिक्षकहरूबाट १००% सकरात्मक राय प्रस्तुत भएबाट पाठ्यक्रमका उद्देश्य पूरा गर्ने महत्त्वपूर्ण सहयोगी सामग्री शिक्षक निर्देशिका भएको तथ्य प्रष्ट हुन आउँछ ।

**प्र.न.(८) निर्देशिकामा पाठ्यघण्टीहरूको समान वितरण पाउनुहुन्छ** ? प्राप्त परिणाम :

**तालिका नं.५ (ज)**

| **विद्यालय** | **सकारात्मक** | **नकारात्मक** | **शिक्षक** | **सकारात्मक** | **नकारात्मक** |
|---|---|---|---|---|---|
| सामुदायिक | ३८% | ६२% | तालिम प्राप्त | ४४% | ५६% |
| निजी | २५% | ७५% | तालिम अप्राप्त | ३३% | ६७% |

पाठ्यक्रममा हरेक विषयका लागि निश्चित पाठ्यभार निर्धारण गरिएको हुन्छ । पाठ्यक्रमकै आधारमा निर्देशिकामा तयार गरिने भएकाले पाठ्यक्रमले निर्धारण गरेको पाठ्यभारलाई विशेष ख्याल गरी निर्देशिका निर्माण गर्नुपर्ने हुन्छ । निर्देशिकामा पाठ्यघण्टीहरूको समान वितरण पाउनुहुन्छ भन्ने प्रश्नमा सकारात्मक भन्दा नकारात्मक

धारणा बढी पाइयो । जसमा सामुदायिक विद्यालयतर्फ ३८% सकारात्मक र ६२% नकारात्मक, निजीतर्फ २५% मात्र सकारात्मक र ७५% नकारात्मक जवाफ तथा तालिम प्राप्त शिक्षकहरूबाट ४४% सकारात्मक र ५६% सकारात्मक र ६७% नकारात्मक उत्तर आएबाट निर्देशिकामा पाठ्यघण्टीहरूको समान वितरण हुन नसकेको देखिन्छ । निर्देशिका पाठ्यभारअनुरूप पाठ्यघण्टी छुट्याउनु पर्ने यसो नहुँदा निर्देशिका प्रयोगमा अन्यौलता सिर्जना हुन सक्ने निष्कर्ष निकालिएको छ ।

**प्र.न.(९) निर्देशिकाअनुसार शिक्षण गर्दा विद्यार्थीहरूमा रुचि पैदा भएको पाउनुहुन्छ** ? प्राप्त परिणाम :

**तालिका नं.५ (झ)**

| **विद्यालय** | **सकारात्मक** | **नकारात्मक** | **शिक्षक** | **सकारात्मक** | **नकारात्मक** |
|---|---|---|---|---|---|
| सामुदायिक | ८८% | १२% | तालिम प्राप्त | ८८% | १२% |
| निजी | २५% | ७५% | तालिम अप्राप्त | ६७% | ३३% |

शिक्षक निर्देशिकाले शिक्षण सिकाइलाई अर्थपूर्ण र प्रभावकारी बनाउने भएकाले विद्यार्थीको उमेर, स्तर, रुचि, क्षमता, भाषिक ज्ञान जस्ता कुराको बारेमा जानकारी गराई शिक्षकलाई निर्देशन गरेको हुन्छ । निर्देशिकाले विद्यार्थीलाई सक्दो सक्रिय बनाउन र उनीहरूको व्यक्तिगत आचरणमा परिवर्तन ल्याउन मद्दत गरेको हुन्छ साथै विषयवस्तुप्रति झुकाव, लगनशीलता, इमान्दारिता, शिक्षकसँग सोध्ने बानीको विकास जस्ता कुरामा सहयोग पुऱ्याएको हुन्छ । निर्देशिकाअनुसार शिक्षण गर्दा विद्यार्थीहरूमा रुचि पैदा भएको पाउनुहुन्छ ? भनी शिक्षकहरूसँग राखेको प्रश्नमा सामुदायिक विद्यालयमा ८८% निजी ७५% तालिम प्राप्त ८८% अप्राप्त ६७% शिक्षकले सकरात्मक धारणा व्यक्त गरेको पाइयो । त्यस्तै सामुदायिक १२% निजी २५% तालिम प्राप्त १२% अप्राप्त ३३% नकरात्मक धारणा पाइयो । यसबाट के स्पष्ट हुन्छ भने निर्देशिकाअनुसार शिक्षण गर्दा विद्यार्थीहरूमा सिकाइप्रति रुचि बढाउन सहयोग गर्दछ भन्ने निष्कर्ष रहेको छ ।

**प्र.न.(१०) निर्देशिकामा दिइएको भाषिक सिप शिक्षण गर्ने र मूल्याङ्कन गर्ने तरिका सान्दर्भिक लाग्छ** ? प्राप्त परिणाम :

**तालिका नं.५ (ञ)**

| **विद्यालय** | **सकारात्मक** | **नकारात्मक** | **शिक्षक** | **सकारात्मक** | **नकारात्मक** |
|---|---|---|---|---|---|
| सामुदायिक | ८८% | १२% | तालिम प्राप्त | ८८% | १२% |
| निजी | ५०% | ५०% | तालिम अप्राप्त | ३३% | ६७% |

भाषा शिक्षण गर्नु भनेको भाषिक सिपको शिक्षण सिपको शिक्षण गर्नु हो । अर्थात सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषाका चार ओटै सिपमा विद्यार्थीलाई सक्षम बनाउने नै भाषा शिक्षण हो । तसर्थ निर्देशिकामा भाषिक सिप शिक्षण गर्ने उपयुक्त तथा प्रभावकारी तरिका र रचनात्मक मूल्याङ्कन प्रक्रियालाई समावेश गर्नुपर्ने हुन्छ । त्यसैले माथिको प्रश्न शिक्षकहरूलाई राख्दा दिएको उत्तरमा सामुदायिक विद्यालयमा ८८%, निजी ५०% र तालिम प्राप्त ८८%, तालिम अप्राप्त ३३% सकारात्मक धारणा व्यक्त भएको पाइन्छ भने नकारात्मक

पक्षमा सामुदायिक १२%, निजी ५०%, तालिम प्राप्त १२% र तालिम अप्राप्त ६७% परिणाम पाइयो । यसबाट निर्देशिकामा दिइएको भाषिक सिप शिक्षण गर्ने र मूल्याङकन गर्ने तरिका सान्दर्भिक नै छ भन्ने धारणाको पुष्टि भएको पाइन्छ ।

**प्र.न.(११) निर्देशिका प्रयोगसम्बन्धी तालिम दिन आवश्यक छ** ? प्राप्त परिणाम :

**तालिका नं.५ (ट)**

| **विद्यालय** | **सकारात्मक** | **नकारात्मक** | **शिक्षक** | **सकारात्मक** | **नकारात्मक** |
|---|---|---|---|---|---|
| सामुदायिक | ७५% | २५% | तालिम प्राप्त | ७७% | २३% |
| निजी | ७५% | २५% | तालिम अप्राप्त | ६७% | ३३% |

निर्देशिकाले योजनाबद्ध तथा प्रभावकारी शिक्षणका लागि शिक्षकलाई मार्ग निर्देश गर्दछ । तालिम प्राप्त शिक्षकलाई त यसले त्यसै पनि थप मद्दत पुऱ्याइरहेको हुन्छ भने

तालिम अप्राप्त शिक्षकलाई समेत सही मार्ग निर्देश गर्ने काम शिक्षक निर्देशिकाले गरेको हुन्छ । तथापि निर्देशिकाको उचित, योजनाबढ तथा प्रभावकारी प्रयोगका लागि भने यससम्बन्धी तालिमको पनि आवश्यकता पर्न आउँछ । यस सन्दर्भमा माथिको प्रश्न शिक्षकहरू समक्ष राख्दा सामुदायिक ७५%, निजी ७५% तालिम प्राप्त ७७% तालिम अप्राप्त शिक्षकहरूबाट ६७% सकारात्मक धारणा प्रस्तुत भएबाट निर्देशिकाको प्रयोगका सम्बन्धमा समय समयमा तालिमको आवश्यकता पर्ने निष्कर्ष निकालिएको छ ।

**प्र.न.(१२) निर्देशिकाको प्रभावकारी प्रयोग गर्न तालिम प्राप्त शिक्षक हुन आवश्यक छ ?**

प्राप्त परिणाम :

**तालिका नं.५** (ठ)

| **विद्यालय** | **सकारात्मक** | **नकारात्मक** | **शिक्षक** | **सकारात्मक** | **नकारात्मक** |
|---|---|---|---|---|---|
| सामुदायिक | ७५% | २५% | तालिम प्राप्त | ७७% | २३% |
| निजी | ७५% | २५% | तालिम अप्राप्त | १००% | - |

निर्देशिकाको सही प्रयोग गर्न सकेको खण्डमा सिकाइ प्रभावकारी हुनुका साथै पाठ्यक्रमका उद्देश्य पुरा गर्न संभव हुन्छ । निर्देशिकामा उल्लेख गरिएका असल निर्देशनहरूलाई रचनात्मक तरिकाले शिक्षणमा प्रयोग गर्न सक्ने सिप तालिम प्राप्त शिक्षकहरूमा नै हुने गर्दछ । तसर्थ निर्देशिकाको प्रभावकारी प्रयोग गर्न तालिम प्राप्त शिक्षक हुन आवश्क छ भनी शिक्षकहरू समक्ष राखिएको प्रश्नावलीमा सामुदायिक ७५%, निजी ७५%, तालिम प्राप्त ७७%, तालिम अप्राप्त १००% सकारात्मक जवाफ तथा सामुदायिक २५%, निजी २५% तालिम प्राप्त २३% प्राप्त परिमाणका आधारमा पनि निर्देशिकाको व्यावहारिक, सार्न्दभिक, प्रभावकारी तथा रचनात्मक प्रयोगका लागि तालिम प्राप्त शिक्षक हुनुपर्ने तथ्य पुष्टि भएको छ ।

**प्र.न.(१३) निर्देशिकाको प्रयोग विना पनि शिक्षण प्रभावकारी हुन सक्छ** ? प्राप्त परिणाम :

**तालिका नं.५ (ड)**

| **विद्यालय** | **सकारात्मक** | **नकारात्मक** | **शिक्षक** | **सकारात्मक** | **नकारात्मक** |
|---|---|---|---|---|---|
| सामुदायिक | ८८% | १२% | तालिम प्राप्त | ८८% | १२% |
| निजी | ७५% | २५% | तालिम अप्राप्त | ६६% | ३४% |

पाठ्यक्मले राखेका उद्देश्य पूरा गर्न महत्त्वपूर्ण भूमिका खेल्ने सहयोगी सामग्रीका रूपमा शिक्षक निर्देशिकालाई लिइन्छ । निर्देशिकाको प्रयोगबाट नै तोकिएको समयसिमा भित्र पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुलाई प्रभावकारी रूपमा सञ्चालन र समापन गर्न सकिन्छ । पाठ्यक्रमको उद्देश्य पूरा गर्न मद्दत गर्ने उत्तम विकल्पका रूपमा निर्देशिकालाई लिन सकिन्छ । निर्देशिकाको प्रयोग विना शिक्षण प्रभावकारी हुन सक्छ भन्ने प्रश्नमा प्राप्त परिणामअनुसार सामुदायिक ८८%, निजी ७५%, तालिम प्राप्त ८८%, अप्राप्त ६६% सकारात्मक वा निर्देशिका विना शिक्षण प्रभावकारी हुन सक्दैन भन्ने पक्षमा विचार प्रस्तुत गरेको पाइयो । त्यस्तै सामुदायिक १२%, निजी २५%, तालिम प्राप्त १२%, तालिम अप्राप्त ३४% नकारात्मक धारणा प्रस्तुत भएको पाइयो । यस परिणामलाई हेर्दा प्रभावकारी शिक्षणका लागि निर्देशिकाको प्रयोग अपरिहार्य भएको तथ्य पुष्टि हुन आउँछ ।

**प्र.न.(१४) निर्देशिकामा उल्लेखित सामग्रीहरू विद्यालयमा उपलब्ध छन्** ? प्राप्त परिणाम

**तालिका नं.५ (ढ)**

| **विद्यालय** | **सकारात्मक** | **नकारात्मक** | **शिक्षक** | **सकारात्मक** | **नकारात्मक** |
|---|---|---|---|---|---|
| सामुदायिक | २५% | ७५% | तालिम प्राप्त | २३% | ७७% |
| निजी | ३३% | ६७% | तालिम अप्राप्त | ३४% | ६६% |

शैक्षिक सामग्रीको प्रयोगबाट सिकाइलाई जीवन्त बनाउन सकिन्छ । दीगो तथा प्रभावकारी सिकाइका लागि शैक्षिक सामग्री अपरिहार्य मानिन्छ । शिक्षक निर्देशिकामा पनि

शैक्षिक सामग्रीको प्रयोगलाई महत्त्वका साथ निर्देश गरेको देखिन्छ । सामग्रीको प्रयोगले छोटो समयमा धेरै विषयवस्तुको ज्ञान दिन सक्नुका साथै विद्यार्थीमा धारणात्मक सिकाइको विकास हुने भएकाले त्यसको महत्त्व ज्यादै बढी छ । शिक्षकहरू समक्ष राखेको माथिको प्रश्न अनुसार सामुदायिक २५%, निजी ३३%, तालिम प्राप्त २३%, अप्राप्त ३४% सकारात्मक र सामुदायिक ७५%, निजी ६७%, तालिम प्राप्त ७७%, तालिम अप्राप्त ६६% नकारात्मक धारणा व्यक्त भएकाले निर्देशिकामा उल्लेखित सामग्रीहरू विद्यालयमा न्युन मात्रामा मात्र उपलब्ध भएको पाइन्छ । यसर्थ स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोगतर्फ अभिप्रेरित गर्दै जानुपर्ने र स्थानीय स्तरका सामग्री निर्माण तथा प्रयोग बढाउनु पर्ने निष्कर्ष निकालिएको छ ।

**प्र.न.(१५) निर्देशिकामा स्थानीय सामग्री प्रयोगको निर्देशन दिइएको छ** ? प्राप्त परिणाम :

**तालिका नं.५ (ण)**

| **विद्यालय** | **सकारात्मक** | **नकारात्मक** | **शिक्षक** | **सकारात्मक** | **नकारात्मक** |
|---|---|---|---|---|---|
| सामुदायिक | १००% | - | तालिम प्राप्त | १००% | - |
| निजी | १००% | - | तालिम अप्राप्त | १००% | - |

शैक्षिक सामग्रकिो प्रयोगले शिक्षण कार्यलाई सहज बनाउन मद्दत गर्दछ । दीगो, व्यवहारिक तथा प्रभावकारी सिकाइका लागि शैक्षिक सामग्री अनिवार्य तथा अपरिहार्य साधन हो । स्थानीय स्तरमा निर्माण र प्रयोग गर्न सकिने शैक्षिक सामग्रीहरूको महत्त्व अत्यन्तै बढी हुने गर्दछ । निर्माण गर्न तथा प्रयोग गर्न सजिलो हुनका साथै शिक्षण सिकाइ क्रियालापलाई बढी प्रभावकारी र रोचक बनाउन समेत स्थानीय स्तरका सामग्रीले महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले उत्तम शैक्षिक सामग्रीको रूपमा स्थानीय सामग्रीलाई लिने गरेको पाइन्छ । माथिको प्रश्न शिक्षकहरू समक्ष राख्दा प्राप्त परिणाममा सामुदायिक तथा निजी विद्यालय १००%, तालिम प्राप्त तथा अप्राप्तबाट पनि १००% नै सकारात्मक धारणा प्रस्तुत भएको पाइयो । यसर्थ निर्देशिकामा स्थानीय सामग्रकिो प्रयोगलाई महत्त्वका साथ निर्देश गरेको कुरा पुष्टि हुन्छ ।

सिन्धुपाल्चोक जिल्ला साँगाचोक, इर्खु, चौतारा र माङ्खा गा.वि.स. अन्तर्गत रहेर शिक्षक प्रश्नावलीमार्फत् निम्नमाध्यमिक तह कक्षा ८ मा नेपाली भाषा शिक्षण गराउने शिक्षकहरू समक्ष प्रश्नहरू राखी छलफल गर्दा उपयुक्त उत्तर पाइएको छ । निम्नमाध्यमिक तहका नेपाली भाषा शिक्षकलाई कसरी अध्यापन गर्नुहुन्छ, शिक्षक निर्देशिकाको प्रयोग गर्नुहुन्छ वा हुदैन, भाषिक सिप शिक्षणमा कस्ता शैक्षणिक उद्देश्य राख्नुहुन्छ, कस्ता सामग्री र विधि प्रयोग गर्नुहुन्छ, शिक्षण सिकाइ प्रति विद्यार्थीहरूको के कस्तो सक्रिय सहभागिता रहेको छ जस्ता विभिन्न प्रश्नहरूमा छलफल गरेका थियौं । उक्त छलफलमा कतिपय उत्तरमा सकरात्मक धारणा प्रस्तुत भएको पाइयो भने कतिपय उत्तर नकरात्मक पनि पाइयो । यस अवस्थामा विद्यालयमा भौतिक पूर्वाधारको अभाव, पाठ्यपुस्तक, शिक्षक निर्देशिका समयमै उपलब्ध नहुनु, आर्थिक कठिनाई, भौगोलिक विषमता, तालिम अप्राप्त शिक्षक, निर्देशिका प्रति अपरिचित, तालिम प्राप्तले पनि प्रयोग गर्न झन्झट मान्नु, सामग्री प्रयोगमा समयको अभाव, जस्ता समस्याहरू छलफलमा पाइयो । यसरी निर्देशिकाको प्रयोगलाई वैद्य, विश्वसनीय र प्रभावकारी बनाउनका लागि शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र जस्ता सम्बन्धित निकायले सम्पूर्ण विद्यालयमा गोष्ठी, सेमिनार, अन्तरक्रिया, छलफल मार्फत् समयानुसार पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका परिमार्जन र संसोधन गरी प्रयोग गर्न सकेमा प्रभावकारी हुने देखिन्छ ।

## ४.२ कक्षा अवलोकनबाट प्राप्त तथ्यको छलफल र विश्लेषण

प्रस्तुत शोधपत्रको उद्देश्य पूरा गर्न माथि उल्लेखित सामग्रीहरू शिक्षकहरूसँग प्रश्नावली मार्फत छलफल गरी उपलब्ध तथ्यका आधारमा गरिएको हो । माथिका उल्लेखित तथ्यहरू व्यावहारिक रूपमा कक्षाकोठामा लागु गरिएको छ वा छैन भनी कक्षा अवलोकनका माध्यमबाट तथ्याङ्क सङ्कलन गरी यसलाई तथ्याङ्क सङ्कलनको महत्त्वपूर्ण आधार मानिएको छ । अध्ययनका क्रममा सामुदायिक तथा निजी विद्यालयका शिक्षकका लागि तयार पारिएका प्रश्नावलीसँगै सामुदायिक तथा निजी गरी ६ ओटा अवलोकन गरी वास्तविकता पत्ता लगाउने कार्य गरिएको हो । व्यवहारिक रूपमा शैक्षिक सामग्रकिो प्रयोग हुन्छ वा हुँदैन ? निर्देशिकाअनुसार शिक्षण गरिएको छ वा छैन ? सत्य तथ्य पत्ता लगाउनका लागि सबै पक्षलाई समेट्ने गरी प्रश्नहरू निर्माण गरी स्थितिअनुसार उपयुक्त उत्तरमा ठिक लगाई प्राप्त तथ्यलाई प्रतिशतमा ढाली तालिकाहरूमा छुट्याएर विश्लेषण गरिएको छ ।

## तालिका नं. ६ (क)

## शिक्षणको क्रममा पाठको प्रारम्भ

| क.सं. | विषय | निम्न | मध्यम | उत्तम | अति उत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | **पाठको प्रारम्भ** | | | | | |
| क) | पूर्वपाठमा आधारित | १०% | ५०% | ३०% | १०% | |
| ख) | पाठप्रति रुचि | - | ३०% | ७०% | - | |
| ग) | विद्यार्थी सहभागिता | २०% | २०% | ६०% | - | |
| घ) | कक्षा व्यवस्थापन | २०% | ४०% | ४०% | - | |

राम्रो उठान आधा बैठान भनेझैं कुनै पनि कामको सरुवात राम्रो भएमा आधा सफलता प्राप्त गरे बराबर हुन्छ भन्ने गरिन्छ । यो जुनसुकै कार्यको आरम्भ गर्दा पनि ध्यान दिनुपर्ने कुरा हो । त्यस्तै कक्षा शिक्षणको सुरुवातको क्रियाकलापले कुनै पनि शिक्षकले कसरी शिक्षण गर्दछ भन्ने कुराको अवगत गराउँछ । कक्षा अवलोकनका क्रममा कक्षाकोठामा प्रवेश गर्दा केहीले पूर्वपाठकको बारेमा जानकारी/पुनरावलोकन गरी नयाँ पाठमा ध्यान केन्द्रित गराउँदा नयाँ पाठसँग सम्बन्धित मनोरञ्जनात्मक चुट्किला, उखान-टुक्का, कथा रमाइला प्रसङ्गहरू भन्दै नयाँ पाठ सञ्चालन गरिएको पाइयो । कैही शिक्षकले पुर्वपाठको बारेमा अवगत नगराई सिधै नयाँ पाठ सुरु गरी कक्षा सञ्चालन गरेको पाइयो । यसै सन्दर्भमा पुर्वपाठमा आधारित १०% निम्न, ५०% मध्यम ३०% उत्तम १०% अतिउत्तम पाइयो । त्यस्तै पाठप्रति रुचिअन्तर्गत ३०% मध्यम, ७०% उत्तम रहेको पाइयो । विद्यार्थी सहभागिताअन्तर्गत २०% निम्न २०% मध्यम ६०% उत्तम पाइयो भने कक्षा व्यवस्थापनमा २०% निम्न ४०% मध्यम र ४०% उत्तम रहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने कक्षा पाठको प्रारम्भको सन्दर्भमा हेर्दा कक्षा शिक्षकले प्रभावकारी ढङ्गले शिक्षण गर्नका लागि पाठ सुरुबाट गर्नै हतार गर्नुभन्दा पूर्वपाठमा आधारित भई रचनात्मक तरिकाले नयाँ पाठको प्रारम्भ गर्न आवश्यक देखिन्छ । भाषा शिक्षण भाषिक सिपहरूको शिक्षण भएकाले र सिप विकासको लागि अभ्यासको आवश्यकता पर्ने हुँदा उक्त विषयमा ध्यान पुऱ्याउँदै पूर्वपाठलाई

स्मरण गराउन पूर्वपाठसँग सम्बन्धित प्रश्नहरू सारांश सन्देश दिनु आवश्यक देखिन्छ । उक्त विषयमा निर्देशिकामा पनि उल्लेख गरेको पाइदैन ।

**तालिका नं. ६ (ख)**

**शैक्षिक सामग्रीको प्रयोगको स्थिति**

| क्र.सं. | विषय | निम्न | मध्यम | उत्तम | अति उत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| २. | **शैक्षिक सामग्रीको प्रयोगको स्थिति** | | | | | |
| क) | उद्देश्य प्राप्तिमा साहायक | – | ३०% | ४०% | ३०% | |
| ख) | स्पष्ट देखिने र बुझिने | २०% | ५०% | ३०% | – | |
| ग) | शब्दपत्ती, वाक्यपत्तीको प्रयोग | ५०% | ३०% | २०% | – | |
| घ) | पाठसँग सम्बन्धित तालिका र नमुना प्रयोग | २५% | ५०% | २५% | – | |
| ङ) | कालो/सेतो/हरियो पाटी | – | २०% | ६०% | २०% | |
| च) | स्थानीय सामग्रीको प्रयोग | १०% | ३०% | ५०% | १०% | |

कक्षा शिक्षणलाई उद्देश्यमूलक तथा प्रभावकारी बनाउनका लागि शैक्षिक सामग्रीको प्रयोग महत्त्वपूर्ण मानिन्छ । सुनेको भन्दा देखेको कुरा दीर्घकालीन हुन्छ । त्यसैले शिक्षणका क्रममा कुनै पनि विषयवस्तुको धारणा बसाल्नका लागि शैक्षिक सामग्री प्रयोग गर्दा पाठका उद्देश्यसँग सम्बन्धित हुनुपर्दछ र स्पष्ट देखिने र बुझिने हुनुपर्दछ । कक्षामा पछि बसेका विद्यार्थीले अगाडि कालो/सेतो/हरियो पाटीमा टाँसेको सामग्री प्रष्ट देखिने र ठूलो अक्षरमा हुनु आवश्यक छ । शिक्षणका क्रममा स्थानीय स्तरबाट निर्माण गर्न सकिने सामग्रीको प्रयोग बढी प्रभावकारी हुन्छ । निर्देशिकामा निर्देशित गरेका भाषा शिक्षणको आवश्यकतालाई पूरागर्न शब्दपत्ती, वाक्यपत्ती, अर्थपत्ती, गोजीतालिका, फलाटिनवोर्ड जस्ता सामग्रीको उपयोग गर्नुपर्दछ । कक्षा अवलोकनबाट शैक्षिक सामग्रीको प्रयोगले उद्देश्य उद्देश्य प्राप्तिमा सहयोग आधारित मध्यम ३०% उत्तम ४०% अतिउत्तम ३०% पाइयो । शब्दपत्ती वाक्यपत्तीको प्रयोग निम्न ५०% मध्यम ३०% उत्तम २०% पाइयो । पाठसँग सम्बन्धित

तालिका र नमुनाको प्रयोग निम्न २५% मध्यम ५०% उत्तम २५% पाइयो । कालो/सेतो/हरियो पाटीको प्रयोग मध्यम २०% उत्तम ६०% र अतिउत्तम २०% रहेको पाइयो । साथै स्थानीय सामग्रीको प्रयोग निम्न १०% मध्यम ३०% उत्तम ५०% अतिउत्तम १०% गरेको पाइयो । यसरी सामुदायिक तथा निजी विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग उचित तरिकाले गरेको देखिन्छ ।

**तालिका नं. ६ (ग)**

**पाठको प्रस्तुतिकरणको स्थिति**

| क.सं. | विषय | निम्न | मध्यम | उत्तम | अति उत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| ३. | **पाठको प्रस्तुतिकरणको स्थिति** | | | | | |
| क) | विषयवस्तुको ज्ञान | - | २०% | ८०% | - | |
| ख) | विषयवस्तुको पर्याप्तता | - | ४५०% | ५५% | - | |
| ग) | पाठको क्रमबद्धता | - | १५% | ६०% | २५% | |
| घ) | उदाहरणहरूको उपयुक्तता | १०% | २५% | ४०% | २५% | |

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य पूरा गर्नका लागि पाठ्यपुस्तक तयार गरिएको हुन्छ । त्यस्तै पाठ्यक्रम र पाठ्यपुस्तकलाई आधार मानेर शिक्षक निर्देशिका निर्माण गरिन्छ । निर्देशिकाअनुसार शिक्षण गरिएको छ वा छैन भन्नका लागि कक्षाकोठामा प्रवेश गरिसकेपछि शिक्षले पढाउने विषयवस्तुलाई आधार मानिएको छ । शिक्षकले कक्षाकोठामा पाठ सुरु गर्दा उसको विषयवस्तुप्रति उचित ज्ञान छ वा छैन भन्ने कुरा यसरी निर्धारण गरिएको छ । विषयवस्तुप्रतिको ज्ञान मध्यम २०% उत्तम ८०% रहेको पाइन्छ । विषयवस्तुको पर्याप्तता मध्यम ४५% उत्तम ५५% देखिन्छ । पाठको क्रमबद्धता मध्यम १५% उत्तम ६०% अतिउत्तम २५% रहेको छ भने उदाहरणहरूको उपयुक्तता निम्न १०% मध्यम २५% उत्तम ४०% र अति उत्तम २५% रहेको देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने शिक्षण सिकाइका क्रममा कक्षाकोठामा पाठको प्रस्तुतीकरण केही हदसम्म राम्रो भएको देखिन्छ ।

## तालिका नं. ६ (घ)

## शिक्षक विद्यार्थी क्रियाकलाप

| क्र.सं. | विषय | निम्न | मध्यम | उत्तम | अति उत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| ४. | **शिक्षक विद्यार्थी क्रियाकलाप** | | | | | |
| क) | निर्देशिकाको उद्देश्य प्राप्तिमा सहायक | - | २५% | ७५% | - | |
| ख) | शब्दार्थसम्बन्धी कठिनाईको निवारण | - | ३०% | ६०% | १०% | |
| ग) | विषयवस्तुअनुसार हाउभाउ | १५% | ५०% | २५% | १५% | |
| घ) | बोध प्रश्नोत्तर | - | ४०% | ४०% | २०% | |
| ङ) | विद्यार्थी सक्रियतामा जोड | - | २०% | ४५% | ३५% | |
| च) | विद्यार्थीलाई प्रोत्साहन | १५% | ५०% | ३५% | - | |
| छ) | निर्देशिकाको नमुनाअनुसार शिक्षण | - | ३५% | ६५% | - | |
| ज) | प्रश्नोत्तरको उपयुक्तता | - | २५% | ४०% | ३५% | |
| झ) | कक्षा अनुशासन | - | ४०% | ४०% | २०% | |
| ञ) | सिक्न उत्साहित | - | ७०% | ३०% | - | |

पाठ्यक्रमले राखेको उद्देश्य पूरा गर्ने प्रमुख थलो भनेको कक्षाकोठा हो । शिक्षण सिकाइको सन्दर्भमा शिक्षक विद्यार्थी क्रियाकलाप महत्त्वपूर्ण पक्ष हो । शिक्षक विद्यार्थी विना शिक्षण कार्य असम्भव हुने भएकाले शिक्षक विद्यार्थी वीचको क्रियाकलाप सान्दर्भिक र प्रभावकारी हुनु जरुरी छ । विद्यार्थीलाई पढाइमा कति सक्रिय बनाउने भन्ने कुरा शिक्षकमा निर्भर रहन्छ र उसले सञ्चालन गर्ने क्रियाकलापमा भर पर्दछ । भाषा शिक्षक विद्यार्थीका लागि मार्ग दर्शक पनि हो । शिक्षकले दिनुपर्ने ज्ञान, बोलीमा मिठास, सहनशीलता, आत्मीयता आदीले शिक्षणलाई सहयोग पुग्दछ । उक्त कुरालाई ध्यान दिई गरिएको कक्षा अवलोकनमा शिक्षक विद्यार्थी क्रियाकलाप उद्देश्य प्राप्तिमा सहायक मध्यम २५% उत्तम ७५% रहेको देखिन्छ । शब्दार्थसम्बन्धी कठिनाईको निवारण मध्यम ३०% उत्तम ६०% अतिउत्तम १०% रहेको छ । विषयवस्तुअनुसार हाउभाउ निम्न १०% मध्यम ५०% उत्तम २५% अतिउत्तम १५% रहेको पाइयो । बोध प्रश्नोत्तर मध्यम ४०% उत्तम ४०% र

अतिउत्तम २०% देखिन्छ । त्यस्तै शिक्षण सिकाइमा विद्यार्थी सक्रियतामा मध्यम २०% उत्तम ४५% अतिउत्तम ३५% रहेकाले सिकाइ उपयुक्त र रोचक रहेको पाइयो । शिक्षकले विद्यार्थीलाई सिक्ने कुरामा प्रोत्साहन गर्नुपर्दछ । शिक्षकले रमाइला र सान्दर्भिक प्रसङ्ग, उखान-टुक्का, चुट्किलाका साथै सवलीकरणका माध्यमबाट पनि सिकाइमा प्रोत्साहन गर्नुपर्दछ । जसमा निम्न १५% मध्यम ५०% उत्तम ३५% रहेको पाइयो । साथै शिक्षक निर्देशिका शिक्षकको सहयोगी मित्र भएकाले शिक्षकले निर्देशिकाअनुसार शिक्षण गरेका छन् जसमा मध्यम ३५% उत्तम ६५% पाइयो । त्यस्तै प्रश्नोत्तरको उपयुक्ततामा मध्यम २५% उत्तम ४०% अतिउत्तम ३५% रहेको देखिन्छ । मानिसलाई सफलताको मार्गमा अघि बढ्न प्रेरित गर्ने मुख्य कसी नै अनुशासन हो । तर्सथ शान्त वातावरणको सिकाइ आनन्दमय हुने गर्दछ । कक्षाकोठाको अनुशासन पक्षलाई शिक्षक विद्यार्थी दुवै पक्षले विशेष ध्यानमा राख्नुपर्दछ । जसमा मध्यम ४०% उत्तम ४०% अतिउत्तम २०% रहेको पाइयो । विद्यार्थी सिक्नका लागि उत्साहित भएन भने त्यो सिकाइ औचित्यहिन हुन्छ । तसर्थ विद्यार्थी सिकाइमा कतिको उत्साहित छन् भन्नेमा मध्यम ७०% उत्तम ३०% रहेको पाइयो । यसबाट विद्यार्थीहरू सिकाइमा उत्साहित देखिन्छन् भन्ने कुरा पुष्टि हुन्छ । यसरी शिक्षक विद्यार्थी क्रियाकलाप सामुदायिक तथा निजी विद्यालयमा राम्रो भएको कुरा कक्षा अवलोकनबाट प्राप्त तथ्य र परिणामका आधारमा पुष्टि गर्न सकिन्छ ।

**तालिका नं. ६ (ङ)**

**शिक्षण विधिको प्रयोग**

| क्र.सं. | विषय | निम्न | मध्यम | उत्तम | अति उत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| ५. | **शिक्षण विधिको प्रयोग** | | | | | |
| क) | प्रश्नोत्तर | – | ४०% | ४०% | २०% | |
| ख) | छलफल | – | ४५% | ३५% | २०% | |
| ग) | व्याख्यान | २०% | ५०% | ३०% | – | |
| घ) | प्रदर्शन | २५% | ४०% | ३५% | – | |
| ङ) | खोज | १५% | ६०% | २५% | – | |
| च) | लेखन अभ्यास | २५% | २५% | ५०% | – | |

उपर्युक्त शिक्षण विधिको प्रयोग गर्न सकेको खण्डमा मात्र शिक्षणलाई उद्देश्यमुखी बनाउन सकिन्छ । भाषा शिक्षणलाई रोचक र प्रभावकारी बनाउनका लागि शिक्षण विधिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यार्थीको तह, स्तर, रुचि, क्षमता, उमेर तथा विषयवस्तुको प्रकृति अनुसार शिक्षकले उपयुक्त तथा प्रभावकारी शिक्षण विधिको छनोट गरी शिक्षण गर्नृ आवश्यक हुन्छ । कक्षाकोठामा सञ्चालन गरिने सम्पूर्ण शैक्षिक क्रियाकलाप विभिन्न शिक्षण विधिकै माध्यमबाट सञ्चालन र समापन हुने भएकाले शिक्षण विधिको छनोट र प्रयोगमा शिक्षकले विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ । यसै सन्दर्भमा कक्षा अवलोकनबाट प्राप्त विवरण अनुसार मध्यम ४०% उत्तम ४०% अतिउत्तम २०% रहेको छ । त्यस्तै छलफल विधि मध्यम ४५% उत्तम ३५% अतिउत्तम २०% पाइयो । त्यस्तै व्याख्यान विधिको प्रयोगमा निम्न २०% मध्यम ५०% उत्तम ३०% पाइयो । शिक्षकले विद्यार्थीलाई सामग्री देखाएर शिक्षण गर्ने क्रममा निम्न २५% मध्यम ४०% उत्तम ३५% रहेको छ । खोज विधिको प्रयोग निम्न १५% मध्यम ६०% उत्तम २५% रहेको पाइयो । साथै लेखन अभ्यासको कार्य निम्न २५% मध्यम २५% उत्तम ५०% रहेको देखियो । यसबाट नेपाली भाषा शिक्षणका क्रममा शिक्षण विधिमा अझ विविधता सिर्जना गरी रचनात्मक सिकाइ प्रक्रियामा विद्यार्थीलाई क्रियाशील बनाउनुपर्ने देखिन्छ ।

**तालिका नं. ६ (च)**

**मूल्याङ्कन विधि**

| क्र.सं. | विषय | निम्न | मध्यम | उत्तम | अति उत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| ६. | **मूल्याङ्कन** | | | | | |
| क) | आन्तरिक मूल्याङ्कन | २५% | ५०% | २५% | - | |
| ख) | उद्देश्य प्राप्तिमा सहयोग | - | ३०% | ७०% | - | |
| ग) | कक्षाकार्य | - | २५% | ७५% | - | |
| घ) | प्रश्नोत्तर | १०% | २५% | ५५% | १०% | |
| ङ) | गृहकार्य | - | १५% | ५०% | ३५% | |

भाषिक सिप शिक्षणपछि विद्यार्थीले के कति सिकाइ उपलब्धिहरू हासिल गर्न सके वा सकेनन् भनी हेर्ने काम मूल्याङ्कन हो । मूल्याङ्कनले विद्यार्थीलाई थप पृष्ठपोषण दिनुका साथै शिक्षण सिकाइ कार्यमा सुधार ल्याउन सहयोग गर्दछ । पाठ्यक्रमका उद्देश्य पूरा भए वा भएनन् भनी पत्ता लगाउने काम पनि मूल्याङ्कनपछि मात्र थाहा हुने भएकाले शिक्षकले शिक्षणका क्रममा मूल्याङ्कनका विभिन्न साधन र तौरतरिका अवलम्बन गर्नुपर्ने हुन्छ । यसै क्रममा कक्षा अवलोकनबाट प्राप्त परिणामअनुसार शिक्षकले कक्षाकोठामा शिक्षणकै क्रममा अपनाउने आन्तरिक मूल्याङ्कनअन्तर्गत निम्न २५% मध्यम ५०% उत्तम २५% रहेको पाइयो । यसै क्रममा मध्यम ३०% उत्तम ७०% बाट उद्देश्य पूरा भएको धारणा व्यक्त हुन्छ । कक्षा कार्यमा मध्यम २५% उत्तम ७५% रहेको पाइयो । प्रश्नोत्तरका माध्यमबाट गरिएको मूल्याङ्कनमा निम्न १०% मध्यम २५% उत्तम ५५% अतिउत्तम १०% रहेको छ । कक्षा कार्यकै थप अभ्यासका रूपमा गृहकार्यलाई लिइन्छ । साथै गृहकार्यलाई पनि मूल्याङ्कनको एउटा साधन मानिन्छ यसर्थ शिक्षण तथा मूल्याङ्कनका क्रममा गृहकार्यलाई अलग गर्न सकिदैन । गृहकार्यअन्तर्गत मध्यम १५% उत्तम ५०% अतिउत्तम ३५% उपयोग गरेको पाइयो ।

यसरी कक्षा अवलोकनबाट प्राप्त तथ्यअनुसार सामुदायिक तथा निजी विद्यालयमा शिक्षक निर्देशिकाअनुरूप शिक्षण गर्ने प्रयास गरेको पाइयो । शैक्षिक सामग्रीको प्रयोग, विधिको छनोट तथा क्रियाकलाप सञ्चालनमा सामुदायिक तथा निजी विद्यालयका शिक्षक तथा तालिम प्राप्त तथा अप्राप्त शिक्षक बिच केही फरकपन भने देखियो । तालिम प्राप्त तथा दैनिक रूपमा शिक्षक निर्देशिकाको प्रयोग गर्ने शिक्षकले विषयवस्तुलाई ज्यादै प्रभावकारी रूपमा प्रस्तुत गर्न सकेको देखिन्छ । शैक्षिक सामग्रीको सन्दर्भमा तालिम अप्राप्त शिक्षकहरूलाई त्यति धेरै जानकारी नभएको गुनासो समेत पाइयो । निजी विद्यालयमा सामुदायिक विद्यालयको तुलनामा कक्षा व्यवस्थापन र अनुशासन राम्रो रहेको पाइयो । यसर्थ अवलोकनबाट पनि शिक्षक निर्देशिकाको प्रयोग अवस्थाका बारेमा स्पष्ट तथ्य प्राप्त भएको छ ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

सिन्धुपाल्चोक जिल्लाका कक्षा आठमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्वन्धी अध्ययन शीर्षकमा यो शोधपत्र तयार पारिएको हो । यस अध्ययनको उद्देश्य पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको परिचय दिई सम्वन्ध देखाउनु तथा निम्नमाध्यमिक तहमा नेपाल भाषा शिक्षण शिक्षक निर्देशिकाअनुरूप भए नभएको पत्ता लगाउनु हो । यसका साथै अध्ययनको उद्देश्य निर्देशिका प्रयोगको सन्दर्भमा देखापरेका समस्या पत्ता लगाई आवश्यक सुझाव दिनु रहेको छ । यस अध्ययन सिन्धुपाल्चोक जिल्लाको साँगाचोक, इर्खु, चौतारा र माङ्खा गा.वि.स. अन्तर्गत पर्ने ८ ओटा सामुदायिक र ४ ओटा निजी गरी १२ ओटा विद्यालयहरूलाई नमुनाको रूपमा छनोट गरी सम्वन्धित विद्यालयमा गई शिक्षक प्रश्नावली र कक्षा अवलोकनका माध्यमबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

(१) सिन्धुपाल्चोक जिल्लाका निम्नमाध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्वन्धी अध्ययन सिन्धुपाल्चोक जिल्लाका साँगाचोक, इर्खु, चौतारा र माङ्खा गा.वि.स. अन्तर्गत पर्ने सामुदायिक र निजी विद्यालयहरूसँग सम्बन्धित छ ।

(२) यस अध्ययनको उद्देश्य पाठ्यक्रम र पाठ्यपुस्तकअनुरूप शिक्षक निर्देशिकाको परिचय दिनु, अन्तरसम्बन्ध पहिल्याउनु, अपेक्षित उपलब्धि हासिल भयो भएन पत्ता लगाउनु र निर्देशिकाको प्रयोगमा देखापरेका समस्याहरू पत्ता लगाई आवश्यक सुझाव दिनु रहेको छ ।

(३) यस अध्ययनमा सिन्धुपाल्चोक जिल्लाका साँगाचोक, इर्खु, चौतारा र माङ्खा गा.वि.स. मा रहेका ८ ओटा सामुदायिक र ४ ओटा निजी विद्यालय रहेका छन् ।

(४) प्रस्तुत अध्ययनमा शिक्षक प्रश्नावली, अन्तर्वार्ता र कक्षा अवलोकनका माध्यमबाट तथ्याङ्कको विश्लेषण गरिएको छ ।

(५) यस अध्ययनमा जनसङ्ख्याको रूपमा सामुदायिक विद्यालयका २० जना र निजी विद्यालयका १२ जना नेपाली भाषा विषयका विषय शिक्षक रहेका छन् ।

(६) यस अध्ययनमा सामुदायिक विद्यालयका २० जना मध्येबाट १६ जना र निजी विद्यालयका १२ जना मध्ये ८ जना नेपाली भाषा विषय शिक्षकहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ ।

(७) प्रस्तुत अध्ययनमा १० ओटा सामुदायिक विद्यालयबाट ८ ओटा र ६ ओटा निजी विद्यालयबाट ४ ओटा निजी विद्यालयलाई अध्ययनको क्षेत्र बनाइएको छ । जसमा अनुसन्धानकर्ता स्वयम् सम्बन्धित क्षेत्रमा गएर तथ्य सङ्कलन गरिएको छ ।

(८) यस अध्ययनमा शिक्षकहरूसँग आमने सामने बसी छलफल, अन्तरक्रिया, प्रश्नावली मार्फत् आवश्यक तथ्याङ्क सङ्कलन गरी त्यसलाई तालिकीकरण गरिएको छ ।

(९) यस अध्ययनमा सङ्कलित गुणात्मक एवम् परिमाणात्मक तथ्याङ्कहरूको विश्लेषण गरी यसलाई तालिका र प्रतिशतका माध्यमबाट प्रस्तुत गरिएको छ ।

(१०) यस अध्ययनमा कक्षा अवलोकनबाट शिक्षकको मूल्याङ्कन गरिएको छ, जसलाई तालिकामा निम्न, मध्यम, उत्तम र अतिउत्तमका माध्यमबाट देखाइएको छ ।

## ५.२ निष्कर्ष

सिन्धुपाल्चोक जिल्लाका निम्नमाध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन सुरुदेखि अन्तिम निष्कर्ष निकाल्ने अवस्थासम्म यस अध्ययनका लागि आवश्यक पर्ने पाठ्यक्रम, पाठ्यपुस्तकसँग अन्तरसम्बन्धित गराउँदै पाठ्यक्रमका उद्देश्य र पाठ्यपुस्तकमा समाविष्ट रहेका विधाअनुरूप निर्देशिका भए/नभएको समेत अध्ययन गरी यसको प्रयोग अवस्थासम्बन्धी शिक्षकहरूको लिखित प्रश्नावली, मौखिक छलफल साथै कक्षा अवलोकनका आधारमा हेर्दा निर्देशिका शिक्षकका लागि महत्त्वपूर्ण सन्दर्भ सामग्री रहेको देखिन्छ । साथै निर्देशिकाको उपलब्धता तथा प्रयोगमा कमी कमजोरीहरू समेत रहेका छन् ।

प्रस्तुत अध्ययनबाट प्राप्त तथ्यका आधारमा निष्कर्षलाई निम्नानुसार बुदाँगत रूपमा प्रस्तुत गरिएको छ ।

### ५.२.१ सबल पक्षहरू

(१) सिन्धुपाल्चोक जिल्लाका निम्नमाध्यमिक तह (कक्षा ८) मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी यस अध्ययन पाठ्यक्रम, पाठ्यपुस्तकसँग अन्तरसम्बन्धित गराउँदै पाठ्यक्रममा रहेका उद्देश्य र पाठ्यपुस्तकका विधाअनुरूप निर्देशिका भए/नभएको समेत अध्ययन गरी यसको प्रयोगावस्थामा शिक्षकहरूसँग लिखित प्रश्नावली, मौखिक छलफल र कक्षा अवलोकनका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

(२) पाठ्यक्रमका उद्देश्य पूरा गर्न पाठ्यपुस्तकमा समावेश विविध विधाहरू र त्यसको प्रयोजन समेत निर्देशिकामा समावेश गरिएकाले शिक्षणमा शिक्षकलाई सहयोग पुग्ने देखिन्छ ।

(३) यसको प्रयोगले शिक्षकलाई पाठयोजना निर्माण गर्न, एकाइ योजना निर्माण गर्न र वार्षिक पाठयोजना निमार्ण गर्न सहयोग पुऱ्याउँछ ।

(४) शिक्षक निर्देशिका शिक्षकका लागि अन्यन्तै उपयोगी सामग्री भएकाले शिक्षण कार्यलाई सरल, सहज र प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ ।

(५) कुनै पाठ के कसरी पढाउने भन्ने बारेमा पूर्वतयारी गर्न, पेसागत विकास गर्न तथा ज्ञान, सिप र धारणाको विकासमा समेत निर्देशिकाले सहयोग पुऱ्याउँछ ।

(६) तालिम अप्राप्त शिक्षकलाई पनि भाषा शिक्षणमा मार्गनिर्देशन गर्दछ ।

(७) अघिल्लो पाठलाई पुनः स्मरण गराउने तौरतरिका एवम् सङ्क्षिप्त पुनरावलोकन, गृहकार्य परीक्षण जस्ता कुरालाई निर्देशिकाले उल्लेख गरेको छ ।

(८) व्याकरणात्मक शिक्षणमा निगनात्मक पद्धतिको अन्त्य गरी आगमनात्मक पद्धतिको प्रयोग गरिएको छ ।

(९) पाठको स्वरूप र प्रकृतिअनुसार शिक्षण विधिको चयन र प्रयोग गर्न निर्देशिकाले सहयोग पुऱ्याएको देखिन्छ ।

(१०) निर्णयात्मक मूल्याङ्कनलाई भन्दा निर्माणात्मक मूल्याङ्कन पद्धतिलाई जोड दिन्छ ।

(११) परम्परागत घोकन्ते र व्याख्यान विधिलाई भन्दा आधुनिक प्रश्नोत्तर, छलफल, खोज, प्रदर्शन तथा समस्या समाधान विधिलाई जोड दिएको छ ।

(१२) भाषा शिक्षणलाई भन्दा भाषिक सिप शिक्षणलाई जोड दिन्छ ।

(१३) शिक्षकलाई क्रियाशील बनाउन मद्दत गर्दछ ।

(१४) पाठ्यपुस्तकको अभावमा पनि शिक्षण कार्य अगाडि बढाउन सकिन्छ ।

(१५) कक्षाकोठामा सामुहिक छलफलहरू, उच्चारण, हिज्जे, सस्वरवाचन आदि क्रियाकलाप सञ्चालन गर्न सहयोग पुग्ने देखिन्छ ।

(१६) शिक्षण कार्यमा बिच बिचमा र पाठको अन्त्यमा गरिने मूल्याङ्कन कार्यलाई निर्देशिकाले सहयोग पुऱ्याएको देखिन्छ ।

(१७) पाठ्यक्रम र पाठ्यपुस्तकको उद्देश्य सहज तरिकाले पूरा गर्न निर्देशिकाले सहयोग गर्दछ ।

### ५.२.२ दुर्वल पक्षहरू

१. आधुनिक र वैज्ञानिक शिक्षण पद्धतिलाई भन्दा सैद्धान्तिक पद्धतिलाई जोड दिइएको छ ।

२. निर्देशिकाको प्रयोग के कसरी गर्ने भन्ने बारेमा शिक्षकलाई प्रवोधीकरण, अभिमुखीकरण तालिमको व्यवस्था भएको पाइदैन ।

३. विधागत पाठ्यक्रम र घण्टीबिच उचित सन्तुलन मिलेको देखिदैन ।

४. शिक्षक निर्देशिका शिक्षकको प्रत्यक्ष सहभागिता र संलग्नतामा तयार नभई विद्वान्हरूवाट निर्देशित भई तयार गरिएकाले व्यवहारिक पक्षलाई समेटेको पाइँदैन ।

५. शिक्षकमैत्री, वालमैत्री, वातावरण मैत्री निर्देशिका तयार भएको देखिदैन ।

६. आधुनिक र वैज्ञानिक शिक्षण पद्धतिको प्रयोग गर्ने गरी निर्देशिका तायर नभई परम्परागत ढाँचामा आधारित निर्देशिका तयार भएको छ ।

७. निर्माणात्मक मूल्याङ्कनलाई प्राथमिकता दिएपनि निर्णयात्मक मूल्याङ्कनलाई जोड दिएको छैन ।

८. शिक्षकलाई निर्देशिकाले सहजकर्ता नबनाई निर्देशकको रूपमा उभ्याएको पाइन्छ ।

९. सबैका लागि शिक्षा र समान अवसर भन्ने धारणाअनुसार निर्देशिका अस्पष्ट रहेको छ ।

१०. विभिन्न पृष्ठभूमिबाट आएका विभिन्न क्षमता भएका विद्यार्थीहरूलाई जान्ने नजान्ने बिचको भेद न्युनीकरण गर्दै लैजाने पक्षमा निर्देशिका मौन रहेको छ ।

११. निर्देशिकाले गृहकार्य परीक्षण तथा त्रैमासिक एवम् अन्तिम परीक्षा समेतलाई ध्यान पुऱ्याउन नसकेकाले निर्देशिकाअनुरूप शिक्षण गर्न व्यवहारिक समस्या बढेको देखिन्छ ।

१२. निर्देशिका पूर्णता र प्रयाप्तताका दृष्टिले अपूर्ण देखिन्छ ।

१३. निर्देशिकाले सृजनात्मक अभ्यासमा ध्यान दिएको पाइदैन जुन कुरा पाठ्यपुस्तकमा दिइएको छ ।

१४. निर्देशिका पर्याप्त क्रियाकलापमुखी र व्यवहारिक हुन सकेको देखिदैन ।

१५. समयअनुसार परिमार्जन नभएको वा भाषा शिक्षणका क्षेत्रमा आविस्कार भएका नवीन शिक्षण विधि, प्रविधि शिक्षक निर्देशिकामा समावेश गरेको पाइदैन ।

१६. निर्देशिकामा छपाईगत त्रुटि देखिनुका साथै स्तरीय मसीको उपयुक्त प्रयोग भएको पाइदैन ।

### ५.२.३ सुझावहरू

सिन्धुपाल्चोक जिल्लाका निम्नमाध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययनलाई सवल र प्रभावकारी बनाउनका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, छलफल, प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्यहरूको विश्लेषण गरी प्रयोग र प्रभावकारिता बढाउनका लागि निम्न सुझावहरू दिन सकिन्छ ।

१. पाठ्यक्रममा उल्लेखित पाठ्यभार र निर्देशिकाको घण्टीबिच समानता हुनुपर्दछ ।

२. परम्परागत ढाँचाका निर्देशिका तयार नगरी आधुनिक र वैज्ञानिक शिक्षण पद्धतिको प्रयोग गर्ने गरी निर्देशिका तयार गरिनुपर्दछ ।

३. निर्देशिका विद्यालयमा उपलब्ध भए/नभएको, शिक्षकले प्रयोग गरे/नगरेको सम्बन्धित निकायबाट अनुगमन गरिनुपर्दछ ।

४. सैद्धान्तिकभन्दा व्यवहारिक पक्षलाई समेट्नु पर्दछ ।

५. शिक्षक मैत्री, बाल मैत्री, विद्यालय मैत्री, वातावरण मैत्री शिक्षक निर्देशिका तयार गर्नुपर्दछ ।

६. मातृभाषी तथा विमातृभाषी नेपाली हुने सबैलाई समेटेर शिक्षक निर्देशिका तयार गरिनुपर्दछ ।

७. शिक्षक निर्देशिकाको प्रयोग के कसरी गर्ने भन्ने बारेमा शिक्षकलाई तालिमको व्यवस्था गर्नुपर्दछ ।

८. नयाँ पाठको शुरुवात गर्दा निर्देशिकालाई आधार मानेर शिक्षण गर्दा सिकाइ प्रभावकारी र उपलब्धिमूलक बन्दछ ।

९. कक्षा शिक्षणको शुरुवातमा पूर्वपाठको वारेमा पुनरावलोकन गराउँदै नयाँ पाठको बारेमा जानकारी गराउँदै, रमाइला प्रसङ्गहरू, उखान टुक्का, चुट्किलाजस्ता माध्यमबाट कक्षा सञ्चालन गर्नुपर्छ ।

१०. पाठ्यपुस्तकमा उल्लेखित सम्पूर्ण विधा र क्षेत्रलाई निर्देशिकामा समेट्नुपर्दछ ।

११. निर्देशिकामा समावेश विधाअनुसार शैक्षिक सामग्री छनोटमा विविधता ल्याउनुपर्दछ ।

१२. निर्देशिकामा पाठ्यपुस्तकका सबै पक्ष सिर्जनात्मक, विवेचनात्मक अभ्यास जस्ता पक्षलाई समेट्नुपर्दछ ।

१३. निर्माणात्मक मूल्याङ्कनलाई जस्तै निर्णयात्मक मूल्याङ्कनलाई पनि प्राथमिकता दिनुपर्दछ ।

१४. भाषिक सिप विकासका लागि व्याख्यान विधिभन्दा छलफल, प्रश्नोत्तर लगायत विद्यार्थीले गरेर सिक्ने खालका विधिको चयन गर्नुपर्दछ ।

१५. नमुना प्रश्नपत्र निर्देशिकामा उल्लेख गर्नुपर्दछ ।

१६. निर्देशिका तयार गर्दा तल्ला कक्षाहरूमा बढी सुनाइ र बोलाइ सिपलाई प्राथमिकता दिनुपर्छ भने माथिल्लो तहमा क्रमशः पढाइ र लेखाइ सिपलाई जोड दिनुपर्दछ ।

१७. समय समयमा परिमार्जन गर्दै सबै विद्यालयका विषय शिक्षकले सहज रूपमा निर्देशिकाको प्रयोग गर्न पाउने गरी निर्देशिका निर्माण गर्नुपर्दछ ।

१८. भाषा सिकाइमा विद्यार्थीको वैयक्तिक भिन्नता, त्रुटि समस्या र सक्षमता देखिने भएकाले सिकाइ क्रियाकलापलाई वैयक्तिक बनाई कक्षाका सबै क्षमताका विद्यार्थीको सिकाइ उपलब्धिलाई वैयक्तिक रूपमै आँकलन गर्न सके शिक्षक निर्देशिकाको प्रयोग सार्थक र प्रभावकारी हुने देखिन्छ ।

## ५.३ उपयोगिता

शिक्षक निर्देशिकाको प्रयोगले शिक्षण सिकाइ क्रियाकलापलाई सरल, सहज, प्रभावकारी तथा उपयोगी बनाउने कार्य गर्दछ । शिक्षणका क्रममा उपयुक्त बिधिको छनोट गर्न, शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न तथा मूल्याङ्कन प्रकियालाई समेत प्रभावकारी रूपमा सञ्चालन गर्न शिक्षक निर्देशिकाले नै मद्दत पुऱ्याउँदछ । पाठयोजना निर्माण गर्न तथा विद्यार्थीको बौद्धिक क्षमता परीक्षणको लागि प्रश्नपत्र निर्माण गर्न पनि यसको प्रयोग गरिन्छ । निर्देशिकाले परम्परागत पाठ्यक्रमअनुसार शिक्षण गर्दै आएका शिक्षकहरूलाई नयाँ पाठ्यपुस्तकहरू कसरी उपयोगमा ल्याउने भन्ने बारेमा निर्देशित गरेको हुन्छ । अतः निर्देशिकाको उपयोगितालाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएको छ ।

१. वार्षिक योजना, एकाइ योजना, पाठ योजना निर्माण गर्न उपयोगी हुन्छ ।

२. शिक्षण सामग्रीको छनोट, निर्माण र प्रयोगमा सरलता ल्याउँदछ ।

३. उपयुक्त र नवीन शिक्षण विधिको प्रयोग गरी शिक्षण गर्न मद्दत गर्दछ ।

४. शिक्षणको क्रममा शिक्षकलाई सचेत रहन र पूर्वतयारी गर्न उपयोगी हुन्छ ।

५. एउटा कक्षामा विभिन्न भाषिक क्षमता, भाषिक पृष्ठभूमि तथा पहिलो भाषा नेपाली हुने र दोस्रो भाषाका रूपमा नेपाली नेपाली सिक्ने विद्यार्थी हुने भएकाले यिनीहरूको सम्बोधन गरी शिक्षण गर्न निर्देशिका उपयोगी हुन्छ ।

६. शिक्षणका क्रममा रहेका कठिन पाठहरूलाई सरल रूपमा प्रस्तुत गर्न उपयोगी हुन्छ ।

७. शिक्षकलाई आफ्नो पेसा प्रति दक्षता बढाई योग्य र अनुभवी बनाउन उपयोगी हुन्छ ।

८. विद्यार्थीमा ज्ञान, सिप र धारणाको व्यावहारिक विकास गर्न उपयोगी हुन्छ ।

९. विद्यार्थीलाई शिक्षण सिकाई क्रियाकलापमा सक्रियतापूर्पक सहभागी गराउन उपयोगी हुन्छ ।

१०. तालिम अप्राप्त शिक्षकले पनि योजनाबद्ध र प्रभावकारी शिक्षण गर्न उपयोगी हुन्छ ।

### ५.३.१ नीतिगत तह

शिक्षक निर्देशिका शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाउने एउटा साधन हो । यसले शिक्षण कसरी गर्ने, कुन समयमा गर्ने, कुन विधि अपनाउने, कस्ता क्रियाकलाप सञ्चालन गर्ने र मूल्याङ्कन कसरी गर्ने भन्ने सम्बन्धमा स्पष्ट मार्ग निर्देश गर्दछ । त्यसैले शिक्षक निर्देशिका निर्माण र यसको प्रयोगका सम्बन्धमा नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रले नै स्पष्ट पारेको छ । शिक्षक निर्देशिकाका सम्बन्धमा प्राथमिक तहदेखि उच्च तहसम्म प्रयोग गर्नुपर्ने स्पष्ट नीति पाठ्यक्रम विकास केन्द्रले राखेको छ । निम्नमाध्यमिक तहमा पढाइ हुने सम्पूर्ण विषयको शिक्षक निर्देशिका पाठ्यक्रम विकास केन्द्रले गरेको छ । सम्बन्धित शिक्षण सिकाइ क्रियाकलापलाई उद्देश्यपूर्ण बनाउन र प्रभावकारी सिकाइका लागि अनिवार्य रूपले शिक्षक निर्देशिकाको प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको छ । साथै विभिन्न सरकारी निकायबाट पनि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका निर्माण गर्न, संशोधन गर्न र विद्यालयमा अनिवार्य रूपमा लागु गर्न यसले सक्दो सहयोग गरेको छ । शिक्षण कार्य निश्चित नियममा आधारित भएर गर्दा प्रभावकारी हुने भएकाले सरकारी निकायले जिम्मेवारपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

### ५.३.२ प्रयोगगत तह

शिक्षक निर्देशिका शिक्षकको सहयोगी मित्र हो । उद्देश्य प्राप्तिको अतिरिक्त शिक्षण कार्यमा सरलता ल्याउन, निश्चित समयमा निश्चित विषयवस्तुको पठनपाठन गराउन शिक्षक निर्देशिकाले महत्त्वपूर्ण भूमिका खेल्दछ । सम्बन्धित विषयको शिक्षक निर्देशिकाले

शिक्षक वर्ग र विद्यार्थीहरूका लागि अध्ययन अध्यापनको आधार सामग्री केवल पाठ्यपुस्तक नै रही आएको हालसम्मको प्रचलनलाई छोडेर पाठ्यक्रमलाई आधार सामग्रीको रूपमा प्रयोग गर्ने तर्फ शिक्षकलाई सहयोग पुर्‍याउँछ । साथै शिक्षक निर्देशिकाको प्रयोग तल्लो तहदेखि उच्च तहसम्म गर्न सकिन्छ । निर्देशिकाको प्रयोग निम्न कार्यमा गर्न सकिन्छ ।

### ५.३.२.१ शिक्षण योजना निमार्ण गर्न

शिक्षक निर्देशिकालाई आधार सामग्रीको रूपमा प्रयोग गरी वार्षिक योजना, एकाई योजना तथा दैनिक पाठयोजना निर्माण गर्न सकिन्छ । शिक्षण कार्यमा योजना भन्नाले एक निश्चित समयमा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू मध्ये कुन उद्देश्य हाँसिल गर्न के कस्ता विषयवस्तुहरू सिकाउने, कस्ता शिक्षण विधिहरू प्रयोग गर्ने, आवश्यक पर्ने शैक्षिक सामगीहरू के के हुन्, के कस्ता क्रियाकलापहरू कक्षाकोठा भित्र तथा बाहिर गर्ने, उद्देश्यहरू हाँसिल भए वा भएनन् सो कुराको मूल्याङ्कन कसरी गर्ने, पृष्ठपोषणका आधारमा आगामी पाठहरू कसरी सुधार गर्दै जाने आदि पक्षहरूको निक्यौंल गर्नु हो । तसर्थ निर्देशिकाको प्रयोग योजनाबद्ध शिक्षण कार्यका लागि गर्न सकिन्छ ।

### ५.३.२.२ शिक्षण विधिको छनोट गर्न

शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन उपयुक्त शिक्षण विधि अपनाउनु पर्ने हुन्छ । शिक्षक निर्देशिकाले सम्बन्धित विषयको निश्चित विषयवस्तुको अध्ययन अध्यापनमा अपनाउन सकिने केही उपयुक्त शिक्षण विधिहरूको प्रयोगबारे शिक्षकलाई सुझाव दिएको छ । विद्यालयको भौतिक वातावरण, शैक्षिक सामग्रीहरूको उपलब्धता, विद्यार्थी सङ्ख्या, कक्षाकोठाको आकार, बस्ने बेन्च तथा कुर्सीको स्थिति लगायत अन्य भौतिक वातावरणका आधारमा उपयुक्त तथा प्रभावकारी शिक्षण विधिको छनोट गर्न शिक्षक निर्देशिकाले स्पष्ट मार्ग निर्देश गर्दछ ।

### ५.३.२.३ शैक्षिक सामग्रीको छनोट गर्न

शैक्षिक सामग्रीको प्रयोगले सिकाइलाई सरल, सहज तथा दीगो बनाउने कार्य गर्दछ । पाठयोजनामा के कस्ता उद्देश्य र क्रियाकलाप राखिन्छ त्यसको आधारमा उद्देश्य परिपूर्ति गर्न सहयोग पुर्‍याउन र विद्यार्थीहरूलाई उत्प्रेरित गर्न पनि शैक्षिक सामग्रीको

आवश्यकता पर्दछ । शिक्षक निर्देशिकाले पाठअनुसार आवश्यक पर्ने शैक्षिक सामग्री चयन गर्न सहयोग र सहजीकरण गर्दछ ।

#### ५.३.२.४ क्रियाकलापहरू चयन गर्न

विद्यार्थीहरूमा विषयगत ज्ञान तथा सिपहरूको विकास गर्न सजिलो होस् भन्ने हेतुले वर्तमान पाठ्यक्रम क्रियाकलापमुखी बनाइएकाले पाठ्यपुस्तकमा दिइएका विभिन्न क्रियाकलापका अतिरिक्त यिनीहरूको वैकल्पिक क्रियाकलापबारे शिक्षकलाई आवश्यक मार्ग निर्देश गर्न निर्देशिका उपयोगी हुने देखिन्छ । तसर्थ शिक्षकलाई कक्षामा र कक्षा बाहिर के कस्ता क्रियाकलाप सञ्चालन गर्ने भन्ने सम्बन्धमा शिक्षक निर्देशिकाको अध्ययन र प्रयोग शिक्षकका लागि अति महत्त्वपूर्ण रहेको छ (अधिकारी, २०६९) ।

#### ५.३.२.५ मूल्याङ्कन गर्न

सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन गर्न जरुरी हुन्छ । पाठ्यक्रमको उद्देश्यका आधारमा ज्ञान, सिप र अभिवृत्ति पक्षको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । निर्देशिकामा पनि शिक्षकले पाठ्यक्रमका उद्देश्यमा केन्द्रित गरी कसरी मूल्याङ्कन गर्ने भन्ने बारेमा स्पष्ट मार्ग निर्देश गरेको देखिन्छ । विद्यार्थीहरूको सिकाइ पाठ्यक्रमको उद्देश्य अनुरूप भयो वा भएन, कति मात्रामा भयो, भएन भने के कारणले भएन, सिकाइ सम्बन्धि के कस्ता समस्याहरू छन् भन्ने सम्बन्धमा लेखाजोखा गर्ने काममा शिक्षक निर्देशिकाबाट शिक्षककलाई धेरै मात्रामा सहयोग मिल्दछ ।

### ५.३.३ भावी अध्ययनका लागि शोधशीर्षक

१. पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाबिच तुलनात्मक अध्ययन

२. शैक्षिक सामग्री निर्माण र छनोटमा निर्देशिकाको भूमिका एक अध्ययन

३. शिक्षक निर्देशिकाले शिक्षाको क्षेत्रमा पुऱ्याएका सहयोग एक अध्ययन

४. भाषिक सिप मूल्याङ्कनमा शिक्षक निर्देशिकाको महत्त्व सम्बन्धी एक अध्ययन

५. पाठ्यक्रम, पाठ्यपुस्तक अनुरूपका दृष्टिले शिक्षक निर्देशिकाको अध्ययन।

यसरी माथि प्रस्तुत गरेको अध्ययनबाट निर्देशिका उपयोगी र प्रभावकारी रहेको मानिन्छ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, केशवती (२०६४), **निम्नमाध्यमिक तह कक्षा ८ को शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर, काठमाडौँ ।

अधिकारी, विष्णुप्रसाद (२०६९/७०), **निम्नमाध्यमिक तथा माध्यमिक शिक्षक दिग्दर्शन**, भाग दुई, काठमाडौं : आशिष बुक्स हाउस प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज (२०६३), **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र अन्य (२०६१), **नेपाली शिक्षक निर्देशिका ८,** भक्तपुर : पाठ्यक्रम विकास केन्द्र

अधिकारी, हेमाङ्गराज र केदार प्रसाद शर्मा (२०५८), **प्रारम्भिक नेपाली शिक्षण, काठमाण्डौं** : विार्यद्यार्थी पुस्तक भण्डार ।

आचार्य, रामजी (२०६३), **माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारीता सम्बन्धी अध्ययन,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर, काठमाडौँ ।

गौतम, रमनकुमार (२०६४), **प्राथमिक तह कक्षा ५ मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर, काठमाडौँ ।

परीक्षा नियन्त्रण कार्यालय (२०६१), **निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) को शिक्षक तालिम स्वअध्ययन सामग्री,** नेपाल सरकार शिक्षा मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), **आधारभूत शिक्षा पाठ्यक्रम, भक्तपुर** : पाठ्यक्रम विकास केन्द्र

पाठ्यक्रम विकास केन्द्र (२०६७), **हाम्रो नेपाली शिक्षक निर्देशिका कक्षा ८,** भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६०), **निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षक पुस्तिका,** सानोठिमी भक्तपुर ।

बन्धु, चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

भट्टराई, कल्पना (२०६९), **उदयपुर जिल्लाका निम्नमाध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर, काठमाडौं ।

भट्टराई, रमेश र अन्य (२०६३), **नेपाली भाषा शिक्षण : सक्षमतामा आधारित प्रा.वि., नि.मा.वि. तथा मा.वि. शिक्षक तालिम प्रशिक्षक निर्देशिका,** भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **भाषिक अनुसन्धान विधि, काठमाडौं,** पिनाकल पब्लिकेशन प्रा.लि. ।

लम्साल, रामचन्द्र र अन्य (२०६२), **भाषा पाठ्यक्रम तथा शिक्षण पद्धति काठमाडौं :** भुँडीपूराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०५८), **नेपाली भाषा शिक्षण परिचय, काठमाडौं** : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६३), **नेपाली भाषा शिक्षण प्रशिक्षक निर्देशिका,** नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय ।